# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमी (Background of the Study)

Agriculture शब्द ल्याटिन भाषाबाट आएको हो । यसको नेपाली रुपान्तरण कृषि हुन्छ । Ager र Culture दुईवटा शब्दको समिश्रणबाट Agriculture शब्दको विकास भएको हो । यसको तात्पर्य खेतबारीमा खनजोत गर्नु, बोटविरुवा रोप्नु, खाद्यान्न उत्पादन गर्नु भन्ने बुझिन्छ र मानिसले गर्ने पशुपालन व्यवसाय पनि कृषिभित्रै पर्दछ (शिवाकोटी र श्रेष्ठ, २०७०) ।

नेपालको कृषि परम्परागत उत्पादन प्रणालीमा आधारित छ । उत्पादित वस्तुहरुको भण्डार, मूल्य निर्धारण, उत्पादित वस्तुहरु बजारसम्म लैजान यातायात, खेती लगाउनका लागि औजार, बीउ, मल, औषधी जस्ता समस्याहरु कृषि क्षेत्रमा छन् तर यो क्षेत्र राष्ट्रिय आयका लागि, रोजगारका लागि, अन्य क्षेत्रहरुभन्दा उच्च स्थानमा रहेको छ । नेपालको कृषि प्रणाली जीविकोपार्जनमुखीबाट क्रमिक रुपमा व्यवसायीकरणतर्फ रुपान्तरण हुँदै गएतापनि यसको उत्पादनलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा परिचित गराउँदै आयात प्रतिस्थापन र निर्यात प्रर्वद्धन गर्नु आवश्यक छ । कृषि उत्पादनले उचित मूल्य प्राप्त गर्न कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउनुपर्छ र त्यसका लागि उत्पादनोपरान्त प्रविधिको आवश्यकता पर्दछ (दाहाल र पौडेल, २०७०) ।

प्राकृतिक रुपले भरिपुर्ण हिमाल, पहाड र तराईका मनोरम दृश्यले सजिएको एउटा सुन्दर देश नेपालमा अधिकांश मानिसहरु कृषि पेशामा नै संलग्न रहेको पाइन्छ । नेपाली अर्थतन्त्रमा कृषि क्षेत्रको उल्लेखनीय योगदान रहेको छ । कुल गार्हस्थ्य उत्पादनको झण्डै एक तिहाई हिस्सा कृषि क्षेत्रले ओगटेको छ भने लगभग दुई तिहाइ जनसंख्या कृषि पेशामा आश्रित रहेका छन् । आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३२.१२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७२/७३ मा आधारभूत मूल्यमा कृषि क्षेत्रको वार्षिक वृद्धिदर १.१४ प्रतिशत हुने अनुमान गरिएको छ । कृषि क्षेत्रलाई व्यवसायिकरण तथा विविधीकरण गरी प्रतिष्पर्धी एवं तुलनात्मक लाभ लिन सक्षम बनाउनु आवश्यक छ । कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी बहुसंख्यक कृषक समुदायको जीवनस्तरमा सकारात्मक सुधार ल्याउन कृषि विकासका कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

खाद्यान्न बालीहरु धान, मकै, गहुँ र आलुमा वैज्ञानिक खेतीको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी नेपालको खाद्य सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ । (अर्थमन्त्रालय, २०७२) ।

देशको कुल गार्हस्थ उत्पादनको एक तिहाईभन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जीविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट छ । नेपालको अन्तरिम संविधान २०६३ ले खाद्य संप्रभुतालाई मौलिक हकभित्र राखि राज्यले किसानलाई प्रोत्साहित गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सृजना गरी कृषिलाई उद्योगको  रुपमा विकास गर्नेछ भन्ने नीतिमा उल्लेख भएबाट यस क्षेत्रको महत्त्व अझै उजागर भएको छ (राष्ट्रिय योजना आयोग, २०७१) ।

नेपालमा कृषिमा आधारित भएर घरेलु तथा ठूला उद्योगहरु संचालनमा रहेका भएतापनि विशेष गरी घरेलु उद्योगले नै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । तर पनि कृषिमा आधारित उद्योगहरुको विकासका लागि स्रोतसाधनको अभाव, यातायातको कमी, बजार सुविधाको अभाव, संचारको अभाव, प्रविधि, व्यवस्थापन, पूँजी लगानी तथा उपयुक्त नीतिको अभाव जस्ता समस्याहरु वर्तमान समयमा विधमान रहेको पाईन्छ । यस्ता समस्याका कारणले गर्दा कृषि उद्योगहरुको सन्तोषजनक विकास हुन नसकेको देखिन्छ (घिमिरे र कार्की, २०६८) ।

कृषि पेशा अर्न्तगत, विभिन्न प्रकारका खेती प्रणाली, पशुपालन जस्तै गाई, भैँसीपालन, भेडा/बाख्रा पालन, बंगुरपालन, कुखुरापालन आदि व्यवसायहरु पर्दछन् । कुखुरापालन व्यवसायले स्वयं व्यक्ति र देशको अर्थतन्त्रमा ठूलो भूमिका खेलेको छ । झण्डै १४ करोड वर्ष पहिले घस्रेर हिड्ने प्राणी (रेप्टाईल्स) बाट चरा जातको विकास भएको पाइन्छ । समयको परिवर्तन सँगै जंगली कुखुराहरु (लुइचे) लाई क्रमशः मानिसहरुले पाल्न थाले, हाल आएर कतिपय देशको निम्ति कुखुरापालन व्यवसाय देशको अर्थतन्त्रको आधार बन्न पुगेको छ (कायस्थ, २०६८) ।

नेपालमा कुखुरापालन व्यवसायको विकास वि.सं. २०१० भन्दा अगाडी परम्परागत रुपमा स्थानिय जातका कुखुराहरुको मात्र व्यवस्थापन गरेको थियो भने यस व्यवसायलाई थप पारदर्शि र व्यवसायिक बनाउन वि.सं. २०१४ मा ब्लाक मिनोर्का, रेड आइलैण्ड र ह्वाईट लेगहन जातका कुखुरा आयात गरी यो व्यवसायलाई थप विकास गरेको थियो । अर्को तर्फ

२०१७ सालमा परवानीपुर, बारामा अमेरिकी सहयोगबाट सेन्ट्रल ह्याचरी स्थापना भई १७०० गोटा न्यू हेम्पसायर जातका चल्लाहरु आयत गरी चल्ला उत्पादन गरेको र चल्लामा भाले पोथी छुट्याउने प्रविधीको प्रयोग गरेर उत्पादित चल्ला बिक्री वितरणको लागि काठमाडौं उपत्यकामा समेत पठाउने गरेको थियो । वि.सं. २०१९ सालमा रत्न फिड इण्डष्ट्रि (तत्कालिन फिड सप्लाई हाउस) ले निजी क्षेत्रबाट सर्वप्रथम भारतबाट उन्नत जातका चल्लाहरु आयात गरेको थियो भने सोही समयमा रत्न फिड, कान्तिपुर पोल्ट्री फार्म र जोशी पोल्ट्री फार्मले ब्रोइलर र लेयर्स चल्लाहरु विदेशबाट आयात गरी वितरण गरेको थियो । यसरी कुखुरा पालन व्यवसायको विकास सँगै कुखुराको आहारा परिपूर्ति गर्नको लागि वि.सं. २०२८ सालमा हेटौंडामा कयाटल फिड प्लान्ट स्थापना भई कुखुराको दाना उत्पादन गरी यसलाई थप सहयोग पुऱ्याएको देखिन्छ (कायस्थ, २०६८) ।

ब्रोइलर पालन मुख्य गरी मासुको लागि प्रयोग गरिन्छ । ब्रोइलर कुखुराको शारीरिक वृद्धि असाध्यै छिटो हुने भएकाले यसलाई २ महिना सम्म पालेर १.५ देखि २.५ के.जी. सम्मको बनाएर बेचिन्छ । यस्तो उमेरको ब्रोइलर कुखुराको मासु नरम र कलिलो हुन्छ । यिनिहरुको शरीर पुर्ण रुपले प्वाँखहरुले ढाकिएको हुन्छ । सबै कुखुराहरु एकैनासको देखिने र सँधै भरी हेरौं हेरौं लाग्ने भएकाले कुखुरा पालन व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई कुखुरा पालनको कार्य गर्दा हौसला बढेको देखिन्छ । अर्कोतर्फ विशेष गरी कुखुरा पालन गरेपछि आर्थिक तथा प्राविधिक दृष्टिकोणले निकै सफल रहेको देखिन्छ । राष्ट्रिय स्तरमा नै छिटो बढ्ने जातका कुखुराका चल्लाहरुको उत्पादन बढाउन ठाउँ ठाउँमा ह्याचरीको स्थापना सरकारी स्तरबाट हुनुपर्ने देखिन्छ । जसले गर्दा देशमा बढिरहेको शिक्षित, अर्धशिक्षित तथा अशिक्षित बेरोजगार युवाहरुलाई राम्रो अवसर हुने छ । समाजका पिछडिएका वर्गको उत्थान तथा जनावरबाट प्राप्त हुने प्रोटिनले गर्भिणी महिला र नवजात शिशुको स्वास्थ्यमा अनुकुल प्रभाव पार्दछ भन्ने कुरामा दुई मत छैन । वि.सं. २०४८ मा नेपाल कृषि अनुसन्धन परिषद् र त्यस अर्न्तगत बंगुर तथा कुखुरा अनुसन्धान कार्यक्रम र पशु स्वस्थ्य अनुसन्धान महाशाखाको स्थापना भई कुखुरा सम्बन्धी अनुसन्धानमा जोड दिएको थियो भने वि.सं.२०५५ सालमा पशु स्वस्थ्य तथा पशु सेवा ऐन २०५५ र नियमावली २०५६ लागू भएकोले कुखुरा पालन व्यवसायलाई बढि व्यवस्थित गर्न सघाउ पुगेको छ । अर्को तर्फ कुखुराको बजार विकास तथा प्रर्वद्धनमा सहयोग पुऱ्याउने उद्देश्यले पशुपंछी बजार प्रर्वद्धन

निर्देशनालयको स्थापना समेत भएकोले कुखुराको बजार विकास तथा प्रर्वद्धनमा थप सहयोग भइरहेको छ (कायस्थ, २०६८) ।

तेह्रौ योजनामा तरकारी खेती, मत्स्यपालन, पशुपालन, डेरी, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरुलाई आकर्षित गर्ने उद्देश्यले युवालक्षित कार्यक्रम संचालन गरी व्यवसाय संचालनमा लागत सहभागिताको आधारमा अनुदान कार्यक्रम संचालन गरीनेछ । यसका अतिरिक्त व्यवसायिक कीट विकास कार्यक्रम मार्फत मौरीपालन र च्याउखेती प्रर्वद्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ भनि उल्लेख गरिएको छ (राष्ट्रिय योजना आयोग, २०७१) ।

चालु आ.व. २०७२/७३ मा कुल मासु उत्पादन गत वर्षको तुलनामा ३ प्रतिशतले वृद्धि भई ३ लाख ९ हजार मेट्रिक टन हुने अनुमान छ । कुल मासु उत्पादनमध्ये राँगाभैसीबाट करिब १ लाख ७४ हजार मेट्रिक टन, भैँडाबाट २ हजार ६ सय ५९ मेट्रिक टन, खसी बोकाबाट ६३ हजार ६४३ मेट्रिक टन, बंगुरबाट २१ हजार १ सय ६१ मेट्रिक टन, कुखुराबाट ४८ हजार २ सय ८० मेट्रिक टन र हाँसबाट २ सय ३७ मेट्रिक टन मासु उत्पादन हुने अनुमान छ (अर्थमन्त्रालय, २०७२) ।

लागत लाभ विश्लेषण परियोजना लेखाजोखा वा परियोजनाको वाञ्छनीयता विश्लेषण गर्नका लागि प्रयोग हुने एउटा महत्त्वपूर्ण साधन हो । परियोजनामा लगानी गर्नुपूर्व यसको लागत लाभ विश्लेषण गरिने भएकाले यो एउटा (ex-ante) निर्णय प्रक्रिया हो । लागत लाभ विश्लेषण योजनाको एउटा त्यस्तो साधन हो जसले परियोजनाबाट प्राप्त लाभ र परियोजना संचालन गर्न लाग्ने लागतका आधारमा परियोजनाको सामाजिक वाञ्छनीयता सम्बन्धि विवेकपूर्ण निर्णय गर्दछ (भट्ट, दाहाल र अधिकारी, २०६९) ।

### १.२ समस्याको कथन (Statement of the Problem)

नेपालमा अर्थतन्त्रको मेरुदण्डको रुपमा कृषि क्षेत्रलाई मानिएको छ । नेपालको सम्पुर्ण आवधिक योजनामा कृषि क्षेत्रलाई प्राथामिकताको क्षेत्रमा राखेको पाइन्छ । तर धेरै प्रयास गरिएतापनि कृषि क्षेत्रको समग्र अवस्था सन्तोषजनक पाइँदैन । जमिनको प्रतिएकाइ उत्पादकत्व धेरै कम छ र देशको धेरैजसो भागमा अहिले पनि एक खाद्यबाली प्रणाली कायम नै रहेको छ । कृषि नेपालको अर्थतन्त्रको आधारशिला भएतापनि कृषिबाट वाञ्छित उपलब्धि प्राप्त गर्न सकिरहेको छैन । कृषिलाई जीवन निर्वाहको रुपमा मात्र लिइएको छ ।

देशका धेरैजसो कृषकहरुमा कृषि शिक्षा, ज्ञान, सीप, आयस्रोतको कमीको कारण आधुनिक तथा उन्नत प्रविधिद्धारा उत्पादन गर्न सकिरहेका छैनन् । जसले गर्दा कृषकहरु गरीब, बेरोजगार र अशिक्षामा जीवन बिताइरहेका छन् ।

नेपालका अधिकांश जनता कृषिलाई आफ्नो जीवन निर्वाहको प्रमुख आधार मान्ने गर्दछन् । तसर्थ कृषिसँग सम्बन्धित विभिन्न किसिमका उद्योगहरु यहाँ संचालन हुने गरेको पाइन्छ । नेपालमा खाद्यान्न, नगदेबाली, दालबाली, पशुपालन आदिका उत्पादन स्रोतमा आधारित थुप्रै कृषिजन्य उद्योग स्थापना भएका छन् । त्यस्ता उद्योगहरु कतिपय सरकारी क्षेत्रबाट संचालित छन भने कतिपय निजी क्षेत्रको स्वामित्वमा रहेका छन् । यस्ता उद्योगले ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरु उपलब्ध गराउनुका साथै समग्र अर्थतन्त्रमा ठूलो महत्त्व राख्दछन । यस्ता उद्योगले अर्थतन्त्रमा कस्तो योगदान गर्न सक्दछन भन्ने कुरा रोजगारी, आम्दानी, स्थानीय वस्तुको उपयोगको अवसर आदिको आधारमा सहजै अनुमान गर्न सकिन्छ । यस्ता विभिन्न उद्योगले के कति योगदान गर्न सक्दछन भन्ने कुरा औद्योगिक वातावरण, जनशक्तिको अवस्था, बजारको आकार आदिजस्ता विविध कुराले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको हुन्छ ।

नेपालमा प्रमुख कृषिजन्य उद्योगमा वनस्पति घ्यू, तोरीको तेल, भटमासको तेल, दुग्ध प्रशोधन, चामल तथा गहुँको पिठो उत्पादन, पशुपालन, कुखुरापालन, पशुदाना, विस्कुट, चिनी, चाउचाउ, चिया, चुरोट, च्याउ आदि पर्छन् । तर कृषि उद्योगमा गरिने लगानी र त्यसको प्रतिफलको विश्लेषण गर्ने कार्य त्यति सरल छैन । किनकी कृषिजन्य उद्योगमा कसले कति लगानी गर्ने र त्यसबाट कति लाभ प्राप्त हुन्छ भन्ने कुराको सहज अनुमान गर्न सकिदैन, जसका लागि लागत लाभ विश्लेषण गर्नु एउटा मुख्य समस्याको रुपमा रहेको छ । कृषि उद्योगमा लगानी गर्नका लागि विभिन्न किसिमका पहलहरु गरिएता पनि त्यसबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको देखिन्छ ।

नेपालमा घरेलु तथा साना उद्योग, मझौला उद्योग, ठूला उद्योगहरु प्रशस्त मात्रामा रहेका भएता पनि तिनीहरुबाट प्राप्त हुने उपलब्धिमा विविधता पाइन्छ । कृषिजन्य उद्योगबाट प्राप्त हुने उपलब्धि मझौला तथा ठूला उद्योगका तुलनामा कम देखिन्छ । दिनप्रतिदिन बढ्दै गईरहेको दुध तथा मासुको मागलाई स्वदेशी उत्पादनले धान्न नसकेको अवस्थामा पशुपालन तथा कुखुरापालन व्यवसायलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ । दैनिक रुपमा वाह्य देशबाट आयात हुने दुध तथा मासुको आयातलाई कम गर्न देशमा पशुपालन तथा

कुखुरापालन व्यवसायलाई दिनप्रतिदिन व्यवसायिकरण तथा आधुनिकीकरण गर्नु आवश्यक देखिन्छ । त्यसका लागि कृषिजन्य उद्योगको लागत लाभ विश्लेषण  गरी बेरोजगार भई विदेशिने युवाहरुलाई स्वदेशमा नै व्यवसाय गर्न प्रेरित गर्नुपर्ने देखिन्छ । दैनिक रुपमा आयात हुने विदेशी आयातलाई न्यूनिकरण गरी देशको बढ्दो व्यापार घाटालाई न्यून गर्नुपर्ने आजको आवश्यकता हो ।

नेपाल एक ग्रामिण क्षेत्रले भरिएको कृषिप्रधान देश हो । यहाँका अधिकांश मानिसहरु कृषि व्यवसायका विभिन्न पक्षहरुमा संलग्न रहेका छन् । जुन अल्प र अदृश्य वेरोजगारीको रुपमा जीवन व्यतित गरिरहेका छन् भने अर्कोतर्फ न्यून आर्थिक विकास, न्यून प्रतिव्यक्ति आय, औधोगिक क्षेत्रको विकासमा कमी, सैद्धान्तिक शिक्षा पद्दति जस्ता कारणले शिक्षा प्राप्त गरेका व्यक्तिहरु पनि दिन प्रतिदिन बेरोजगारी भइरहेका छन् । वर्तमान समयमा शिक्षित ज्ञान प्राप्त गरेका उच्च स्तरका उच्च शिक्षा हासिल गरेका व्यक्तिहरु कृषिका विभिन्न व्यवसायमा संलग्न रहेको पाइन्छ । देशमा उचित रोजगारीको अभावमा पनि यस्ता विभिन्न व्यवसायमध्ये धेरै मानिसहरु कुखुरापालन व्यवसायमा संलग्न रहेको देखिन्छ । जसले उनीहरुको आर्थिक अवस्थामा समेत उल्लेख्य योगदान पुऱ्याएको छ (Sapkota, 2002)।

कुखुरापालन व्यवसाय एक महत्त्वपुर्ण रोजगार प्रदान गर्ने व्यवसायको रुपमा वर्तमान समयमा देखा परेको छ भने मानिसको जीवनस्तर वृद्धि गर्नुका साथै देशको आर्थिक विकासमा समेत उल्लेख्य योगदान पुऱ्याउँदै आएको छ । कुखुरापालन व्यवसायमा आर्कषण बढेको छ तर यसमा चल्ला नपाउने, रोग लागेर मर्ने, सहज रुपमा ऋण प्राप्त नहुने र बजार नहुने कारण यस व्यवसायले राम्रो फाइदा लिन सकेको छैन । त्यस्तै गरी यो व्यवसाय संचालनका गर्नका लागि यसको लागत लाभ विश्लेषण गरी बढीभन्दा बढी मानिसलाई यो व्यवसायमा आवद्ध गराउन सकिने देखिन्छ । त्यस्तै यस व्यवसायमा देखिएका समस्याहरुलाई न्यून गर्न सकेको खण्डमा उत्पादन वृद्धि हुन गई कृषक व्यवसायी तथा समग्र राष्ट्रको आर्थिक विकासमा उल्लेखित योगदान पुग्ने देखिन्छ ।

यस अध्ययनमा वर्तमान समयमा लोकप्रिय बन्दै गएको कुखुरापालन व्यवसायको वर्तमान अवस्था पहिचान गर्नु, फर्मको लागत लाभ विश्लेषण गर्नु र कुखुरापालन व्यववसायले पारिवारिक शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु यस अध्ययनको मुख्य विषयवस्तु रहेको छ । जसले गर्दा कृषि व्यवसाय गर्ने चाहना हुने व्यक्तिलाई निर्णय गर्न सहयोग पुग्नेछ । यस अध्ययनमा अनुसन्धानसँग सम्बन्धित निम्न समस्याहरुको उत्तर खोजिने प्रयास गरिएको छ ।

## १.३ अध्ययनको महत्त्व (Importance of the Study)

हाम्रो देशको अधिकांश भाग ग्रामिण क्षेत्र रहेको र त्यहाँको जनताको जीवनस्तर उकास्न कृषि क्षेत्रको विकास आजको अपरिहार्य आवश्यकता बनेको छ । दिगो अर्थिक विकास, बहुसंख्यक नेपालीको आय र रोजगारीको आधारस्तम्भ भएकोले सबै आवधिक योजनामा कृषिलाई प्राथमिकतामा नै राखेको पाइन्छ । नेपालमा कुखुरापालन व्यवसायको शुरुवात भएको लामो समय बितिसक्दा पनि यस सम्बन्धि अध्ययन, अनुसन्धान, प्रचार प्रसार तथा विकासमा अपेक्षाकृत सफलता पाउन अझ धेरै काम गर्न बाँकी छ । उपलब्ध साधन र स्रोतको समुचित प्रयोग गरि अझ उपयुक्त प्रविधिको विकास गरी कुखुरापालन व्यवसायी कृषक समुदायमा हस्तान्तरण गर्न सकेमा केही वर्षमा नै कुखुरा उत्पादनले नेपालको बढ्दो जनसंख्यालाई पुग्ने मासुको मागलाई पूरा गर्न सक्ने कुरामा विश्वास गर्न सकिन्छ । नेपालमा वर्षेनी हजारौं मेट्रिक टन मासु छिमेकी मुलुकबाट आयत गरिन्छ । यसबाट के प्रष्ट हुन्छ भने नेपालमा मासुको माग अनुसार उत्पादन हुन सकेको छैन । तसर्थ कुखुरापालन व्यवसायमा किसानहरुको तथा वर्षेनी विदेशिने युवाहरुको समयमा नै ध्यानाकर्षण गर्न जरुरी छ ।

नेपालमा दिनप्रतिदिन बढ्दै गएको मासुको मागलाई पूरा गर्नको निम्ति यस्ता व्यवसायलाई विकास, विस्तार र प्रर्वद्धन गर्न सकेको खण्डमा देशमा रोजगारीका अवसरहरुको सिर्जना तथा स्वरोजगारको वातावरण सिर्जना भई आम्दानीमा वृद्धि हुने देखिन्छ । तसर्थ कुखुरापालन अझ बढी व्यवसायीकरण गरि रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरण गर्ने कार्यमा सम्बद्ध पक्षको ध्यान जान सकोस भन्ने हेतुले यो शीर्षक चयन गरिएको छ ।

यस अध्ययनमा अध्ययन गरिएको फर्मको वर्तमान अवस्था, लागत, आय, लाभ तथा कुखुरापालन व्यवसायले पारिवारिक शिक्षामा पारेको प्रभावको विश्लेषण गरिएको छ । यस अध्ययनले व्यवसायीलाई कुखुरापालन व्यवसायको लागत, आय, लाभको बारेमा जानकारी प्रदान गरी यस व्यवसायमा देखिएका समस्या र समाधानका उपायहरु आदिका बारेमा जानकारी प्रदान गरि सहयोग पुऱ्याउने छ ।

यस अध्ययनले काठमाडौँ जिल्ला तथा कीर्तिपुर नगरपालिकाको भौगोलिक स्वरुप, हावापानी, जनसंख्या, शैक्षिक स्थिती, पुर्वाधारको अवस्था आदिका बारेमा पनि समेत अध्ययन गर्ने भएकोले यो अध्ययनले अध्ययन क्षेत्रलाई थप परिचित गराउन समेत सहयोग पुऱ्याउने

विश्वास लिएको छु । साथै यस अध्ययनले कुखुरापालन व्यवसाय गर्न इच्छुक व्यक्तिलाई, सरकारी निकायका नीति निर्माणकर्तालाई साथै यस क्षेत्रका थप अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई आधार प्रदान गर्दछ । नेपालको समग्र विकासको लागि कृषिजन्य उद्योगलाई अझ सशक्त बनाई बढीभन्दा बढी लाभ उठाउन विश्लेषणात्मक अध्ययन गर्नु नै यस अध्ययनको महत्त्व रहेको छ । समग्रमा यस अध्ययनको महत्त्व लाई निम्न बुँदाहरु मार्फत समेत प्रष्ट्याउन सकिन्छ :

१. यस अध्ययनले कुखुरापालन व्यवसाय गर्न इच्छुक व्यक्तिहरुलाई मुख्य आधार प्रदान गर्नेछ ।

२. कृषिजन्य उद्योगअर्न्तगत कुखुरापालन व्यवसायसँग सम्वन्धित नीति निर्माणकर्तालाई महत्त्वपुर्ण नीतिहरु निर्माण गर्नका लागि यस अध्ययनले सहयोग गर्नेछ ।

३. कृषिजन्य उद्योगअर्न्तगत कुखुरापालन व्यवसायसँग सम्वन्धित लगानीकर्तालाई लागत लाभ विश्लेषणका आधारमा व्यवसायिक निर्णय लिन सहायता प्राप्त हुनेछ ।

४. यस अध्ययनले कुखुरापालनबारे जानकारी लिन चाहने सम्पूर्ण सरोकारवाला पक्षहरुलाई आधार प्रदान गर्दछ ।

५. यस अध्ययनले अर्थशास्त्र शिक्षा विभागलाई शैक्षिक सामग्रीको रुपमा सहयोग प्रदान गर्दछ ।

६. यस अध्ययनले कुखुरापालन व्यवसायसम्बन्धि अनुसन्धान गर्न चाहने नयाँ शोधकर्तालाई आधार प्रदान गर्दछ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य कृषिजन्य उद्योगको लागतलाभ विश्लेषण गर्नु हो भने साधारण उद्देश्य परिपूर्ति गर्न यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. कुखुरापालन व्यवसायको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२. कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु ।

३. कुखुरापालन व्यवसायले पारिवारिक शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु ।

### १.५ अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनमा काठमाँडौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ सल्यानथान स्थित रमेश पोल्ट्री फार्मको लागत लाभ कस्तो छ भनि अध्ययन गर्न निम्न  अनुसन्धनात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. कुखुरापालन व्यवसायको वर्तमान अवस्था कस्तो छ ?

२. के कुखुरापालन व्यवसायको लागतको अवस्था न्यून छ ?

३. के कुखुरापालन व्यवसायको प्रतिफल उच्च छ ?

४. के कुखुरापालन व्यवसायको लागत लाभ अनुपात उच्च छ ?

५. कुखुरापालन व्यवसायबाट प्राप्त आम्दानीलाई कुन कुन क्षेत्रमा लगानी गरिएको छ ?

६. के कुखुरापालन व्यवसायबाट प्राप्त लाभबाट शिक्षामा गरेको लगानी उच्च छ ?

७. के कुखुरापालन व्यवसायले शिक्षमा सकारात्मक प्रभाव पारेको छ ?

८. कुखुरापालन व्यवसायमा देखिएका समस्याहरु के-के छन् ?

९. कुखुरापालन व्यवसायमा देखिएका समस्याका समाधानका उपायहरु के-के रहेका छन् ?

### १.६ अध्ययनको परिसीमाहरु (Delimitation of the Study)

यस अध्ययनलाई प्रभावकारी, यथार्थपरक, औचित्यपूर्ण र उपयोगी बनाउन तथा समय र अर्थ लागतका सीमितताको कारण निश्चित सीमाभित्र बाँधिएको छ । यस अध्ययनलाई निम्नानुसार सीमाबद्ध गरिएको छ :

१. यो अध्ययन काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ सल्यानथान स्थित रमेश पोल्ट्री फार्ममा सीमित रहेको छ ।

२. यस अध्ययनमा कुखुरापालन व्यवसाय भनेर काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ सल्यानथान स्थित रमेश पोल्ट्री फार्मलाई मात्र मानिएको छ ।

३. यो अध्ययन काठमाँडौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ सल्यानथान स्थित रमेश पोल्ट्री फार्मको कुखुरापालनको लागत लाभको तुलनात्मक विश्लेषणमा मात्र सीमित रहेको छ ।

४. यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त जानकारी मात्र समेटिएको छ ।

५. यस अध्ययनमा पोल्ट्री फार्मसँग सम्बन्धित व्यक्तिहरुबाट प्राप्त जानकारी मात्र समावेश गरिएको छ ।

६. यस अध्ययनमा दुई वर्ष (२०७२१ र २०७२ साल) को मात्र लागत लाभलाई हेरिएको छ ।

७. यस अध्ययनमा तथ्याङ्क संकलनका लागि प्रश्नावली, अवलोकन, अर्न्तवार्ताजस्ता साधनहरुको प्रयोग गरिएको छ ।

८. प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षलाई सम्पूर्ण देशको सन्दर्भमा सामान्यीकरण गर्न सकिनेछैन ।

## १.७ मुख्य शब्दावलीको कार्यकारी परिभाषा (Operational Definition of Main Key Terms)

**कृषि -** खेतीपाती र पशुपालन सम्बन्धि गरिने व्यवसाय ।

**व्यवसाय -** जीविकोपार्जन वा आम्दानीको लागि गरिने काम ।

**लागत** - कुनै पनि वस्तु तथा सेवा उत्पादन गर्दा लाग्ने खर्च ।

**आय** - उत्पादित वस्तु बजार मूल्यमा विक्री गरी प्राप्त रकम ।

**लाभ -** वस्तु तथा सेवा विक्री गरी प्राप्त गरेको आय र उत्पादन गर्दा लागेको लागतको फरक ।

**पोल्ट्री फर्म** - कुखुरापालन व्यवसाय ।

**जनसंख्या -** अनुसन्धानकर्ताले अनुसन्धानका लागि छनौट गरिएका सम्पूर्ण मानिस वा वस्तुहरुको समूह ।

**नमूना छनौट -** अनुसन्धानकर्ताले ठूलो जनसंख्याबाट छनौट गरिएको प्रतिनिधिमुलक समूहबाट केही एकाईहरु छनोट गर्ने प्रक्रिया ।

**अन्तरवार्ता -** निश्चित विषय वस्तुमा आधारित रहेर दुई वा दुई भन्दा बढी व्यक्तिहरु बीच आमने सामने बसेर गरिने कुराकानी ।

**प्रत्यक्ष अवलोकन -** अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई गरिएको अवलोकन ।

**बर्ड फ्लू -** पंक्षीमा लाग्ने घातक रोग ।

**अल्पकाल -** उत्पादनका सबै साधनहरुलाई परिवर्तन गर्न नसकिने अवधि ।

**दीर्घकाल -** उत्पादनका सम्पूर्ण साधन परिवर्तन गर्न सकिने अवधि ।

**स्थिर लागत -** उत्पादनका स्थिर साधनहरु माथि गरिने खर्च ।

**परिवर्तनशील लागत -** उत्पादनका परिवर्तनशील साधनहरु माति गरिने खर्च ।

**कुल लागत -** कुल स्थिर लागत र कुल परिवर्तनशील लागतको योगफल ।

**पूँजीको सीमान्त क्षमता -** लगानी गरिएको पूँजीको प्रतिफल दर

**पूर्ति मूल्य -** कुनै पनि वस्तु, साधन खरिद गर्दा वा उत्पादन गर्दा लाग्ने मूल्य

**प्रचलित -** वर्तमान समयमा विद्यमान रहेको

**ह्याचरी -** कुखुराका चल्ला, दाना, तथा कुखुरा उत्पादन, खरिद विक्री गर्ने केन्द्र

## १.८ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई ५ अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्त्व, अध्ययनको उद्देश्य, अनुसन्धान प्रश्नहरु, अध्ययनको परिसीमा, मुख्य शब्दावलीको कार्यकारी परिभाषा र संगठनलाई समावेश गरिएको छ । अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा रहेको छ, जसमा सैद्धान्तिक साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, पुनरावलोकन गरिएको साहित्यको प्रयोग, अनुसन्धान अन्तर, अवधारणात्मक ढाँचा, कार्यात्मक ढाँचालाई प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रियाहरु उल्लेख गरिएको छ जसमा अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत (प्राथामिक र द्धितीय), जनसंख्या, नमुनाको आकार, नमुनाको रणनीति, अध्ययन गरिएको क्षेत्रको परिचय, तथ्याङ्क संकलनको साधन (प्रश्नावली, अवलोकन सूची, छलफल निर्देशिका), तथ्याङ्क संकलनका प्रविधि, तथ्याङ्कको विश्लेषण र नीतिगत प्रावधानहरुलाई प्रस्तुत गरिएको छ । अध्याय चारमा तथ्याङ्कको विश्लेषण, प्रस्तुतिकरण र साराशं समावेश गरिएको छ भने अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरु राखिएको छ । अन्त्यमा अनुसूची तथा सन्दर्भसूचीहरु राखिएको छ ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)

यस अध्ययनमा शीर्षक सँग सम्बन्धित विभिन्न पाठ्यपुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरुको पुनरावलोकन गरिएको छ । यो प्रस्तावना तयार गर्दा पुनरावलोकन गरिएका अभिलेखहरुलाई विश्लेषणात्मक रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of Theoritical Literature)

यस अनुसन्धानलाई पुर्णता प्रदान गर्नको लागि अध्ययनसँग सम्बन्धित निम्नानुसारका सैद्धान्तिक साहित्यको पुनरावलोकन गरिएको छ ।

शिवाकोटी र पौडेल (२०६७) का अनुसार लागतलाई विभिन्न अवधारणाका आधारमा प्रस्तुत गर्न सकिन्छ । कुनै पनि उत्पादन गर्दा जे जति मात्रामा खर्च लाग्दछ, त्यसलाई नै लागत भनिन्छ । लागतका सम्बन्धमा मुख्य रुपमा दुई सिन्द्धान्तको विकास भएको पाइन्छ । ती हुन : लागतको परम्परागत सिद्धान्त र आधुनिक सिद्धान्त । परम्परागत लागत सिद्धान्तले लागतलाई अल्पकालिन लागत र दीर्घकालिन लागत गरी दुई भागमा बाँडेको छ । अल्पकाल भनेको छोटो समय अवधि हो । यसमा उत्पादनका सबै साधनलाई परिवर्तन गर्न सकिँदैन । त्यसैले केही साधन स्थिर हुन्छन्, तर दीर्घकाल भनेको लामो समयावधि हो, यसमा उत्पादनका सबै साधनलाई परिवर्तन गर्न सकिन्छ । परम्परागत सिद्धान्तअनुसार लागतलाई अल्पकाल र दीर्घकाल गरी दुई भागमा विभाजन गर्न सकिन्छ । अल्पकालमा सबै साधनलाई परिवर्तन गर्न नसकिने हुँदा केही साधनहरु परिवर्तनशील र केही साधन स्थिर हुन्छन् । छोटो अवधिमा कलकारखाना वा उद्योग, भवन, भूमिलाई विस्तार गर्न सकिँदैन । श्रमिकलाई नयाँ नयाँ तालिम दिएर दक्ष बनाउन सकिँदैन त्यसैले मेशिन, उद्योगको अस्थायी कर्मचारीको ज्याला खर्च, मेशिन मर्मत सम्भार खर्च आदि परिवर्तनशील लागत हुन । अल्पकालका लागतलाई तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । कुनै पनि वस्तुको उत्पादन गर्दा लाग्ने सम्पूर्ण खर्चलाई कुल लागत भनिन्छ । अर्थात अल्पकालमा स्थिर साधनहरुमाथि गरिएको खर्च वा लागत र परिवर्तनशील साधनमाथि गरिएको खर्च वा लागतको योगफल नै कुल लागत हो । अल्पकालमा स्थिर साधनहरु (भवन, जग्गा, स्थायी कर्मचारी) माथि

गरिने खर्च नै कुल स्थिर लागत हो । यो निश्चित हुन्छ, किनकी उत्पादन कार्य प्रारम्भ हुनुभन्दा अगाडिदेखि नै यो लागत लाग्ने गर्दछ । उत्पादनको प्रति एकाई परिमाणमा वृद्धि भएपनि स्थिर लागतमा त्यसले कुनै असर गर्दैन । कुल स्थिर लागतभित्र जग्गा, भवन निर्माणमा गरिएको खर्च, मेशिन खरिद खर्च, स्थायी कर्मचारीको तलब र अन्य प्रशासनिक खर्चहरु पर्दछन् । तसर्थ कुल स्थिर लागत रेखा X अक्षसँग समानान्तर भएर जान्छ । अल्पकालमा परिवर्तनशील साधनहरुमा गरिने खर्च नै कुल परिवर्तनशील लागत हो । उत्पादन शुन्य हुँदा यो लागत लाग्दैन । जति उत्पादन बढाउँदै लग्यो त्यति नै यो लागत पनि बढ्दै जान्छ । पुन : जब उत्पादनम घट्दो दरमा वृद्धि हुन्छ र अन्त्यमा परिवर्तनशील लागत तिव्र गतिमा बढ्दै जान्छ । त्यसैले यो झण्डै उल्टो अंग्रेजी S अक्षर जस्तै देखिन्छ । यसमा ज्याला, कर, बिमा शुल्क र कच्चापदार्थ खरिद खर्च आदि पर्दछन । दीर्घकाल भनेको लामो समयअवधि हो । लामो समयअवधिमा उत्पादनका सम्पूर्ण साधनलाई परिवर्तन गरी उत्पादन कार्यमा लगाईने खर्चलाई दीर्घकालीन लागत भनिन्छ । दीर्घकालमा कुनै पनि लागत स्थिर हुँदैनन किनकी अल्पकालिन उत्पादनका स्थिर साधनलाई पनि दीर्घकालमा परिवर्तन गर्न सकिन्छ । अर्थात मेशिनहरु पनि थप गर्दै बढाउन सकिन्छ । भवन निर्माण वा तला बढाउँदै जान सकिन्छ, भूमि पनि अरु थप किन्न सकिन्छ । अल्पकालिन लागत र दीर्घकालीन लागचबिचको अन्तर स्थिर हुन्छ । दीर्घकालमा उत्पादकले आफ्नो उत्पादन वृद्धि गर्न योजना बनाउन सक्छ । अर्थात निश्चित समयका लागि योजना बनाएर उत्पादन बढाउन सक्छ । त्यसैले अल्पकालमा उत्पादन गर्दा लाग्ने न्यूनतम लागत देखाउने अल्पकालिन लागतहरुको विन्दुपथ नै दीर्घकालीन लागत हो । अल्पकालमा एउटा मात्र संयन्त्र हुन्छ तर दीर्घकालमा धेरै किसीमका संयन्त्रहरु हुन सक्छन् । प्रत्येक संयन्त्रको उत्पादन क्षमता फरकफरक हुन सक्छ । दीर्घकालीन उत्पादनमन प्रत्येक संयन्त्रको न्यूनतम लागतमा रहेर उत्पादन कार्यलाई निरन्तरता दिई संयन्त्र जडान गर्दै जान सकिन्छ । अत : दीर्घकालीन लागत वक्र भनेको अल्पकालिन लागत वक्रको जोड हो । अर्थात दीर्घकालीन कुल लागतलाई उत्पादनको कुल परिमाणले भाग गरेपछि औसत लागत पत्ता लाग्दछ । थप एक एकाई उत्पादन बढाउँदा कुल उत्पादनमा अतिरिक्त उत्पादन लागत देखापर्दछ, जसलाई सीमान्त लागत भनिन्छ । लागतको आधुनिक सिद्धान्त पनि अर्थशास्त्रीले परम्परावादीले झै लागतलाई अल्पकाल र दीर्घकाल गरी दुई भागमा बाँडेका छन । अल्पकाल भनेको वस्तु उत्पादनका लागि छोटो समय अवधि हो । अल्पकालिन लागतलाई औसत स्थिर लागत र

औसत परिवर्तशील लागत गरी दुई भागमा विभाजन गरी अध्ययन गरिन्छ । उत्पादनका अप्रत्यक्ष साधनहरु वा कर्मचारी संगठनहरुमा प्रयोग गरिने सम्पुर्ण साधनलाई औसत स्थिर लागत भनिन्छ । यस अर्न्तगत भवनहरु, मर्मत सम्भार गर्नका लागि लाग्ने खर्च, प्रशासनिक कर्मचारीको तलब भत्ता, ह्रासकट्टी खर्च, संयन्त्र वा मेशिन जडान गर्ने, जमिन वा भूमिको खर्च सबै पर्दछन । औसत परिवर्तनशील लागतभित्र पनि परम्परावादी सिद्धान्तमा झैँ उत्पादनसँगै परिवर्तन हुने प्रत्यक्ष साधनका खर्चहरु पर्दछन्, जसलाई उत्पादन बढाँउदा बढाउन र उत्पादन घटाउँदा घटाउन सकिन्छ । औसत कुल लागतको सन्दर्भमा परम्परावादी लागत सिद्धान्त र आधुनिक लागत सिद्धान्तबीच खासै फरक छैन । औसत कुल लागत भनेको अल्पकालको औसत परिवर्तनशील लागत र अल्पकाल कै औसत स्थिर लागतको योगफल हो । औसत स्थिर लागत परम्परावादी लागत सिद्धान्तमा जस्तो छ, त्यस्तै किसिमको आधुनिक लागत सिद्धान्तमा पनि हुन्छ तर अल्पकालिन औसत कुल लागत शुरुमा घट्दै क्रमश : औसत परिवर्तनशील लागतको संचय क्षमताको अन्तिम विन्दुसम्म पनि कायम रहन्छ ।

पौडेल र नेपाल, (२०७१) का अनुसार, कुनै पनि उद्योग वा फर्मले आफूले उत्पादन गरेका वस्तुलाई विभिन्न मूल्यमा बजारमा बिक्री वितरण गरी प्राप्त गरेको रकमलाई आम्दानी भनिन्छ । अर्थात कुनै पनि फर्मले आफ्नो उत्पादनलाई बिक्री गरेपछि प्राप्त हुने रकम नै आम्दानी हो । उपभोक्ताले कुनै पनि वस्तु आफ्नो लागि खरिद गर्दा लागेको खर्च नै उत्पादक वा फर्मको आम्दानी हो । त्यसैले उत्पादकको आम्दानी वक्र भन्नु नै उपभोक्ताको माग वक्र हुन्छ । आम्दानीलाई पनि विभिन्न प्रकारमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । चलनचल्तिको बजार मूल्यमा कुनै पनि फर्मले उत्पादन गरेका सम्पूर्ण वस्तुहरुलाई विक्री गरिसकेपछि प्राप्त हुने आम्दानी नै कुल आम्दानी हो । अर्थात बजारमा विक्री गरेको कुल परिमाणलाई वस्तुको बजार मूल्यले गुणन गर्दा प्राप्त हुने आम्दानीलाई नै कुल आम्दानी भनिन्छ । कुल आम्दानीलाई बजारमा विक्री गरिएको वस्तुको परिमाणले भाग गर्दा प्राप्त हुने आम्दानी वा वस्तुको प्रति एकाइ मूल्य नै औसत आम्दानी हो । उत्पादनको थप अतिरिक्त एकाई विक्री गर्दा प्राप्त हुने आम्दानीलाई सीमान्त आम्दानी भनिन्छ ।

दाहाल र पौडेल (२०७०) का अनुसार, कुनै व्यवसाय सञ्चालन गरेबापत व्यवसायीले गरेको खर्च वा लागत कटाई प्राप्त हुने प्रतिफललाई नाफा भनिन्छ । अर्को शब्दमा, उत्पादन कार्यमा गरेको कुल लगानी र उत्पादनबाट प्राप्त हुने कुल आयबीचको अन्तर लाई नै नाफा

भनिन्छ । उत्पादन कार्यमा प्रयोग हुने भूमि, श्रम र पूँजी पूर्वनिर्धारित हुन्छ । अर्थात कति भूमिको प्रयोग गर्ने, श्रम कति लगाउने र कति पूँजीको मात्रा प्रयोग गरी वस्तु उत्पादन गर्ने भन्ने पूर्व निर्धारित हुन्छ । त्यसकारण उत्पादनका साधनहरु कहिल्यै पनि ऋणात्मक हुँदैन । तर व्यवसाय सञ्चालन गर्दै नफा हुन्छ नै भन्न सकिँदैन । विभिन्न कारणहरुले नोक्सान हुन पनि सक्दछ । उत्पादन कार्यमा कुल उत्पादन लागत भुक्तान गरेपछि बाँकी रहेको रकमलाई कुल नाफा भनिन्छ । अर्थात कुल उत्पादन आयबाट कुल खर्च कटाउँदा जुन आय बाँकी रहन्छ त्यसलाई कुल नाफा भनिन्छ । यसरी कुल नाफा उत्पादित वस्तुको मूल्यबाट भूमिपतिलाई लगान, श्रमलाई ज्याला, पूँजीलाई व्याज, प्रबन्धकलाई तलब घटाइसकेपछि बाँकी हुन आएको रकम हो । कुल नाफाभित्र उद्यमीको लगान, ज्याला तथा व्याजको रकम, ह्रासकट्टी तथा सम्भार खर्च, एकाधिकारको नाफा, बिमा, आकस्मिक नाफालाई समावेश गरिन्छ । कुनै पनि उद्यमीले उत्पादन कर्यमा जोखिम उठाएवापत पाउने पुरस्कारलाई शुद्ध नाफा भनिन्छ । उद्यमीले प्राप्त गर्ने कुल नाफाबाट साहसीको निजी उत्पादनका साधनहरुको प्रतिफल, ह्रासकट्टी तथा सम्भार खर्च, एकाधिकारको नाफा, बिमा खर्च, आकस्मिक लाभ घटाइदियो भने शुद्ध नाफा प्राप्त हुन्छ । अतः उत्पादन कार्यमा हुने जोखिम उठाएवापत उद्यमीलाई प्राप्त हुने पुरस्कार नै शुद्ध नाफा हो ।

भट्ट, दहाल र अधिकारी (२०६९) का अनुसार लागत लाभ विश्लेषण परियोजना लेखाजोखा विश्लेषण गर्नका लागि प्रयोग हुने एउटा महत्त्वपूर्ण साधन हो । परियोजनामा लगानी गर्नुपूर्व लागत लाभ विश्लेषण गरिने भएकाले यो एउटा (ex-ante) निर्णय प्रक्रिया हो । लागत लाभ विश्लेषण योजनाको एउटा त्यस्तो साधन हो जसले परियोजनाबाट प्राप्त लाभ र परियोजना संचालन गर्न लाग्ने लागतका आधारमा परियोजनाको सामाजिक वाञ्छनीयता सम्बन्धि विवेकपूर्ण निर्णय गर्दछ । लागत लाभ विश्लेषणको प्रयोग सबैभन्दा पहिला संयुक्त राज्य अमेरिकामा सन् १९३० को दशकबाट शुरु भएको हो । अमेरिकामा यसको प्रथम प्रयोग जल सम्पदाबाट प्राप्त हुने खुद फाइदाको विश्लेषण गर्न गरिएको थियो । आजकल लागत लाभ विश्लेषण कुनै पनि परियोजनाको मूल्याङ्कन गर्नका लागि सर्वव्यापी रुपमा प्रयोग हुँदै आइरहेको छ । लागत लाभ विश्लेषण आर्थिक विश्लेषणको एउटा आधारभूत औजार हो, जसका आधारमा कुनै पनि परियोजनाबाट प्राप्त हुने फाइदा र यसमा लाग्ने लागतलाई तुलना गरेर उक्त परियोजनाको वाञ्छनियता सम्बन्धी निर्णय लिने काम गरिन्छ । आर्थिक योजनाका दृष्टिकोणबाट हेर्ने हो भने सामाजिक लागत लाभ विश्लेषण बढी

उपयोगी हुन्छ, किनकि यसमा निजी लाभ र लागतलाई मात्र ध्यानमा नराखेर सम्पूर्ण समाजले प्राप्त गर्ने (मौद्रिक र अमौद्रिक दुवै) लाभ र सामाजिक लागतलाई समेत विश्लेषणमा उपयोग गरिन्छ । यो प्रक्रियाले विभिन्न परियोजनाहरुमध्ये कुन चाहिँ परियोजना सामाजिक लाभको हिसाबले बढी उपयोगी छ भनेर वस्तुगत र वैज्ञानिक आधारमा निर्णय गर्नमा सहयोग गर्दछ । तसर्थ यसको प्रमुख उद्देश्य योजनाकारहरुलाई स्रोत साधनको उचित उपयोग गर्नका लागि वा सामाजिक लाभलाई अधिकतम बनाउनका लागि लगानीका सम्बन्धमा उचित निर्णय गर्न सहयोग गर्नु हो । समाजमा बस्ने मानिसहरुक आवश्यकताहरु असीमित हुन्छन् भने ती आवश्यकताहरुलाई पूरा गर्न स्रोत साधनहरु भने सीमित हुन्छन् । यस्तो अवस्थामा प्राथामिकताको क्रममा आवश्यकताहरुलाई क्रमबद्ध गर्नुपर्ने बाध्यता आउँदछ । योजनाकारले योजना बनाउँदा विभिन्न क्षेत्रमा निश्चित रकम खर्च गर्न सकिने निर्णय गरिसकेपछि उक्त क्षेत्रमा तय गरिएको उद्देश्य पूरा गर्नका लागि हजारौँ वैकल्पिक परियोजनाहरु हुनसक्ने भएकाले उक्त परियोजनाहरु मध्ये समाजका लागि कुन चाहिँ बढी लाभदायी छन् भन्ने कुरा जान्नु एकदमै महत्त्वपूर्ण हुन जान्छ । यस्तो काममा सहयोग गर्ने काम परियोजना मूल्याङ्कनले गर्दछ, जसको एउटा बहु-चर्चित तरिका लागत-लाभ विश्लेषण हो ।

## २.२ अनुसन्धनात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature)

Due, (1968) ले आधुनिक समयमा लागत लाभ विश्लेषण कार्य अति नै भरपर्दो कार्य हो भनी यस कार्यको महत्त्वमाथि प्रकाश पार्नुभएको छ । यस कार्यले व्यवसायीको समाजमा सामाजिकीकरण हुन र आर्थिक रुपले दक्ष हुन वैकल्पिक क्षेत्रको उचित खोजी र व्यवस्था गर्न सघाउ पुऱ्याउँदछ । अर्कोतर्फ निजी र सरकारी दुवै पक्षले प्रत्येक आर्थिक क्रियाकलापको लागत लाभ विश्लेषण कार्यलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गर्दै जानुपर्ने उहाँको सुझाव छ । यसरी लागत लाभ विश्लेषण आज अति नै चर्चित कार्य बन्दै गएको छ र जसलाई पहिलो पटक जलस्रोतको योजना निर्माण गर्ने क्रममा शुरुवात गरिएको थियो भन्ने कुरा उल्लेख गरिएको छ ।

Hamal, (1976) ले महोत्तरी जिल्लामा संचालित सुर्ती खेतीको लागत लाभ विश्लेषण गर्नुभएको थियो । महोत्तरी जिल्लामा संचालित उक्त सुर्ती खेतीको वार्षिक लागत र आम्दानी बीचको अनुपातको विश्लेषण गरिएको छ । उक्त अध्ययनको मुख्य उद्देश्य एक हेक्टर जमिनमा सुर्ती खेती गर्न लाग्ने लागत र त्यसबाट प्राप्त हुने आम्दानीको अनुपात

पत्ता लगाउनुभएको थियो । ४१ जना कृषकमा आधारित रहेर गरेको उक्त अध्ययनमा सीमान्त लागत भन्दा सीमान्त आय र औसत लागतभन्दा औसत आय बढी भएको कारण सुर्ती खेती उक्त क्षेत्रको लागि उपयुक्त रहेको कुरा बताइएको छ ।

Mulmi, (1981) को एक प्रतिवेदन अनुसार ब्रोइलर कुखुरापालन बेरोजगार व्यक्तिको लागि पूर्ण रोजगार मनग्य आय-आर्जन गर्ने भरपर्दो पेशा हुनसक्छ । यस बाहेक निम्न आय आर्जन गर्ने रोजगारीमा रहेकाको लागि सहायक पेशा पनि हो । यो व्यवसाय थोरै जग्गा तथा कम लगानीमा सुरु गर्न सकिन्छ । यसको उत्पादन ५-६ हप्तामै गर्न सकिन्छ, तथा वर्षमा ६-७ पटक उत्पादन गर्न सकिन्छ । यी ब्रोइलर कुखुराले रेशा नभएका दाना तथा कृषिजन्य उद्योगका उप उत्पादनलाई उच्च कोटीका प्राणीजन्य प्रोटिनमा परिवर्तन गर्दछ । यो व्यवसाय गर्न खासै दक्ष तालिमको आवश्यकता पर्दैन । घरकै सदस्यहरुको समय उपयोग गरी ज्यामी खर्चको झण्झट व्यहोर्न पर्दैन । व्यवसाय संचालनका सामाग्री सहजै उपलब्ध छन् तथा बजारको समस्या पनि जटिल छैन र यो पेशा संचालन गर्न एकदिने चल्ला खरिद गरी खुल्ला खोरमा पाले हुन्छ । यो व्यवसाय सुरुमा संचालन गर्दा सानो आकार अर्थात १००-२०० बाट सुरु गर्न उपयुक्त हुन्छ । जसले गर्दा व्यवसाय संचालनको अनुभव प्राप्त हुन्छ । तत्पश्चात व्यवसाय विस्तार गरी व्यवसायिक स्तरमा संचालन गर्न सजिलो हुन्छ ।

Gautam, (1991) ले कास्की जिल्लाको पोखरा उपमहानगरपालिका क्षेत्रमा रहेका ३१ वटा आधुनिक गाई फर्ममा उक्त फर्मको लागत लाभ विश्लेषण गर्नुभएको थियो । उक्त विश्लेषणात्मक अध्ययनमा एक वर्षको लागत र आम्दानी बीचको तुलना गरिएको छ । अतः अध्ययनमा लागत भएको रेन्ज ०.४४ देखि १.४९ सम्म छ । ०.४४ लागत लाभ अनुपात आउने फर्मलाई उच्च लागत लागेको र स्याहार सुसारका साथै तालिमको अभाव रहेको कुरा स्पष्ट छ । जुन फर्महरु न्यून अनुपातमा छन् त्यस्ता फर्महरुलाई तुरुन्त सुधार गरी व्यवस्थापनमा ध्यान दिन र लागत घटाउन सुझाव दिइएको छ ।

अर्याल, (१९९९) ले थानकोटको महादेवस्थान गा.वि.स.मा आधारित भएर गरिएको अनुसन्धानअनुसार त्यस क्षेत्रका कृषकहरु नयाँ प्रविधिको प्रयोग गरी उत्पादन वृद्धि गर्नका लागि एकदमै सचेत रहेका थिए । तिनीहरुले रसायनिक मलको प्रयोग तथा विभिन्न उच्च प्रविधिका रसायनिक एवं आधुनिक बीउ, मल एवं औजारलाई आफ्नो कृषि व्यवसायमा प्रयोगमा ल्याएका थिए । धान, गहुँ र मकै मुख्य खाद्यान्न बालीहरु रहेका थिए । रायो, खोर्सानी, आलु, काउली आदि फरक फरक किसीमका तरकारीहरुको खेती त्यस क्षेत्रमा

गरिएको थियो । जसको कारण तिनीहरुको आयको संभाव्य स्रोतको पहिचान भएको थियो । उक्त उत्पादनलाई घरायसी उपभोगमा पनि प्रयोग गरिएको थियो । यो क्षेत्र च्याउ खेतीका लागि पनि प्रख्यात रहेको थियो । लागत लाभ विश्लेषण सरकारी आयोजनाको आर्थिक इच्छाशक्तिसँग सम्बन्धित उपयुक्तता हो । एउटा आयोजना अवधिभर लगानी वा पूँजीमा फिर्ता प्राप्तिको लागि लागत लाभ विश्लेषण एउटा आर्थिक केन्द्रविन्दु हो । तसर्थ लागत लाभ विश्लेषणलाई सरकारी आयोजनाको क्रमबद्ध परिक्षणको रुपमा लिइन्छ । आयोजनाको विकास कुन इच्छाशक्तिको कारण भएको हो ? त्यसको मिलान र धेरै विकल्पहरुमध्ये योजनाको उद्देश्यअनुरुप कुन विकल्प हो त्यसलाई बाराम्बार विश्लेषण गरेर छनौट गर्नुपर्ने हुन्छ । लागत लाभ अध्ययनमा धेरै प्रक्रियाहरु समावेश हुन्छन् । उद्देश्यको विवरण, विकल्पहरुको विश्लेषणर विवरणको लाभ र लागत आदि यसका मुख्य प्रक्रियाहरु हुन् । लागत लाभ विश्लेषण सार्वजनिक क्षेत्रमा मात्र नभएर निजी क्षेत्रमा पनि प्रयोग हुने गर्दछ । कुनै पनि परियोजना वा व्यवसायको लागत लाभ विश्लेषण गर्दा  उक्त व्यवसायका लागि लाग्ने लागत तथा व्यवसायबाट प्राप्त हुने आय बीच तुलना गरिन्छ । आधुनिक समयमा लागत लाभ विश्लेषण कार्य अति नै भरपर्दो कार्य हो, यस कार्यले व्यवसायीको समाजमा सामाजिकीकरण हुन र आर्थिक रुपले दक्ष हुन वैकल्पिक क्षेत्रको उचित खोजी र व्यवस्था गर्न सघाउ पुऱ्याउँदछ । यसरी लागत लाभ विश्लेषण आज अति नै चर्चित कार्य बन्दै गएको छ । पोल्ट्री फर्मको लागत लाभलाई प्रभाव पार्ने विभिन्न तत्वहरु रहेका हुन्छन ।

कुनै पनि व्यवसायका लागि त्यससम्बधि प्राविधिक ज्ञान एउटा महत्त्वपूर्ण तत्व हो । कुखुरापालन व्यवसाय संचालन गर्नुपूर्व पनि त्यस व्यवसाय सम्बन्धि पर्याप्त प्राविधिक ज्ञान लिएर मात्र शुरु गरेको खण्डमा त्यस व्यवसायबाट प्रशस्त लाभ लिन सकिन्छ । यस व्यवसाय संचालन गर्दा व्यवसायीले कसरी लागतलाई न्यूनिकरण गर्ने र आयलाई अधिकतम बनाउने भन्ने कुरामा विचार पुऱ्याउनुपर्दछ, तव मात्र व्यवसायीले बढी लाभ लिन सक्षम हुन्छ । त्यसका लागी उपयुक्त स्थान, वातावरण, पानी, तापक्रम, रोग तथा महामारीको छिटो नियन्त्रण गर्न सक्नुपर्दछ, जसका निम्ति उपयुक्त प्राविधिक ज्ञान हुनु जरुरी छ र त्यसका लागि तालिमप्राप्त व्यक्तिको आवश्यकता पर्दछ, जसले उत्पादन लागत न्यून गरी आय वृद्धि गर्न सकोस ।

कुखुरापालन व्यवसायको लाभलाई प्रभाव पार्ने अर्को महत्त्वपूर्ण तत्व गुणस्तरीय दाना पनि एक हो । उपयुक्त पोषक दाना पाएको खण्डमा कुखुराको विकास तिव्र गतिमा हुन्छ ।

विभिन्न पोषक तत्वहरुको उचित मिश्रण भएको दाना खुवाउने गरेमा कुखुरा स्वस्थ्य हुने र तौल पनि बढी हुने हुनाले त्यसबाट बढी लाभ प्राप्त गर्न सकिन्छ । तर जस्तोपायो त्यस्तै जुनपायो त्यही दाना कुखुरालाई खुवाइयो भने तिनीहरुको उचित तरिकाले शारिरीक विकास हुन सक्तदैन, लागत मात्र वृद्धि हुन जान्छ, जसबाट सोचेजति लाभ लिन सकिँदैन । तसर्थ कुखुरा व्यवसायीको लागत तथा लाभलाई गुणस्तरीय दानाले पनि प्रभाव पार्दछ ।

चल्लाको गुणस्तर कुखुरापालन व्यवसायका लागि महत्त्वपूर्ण पक्ष हो । स्वस्थ्य र उन्नत जातका गुणस्तरीय चल्लाबाट उच्च प्रतिफल प्राप्त गर्न सकिन्छ । जुनसुकै ह्याचरीबाट चल्ला आयात गर्दा विभिन्न किसिमका रोग तथा महामारी फैलन सक्ने खतरा हुन्छ जसले व्यवसायीलाई लाभको सट्टा घाटा प्रदान गर्दछ । तसर्थ स्वस्थ्य र गुणस्तरीय चल्लाले पनि फर्मको लागत लाभलाई प्रभाव पार्ने गर्दछ ।

कुखुरापालन व्यवसायको लागत लाभलाई प्राभाव पार्ने अर्को तत्व तापक्रम पनि हो । ब्रोइलर कुखुरा अति संवेदनशिल प्राणी हो जसलाई बाँच्नका लागि उपयुक्त किसिमको तापक्रमको आवश्यकाता पर्दछ । यो धेरै तापक्रम वा कम तामक्रममा टिक्न सक्दैन । तसर्थ यसबाट उचित लाभ लिनको लागि आवश्यक तापक्रम सन्तुलन मिलाउनु पर्दछ । यसलाई जाडो र गर्मी याममा उचित तापक्रमको सन्तुलन मिलाउन आवश्यक हुन्छ । यसो भएमा मात्र ब्रोइलर कुखुराबाट बढी लाभ लिन सकिन्छ ।

अन्य कुखुराभन्दा ब्रोइलर कुखुरा बढी संवेदनशील प्राणी हो, यसलाई बचाउन धेरै कुराहरुमा ध्यान दिनु जरुरी हुन्छ । उचित ध्यान दिन नसकेको खण्डमा ब्रोइलर कुखुराको मृत्युदर पनि उच्च हुने गर्दछ, जसबाट लागतमा वृद्धि हुन जान्छ । त्यस्तै किसिमले उचित तरिकाले तापक्रम, हावापानी, दाना मिलाउन सकेको खण्डमा यसको मृत्युदर पनि न्यून हुने गर्दछ र बढी लाभ प्राप्त हुन्छ ।

पोल्ट्री फर्मको लागत लाभलाई प्रभाव पार्ने अर्को तत्व कुखुराको मूल्य हो । नेपालमा कुखुराको मूल्यका कार्टेलिङको (Carteling) महत्पूर्ण भूमिका रहेको छ । आफ्नो उत्पादन तयार भएको बेला ठूला उद्योगीले उच्च मूल्य निर्धारण गर्दछन, यस्तो अवस्थामा साना र मध्यमस्तरका उद्यमीको पनि आम्दानी वृद्धि हुन्छ । अर्कोतिर भारतबाट ठूलो मात्रामा कुखरा आयात गरी पूर्ति गर्दा कुखुराको मूल्य घट्न गई मध्यम तथा साना व्यवसायीको आम्दानीमा कमी आउने गर्दछ । तसर्थ कुखुराको मूल्यले पनि लागत लाभलाई प्रभाव पार्दछ ।

कार्की, (२०१०) ले पाल्पा जिल्लाको तानसेन नगरपालिकालाई आधार मानेर गरिएको दुग्ध किसानका लागि दुग्ध उत्पादनको मूल्य नामक अनुसन्धानमा मानव सभ्यताको विकास सँगसँगै पशुपालनको चलन रहि आएको पाइन्छ । नेपालको अर्थतन्त्र कृषि क्षेत्रमा निर्भर रहेको र झण्डै ८०% जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषिमा निर्भर रहेका र तिमध्ये प्रमुख रुपमा खाद्यान्न बाली र पशुपालन पर्दछन् । पशुपालन नेपाली अर्थतन्त्रको एक महत्त्वपूर्ण पक्ष हो यसले नेपाली कृषि पद्दतिमा महत्त्वपुर्ण भूमिका खेल्दछ । यसको मुख्य योगदान भनेको दुध, मासु, ऊन, छाला, हाडहरुको परिपूर्ति गर्नु हो । पशुपालन र दुग्ध उत्पादनको विकास सँगसगै भएको पाइन्छ । मानव जन्मदेखि नै दुधको महत्त्व र आवश्यकतालाई ध्यान दिएको पाइन्छ । पशुपालनको व्यवसायीकरण वृद्धि भएको लामो समय भएतापनि विभिन्न अनुसन्धानकर्ताले गरेको अनुसन्धानमा लागत पक्षलाई कम ध्यान दिएको देखिन्छ तर जुनसुकै वस्तुको उत्पादनमा लागतले ठूलो प्रभाव पारेको हुन्छ । वास्तविक उत्पादन लागतसम्बन्धि अध्ययन अनुसन्धान नहुँदा पशुपालनबाट उत्पादित वस्तुको लगानी निश्चित गर्न गाह्रो भएको छ । विगत चार दशकको अवधिमा किसानहरुको जोड र प्राथमिकतामा परिवर्तन आएको छ । पशुपालनको रुपमा नयाँ उद्यमको विकास गरेर आजकल शहरी क्षेत्रका केही मानिसहरु पशुपालनतिर पनि ध्यान दिएको पाइन्छ । दिनप्रतिदिन बढ्दै गएको दुध तथा मासुको मागले गर्दा नेपालमा पशुपालन व्यवसायको भविष्य राम्रो रहेको छ । तर पनि दिनानुदिन परिवर्तन भैरहने कृषि पद्धति र लागत मूल्यको परिवर्तनले गर्दा लामो समयसम्म एउटै नतिजा प्राप्त हुन्छ भन्नु असान्दर्भिक हुन्छ । दुध तथा मासुको पूर्तिमा वृद्धि गर्नका लागि पशुपालन व्यवसायलाई वृद्धि गर्नपर्छ जसका लागि कृषकलाई प्रोत्साहित गरेमा मात्र पुरा हुन सक्छ । उनीहरुको लागतका आधारमा उत्पादित वस्तुको मूल्य निर्धारण गरिनुपर्छ । नेपालका धेरैजसो भाग ग्रामीण क्षेत्रले ढाकेको छ । ग्रामीण क्षेत्रमा बढी मात्रामा किसानहरुको बसोबास हुने गर्दछ । जमिन थोरै हुनु, आवश्यक कर्जाको अभाव, आधुनिक प्रविधिको कमीजस्ता कारणले गर्दा किसानहरु प्रशस्त लगानी गर्न सक्षम छैनन् । किसानको दयनीय आर्थिक अवस्थाले गर्दा पशुपालन उपयुक्त तरिकाले विकास हुन सकेको छैन । तर यति हुँदाहुदै पनि तिनीहरु पशुपालनबाट लाभान्वित नै छन् । तर पनि उनीहरु शिक्षा तथा चेतनाको अभावजस्ता कारणले गर्दा लागत उत्पादन गणनामा ध्यान दिँदैनन । त्यस्तै आयमा पनि प्रत्यक्ष नगद प्राप्त हुने जस्तै दुध, मासु आदीलाई मात्र गणना गर्दछन तर मल पशुदाना र बालीनाली आदिलाई ध्यान दिँदैनन् ।

बढ्दो दुध तथा मासुको मागलाई ध्यानमा राखेर नेपालको दीर्घकालीन कृषि विकास योजना (१९९५-२०१५) ले दुध र मासुको मागलाई पूरा गर्न आधार वर्ष १९९३ को तुलनामा क्रमश : २.८ र १.५ गुणाले वृद्धि हुनुपर्ने र वार्षिक वृद्धिदर ४.५% हुनुपर्ने कुरा उल्लेख गरेको छ र उक्त लक्ष्य पुरा गर्न पशुपालनलाई उच्च महत्त्व दिनुपर्ने कुरा उल्लेख गरेको छ । उनको अनुसन्धानमा पशुपालनका लागि विभिन्न समस्या रहेको कुरा देखिएको छ । वैज्ञानिक मूल्य नीतिको अभाव, साना साना उत्पादनकर्ताको उत्पादनमा व्यापारिकरणको अभाव, थोरै उत्पादन दिने धेरै पशुपालन गर्ने, मानव स्रोत, प्रविधिको कमी, नीति कार्यन्वयनमा कमजोर, दीर्घकालीन सोच नहुनु आदि नेपालमा पशुपालन व्यवसायका मुख्य समस्याहरु हुन् ।

Pradhan, Shrestha and Poudel, (2068) ले गरेको एक अध्ययनमा मध्य हिमाली क्षेत्रका किसानहरुको न्यून लागतमा अर्ध सानो पद्धति आहारा बाट गिरीराज कुखुराको तिव्र वृद्धि हुने भएकाले सो प्रक्रियालाई रुचाए । भाले गिरीराजलाई पोथिको तुलनामा बढी रुचाए किनकी देवी देवतालाई बली दिनका लागि भाले कुखुराको प्रयोग हुने भएकोले यसको मूल्य तुलनात्मक रुपमा बढि देखियो । गर्मी मौसममा प्रयोग गर्न सकिने कम्फ्री घाँसले कुखुरापालनमा लागत घटाउन योगदान गर्दछ । जाडो याममा पनि उक्त घाँसलाई आहाराको रुपमा प्रयोगमा ल्याउन सकिने तथ्यको खोजी गर्न थप अध्ययनको आवश्यक देखिन्छ भन्ने निष्कर्ष निकालिएको थियो ।

D. Neupane and S.M. Pradhan, (2068) ले कुखुराको व्यवसायलाई प्रवर्द्धन गर्नका लागि कुखुराको आहारा निर्माण र तयारीका लागि विशेष ध्यान दिइनुपर्ने कुरा एक अध्ययनमा उल्लेख गरेका छन् । त्यसै गरी आहारा प्रयोगका लागि (दानापानी) किसानहरु शिक्षित हुनुपर्दछ । पंक्षी सम्बन्धि रोगको रोकथाम तथा सुरक्षाका लागि थप जानकार एवं सजग हुनुपर्दछ । तालिकागत रुपमा पंक्षीजन्य रोगको विरुद्ध खोप दिने कुरामा पनि किसानहरु अभ्यस्त हुनुपर्दछ ।

कायस्थ, (२०६८) का अनुसार ब्रोइलर कुखुरापालन गरेपछि प्राविधिक तथा आर्थिक दृष्टिकोणले निकै सफल देखिन्छ । राष्ट्रियस्तरमा नै छिटो बढ्ने जातका कुखुराका चल्लाहरुको उत्पादन बढाई आम्दानीमा वृद्धि गर्नको लागि ठाउँ ठाउँमा ह्याचरीहरुको स्थापना सरकारी स्तरबाट हुनुपर्ने देखिन्छ । जसले गर्दा देशमा बढिरहेको शिक्षित, अर्ध शिक्षित तथा अशिक्षित बेरोजगार युवाहरुलाई रोजगारीको राम्रो अवसर प्रदान भई आर्थिक उन्नतीमा टेवा पुग्ने देखिन्छ । समाजका पिछडिएका वर्गको उत्थान तथा जनावरबाट प्राप्त

हुने प्रोटिनले गर्भिणी महिला र नवजात शिशुहरुको स्वास्थ्यमा अनुकुल प्रभाव पार्ने कुरामा दुईमत हुन सक्दैन भन्ने कुरा उल्लेख गरेका छन् ।

शर्मा, (२०७०) को एक अध्ययन अनुसार बर्डफ्लु रोग पक्षींमा लाग्ने घातक तथा संक्रमण रोग हो । बर्डफ्लु Avian Influenza type A virus बाट लाग्दछ । Type A भाइरसबाट कुखुरा, हाँस र मान्छेमा फ्लु लाग्दछ । Type B र Type C बाट मानिसमा रुघाखोकी लाग्दछ । यो रोग मान्छेमा लागेमा ज्वरो आउने र रुघाखोकी लाग्दछ । मान्छेमा रिँगटा लाग्ने तथा कमजोरी अनुभव हुन्छ । रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता कम भएका मानिसहरु, बुढाबुढी, केटाकेटी तथा डाइविटिज, एच.आई.भि., टि.भी.भएका मान्छेमा सर्ने संभावना बढी हुन्छ । सन् १९९७ मा हङकङमा बर्डफ्लुले १२ जना मानिस मरे र १२ लाख कुखुरा नष्ट गरियो । यो रोग मान्छेबाट मान्छेमा सर्नसक्ने संभावनालाई न्यूनिकरण गर्न जैविक सुरक्षा अपनाउनु अपरिहार्य छ । जैविक सुरक्षा कायम गर्नमा पंक्षीमा स्वास्थ्य हेरचाह भ्याक्सिनेशनको व्यवस्था तथा खोर व्यवस्थापन गरी पंक्षीलाई स्वस्थ्य राखि बर्डफ्लु फैलिनमा नियन्त्रण गर्नु अति आवश्यक छ ।

निरौला, (२०७१) का अनुसार वर्तमान समयमा कुखुरापालन व्यवसायले देशको अर्थतन्त्रमा महत्त्वपुर्ण योगदान पुऱ्याएको छ । कुखुरापालन व्यवसायले कुल गार्हस्थ उत्पादनको ४ प्रतिशत योगदान पुऱ्याएको छ । अर्कोतर्फ गरिबी निवारण तथा रोजगारी तर्फ पनि महत्त्वपुर्ण योगदान पुऱ्याउदै आएको देखिन्छ । हरेक स्थान विशेष विभिन्न जातहरु (ब्रोइलर, लेयर्स, अष्ट्रोलक, हेम्पसायर, गिरीराज) कुखुराहरु पालिएता पनि मुख्य गरी ब्रोइलर कुखुराको व्यवसाय सबै भन्दा बढि गर्ने गरिएको देखिन्छ । यसरी देशको अर्थतन्त्र गरिबी निवारण र व्यक्तिको जीवनस्तरमा महत्त्वपुर्ण भूमिका निर्वाह गरेको यस व्यवसायमा देखिएका विभिन्न समस्याहरुलाई समाधान गरी थप व्यवसायिक बनाउनु उत्तिकै आवश्यक देखिन्छ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Imlication of the Review for the Research)

नेपाल एक कृषिप्रधान देश भएकाले यहाँ कृषिसँग सम्बन्धित विभिन्न किसिमका खाद्यबाली, नगदेबालीको तथा पशुपालन गरिन्छ । नेपालको पहाडी तथा तराई दुवै क्षेत्रमा कुखुरापालन व्यवसाय संचालन गर्न सकिन्छ । कुखुरापालन व्यवसाय अन्य व्यवसायभन्दा कम लगानीमा बढी आम्दानी प्राप्त गर्न सकिने व्यवसाय हो । त्यसैले वर्तमान समयमा कुखुरापालन व्यवसायमा किसानहरुको बढी आकर्षण भएको देखिन्छ ।

यस अध्ययनको क्रममा विभिन्न लेख, रचना, शोधपत्र, पत्रपत्रिकाहरुलाई आधार मानी पूर्व साहित्यको पुनरावलोकन गर्दा हालका वर्षहरुमा कुखुरापालन व्यवसाय वेरोजगार मानिसहरुका लागि पूर्ण रोजगारको अवसर प्रदान गरी आम्दानीको मुख्य स्रोत हुने व्यवसाय भएको तथा न्यून आय हुनेहरुका लागि थप आय आर्जन गर्ने सहायक पेशाको रुपमा बढ्दै गएको पाइएको छ । छोटो समयमा प्रतिफल प्राप्त गर्न सकिने, ठूलो लगानीको आवश्यकता नपर्ने, उच्च स्तरको तालिमको आवश्यकता नपर्ने हुनाले यस व्यवसायको लोकप्रियता दिनप्रतिदिन बढ्दै गईरहेको देखिन्छ ।

ब्रोइलर कुखुरापालन बेरोजगार व्यक्तिको लागि पूर्ण रोजगार मनग्य आय-आर्जन गर्ने भरपर्दो पेशाका साथै आय आर्जन गर्ने रोजगारीमा रहेकाको लागि सहायक पेशा पनि हुन्छ । यो व्यवसाय थोरै जग्गा तथा कम लगानीमा सुरु गर्न सकिने, उत्पादन ५-६ हप्तामै गर्न सकिने तथा वर्षमा ६-७ पटक उत्पादन गर्न सकिने भएकोले लोकप्रिय बन्दै गएको छ । यो व्यवसाय गर्न खासै दक्ष तालिमको आवश्यकता नपर्ने, घरकै सदस्यहरुको समय उपयोग गरी गर्न सकिने र व्यवसाय संचालनका सामाग्री सहजै उपलब्ध हुनाले पनि यो व्यवसाय संचालन गर्न सजिलो हुन्छ (Mulmi, 1981)।

कुखुराको व्यवसायलाई प्रवर्द्धन गर्नका लागि कुखुराको आहारा निर्माण र तयारीका लागि विशेष ध्यान दिइनुपर्ने र आहारा प्रयोगका लागि (दानापानी) किसानहरु शिक्षित हुनुपर्दछ । पंक्षी सम्बन्धि रोगको रोकथाम तथा सुरक्षाका लागि थप जानकार एवं सजग हुनुपर्दछ । तालिकागत रुपमा पंक्षीजन्य रोगको विरुद्ध खोप दिने कुरामा पनि किसानहरु अभ्यस्त हुनुपर्दछ (D. Neupane and S.M. Pradhan, 2068) ।

नेपालका धेरैजसो भाग ग्रामीण क्षेत्रले ढाकेको छ । ग्रामीण क्षेत्रमा बढी मात्रामा किसानहरुको बसोबास हुने गर्दछ । जमिन थोरै हुनु, आवश्यक कर्जाको अभाव, आधुनिक प्रविधिको कमीजस्ता कारणले गर्दा किसानहरु प्रशस्त लगानी गर्न सक्षम छैनन् । किसानको दयनीय आर्थिक अवस्थाले गर्दा पशुपालन उपयुक्त तरिकाले विकास हुन सकेको छैन । तर यति हुँदाहुदै पनि तिनीहरु पशुपालनबाट लाभान्वित नै छन् । तर पनि उनीहरु शिक्षा तथा चेतनाको अभावजस्ता कारणले गर्दा लागत उत्पादन गणनामा ध्यान दिँदैनन् । किसानहरुले प्रत्यक्ष नगद लागत जस्तै पशु किन्दा, उपचार, दाना, कामदारको ज्यालालाई मात्र गणना गर्दछन् । तसर्थ यस्ता साहित्यहरुको पुनरावलोकन गर्दा मेरो अध्ययनलाई बढी सत्य, तथ्य र कम त्रुटिपूर्ण तरिकाले सम्पन्न गर्न सहयोग पुऱ्याउने छन् । मेरो यस अनुसन्धानमा कुखुरापालन व्यवसायको लागत लाभ अध्ययन गरी लागत लाभ अनुपात पत्ता लगाई उक्त व्यवसायले शिक्षामा पारेको प्रभावको अध्ययन गर्नलाई पूर्व साहित्यको पुनरावलोकनले थप हौसला प्रदान गरेको छ । जसको आधारमा वेरोजगार, अर्धबेरोजगार व्यक्तिहरुलाई कुखुरापालन व्यवसाय संचालन गर्नका लागि आधार प्रदान गर्न पनि पूर्व साहित्यको अध्ययनले सहयोग गरेको छ ।

### २.४ **अनुसन्धान अन्तर (Research Gap)**

पूर्व अनुसन्धानको समीक्षाको आधारमा निम्न पक्षहरुमा थप अध्ययन गर्नुपर्ने देखिन्छ ।


१. पूर्व अनुसन्धान गरिएका अध्ययनमा डेरी, घरेलु उद्योगजस्ता कुराहरुलाई मात्र बढी जोड दिएको तर वर्तमान समयमा फस्टाउँदै गरेका अन्य कृषिजन्य उद्योगहरुलाई समेट्न नसकेको कारणले यस्ता पक्षमा थप ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

२. पूर्व अध्ययनहरुमा कुनै एउटा विशेष फर्मलाई आधार मानेर त्यसको लागत लाभ विश्लेषण गरी त्यस्तै फर्म संचालन गर्नका निमित्त आधार प्रदान गरेको देखिएन ।

३. यसभन्दा पहिले गरिएका अध्ययन अनुसन्धानहरु शैक्षिक क्षेत्रसँग सम्बन्धित नगरिएका हुनाले यस अध्ययनले कुखुरापालन व्यवसायको माध्यमबाट उधमीले आफ्ना बालबालिकाको शिक्षामा कति अंश लगानी गरेको छ भन्ने बारे जानकारी प्राप्त हुने देखिन्छ ।

## २.५ सैद्धान्तिक संरचना (Theoritical Framework)


अल्पकाल यस्तो समयावधि हो, जसमा केही साधनहरु, जस्तै मेशिन, भवन आदि स्थिर रहन्छन् र उत्पादन बढाउनलाई परिवर्तनशील साधनहरुलाई मात्र परिवर्तन गर्न सकिन्छ । जस्तै कच्चा पदार्थ, श्रम आदि । दीर्घकालमा सबै साधन परिवर्तनशील हुन्छन् । उत्पादन बढाउन मेशिन लगायत सबै साधनलाई परिवर्तन गर्न सकिन्छ । यसैका आधारमा लागतलाई अल्पकालीन र दीर्घकालीन लागतमा विभाजन गरिएको पाइन्छ । अध्ययनसँग सम्बन्धित सैद्धान्तिक संरचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :




स्रोत : जोशी, (२०६१)

## २.५ कार्यात्मक संरचना (Functional Framework)

यस अध्ययनसँग सम्बन्धित कार्यात्मक संरचनालाई निम्नानुसार प्रस्तुत गरिएको छ :-



## अध्याय तीन (CHAPTER THREE)

### ३. अनुसन्धान विधि र प्रक्रिया (METHODS AND PROCEDURES)

शोधपत्र प्रस्तावना अध्ययनलाई प्रभावकारी रुपमा सम्पादन गर्न उपयुक्त अध्ययन विधिको छनौट गर्नुपर्दछ । उपयुक्त अध्ययन विधिको छनौट हुन नसकेमा सत्य निष्कर्ष निकाल्न कठिन हुन्छ । अत : अध्ययन गर्दा के विषयमा अध्ययन गर्ने ? कस्तो प्रकृतिको तथ्याङ्कको आवश्यकता छ ? तथ्यहरु कहाँबाट कसरी प्राप्त गर्ने ? अध्ययनमा लाग्ने समयावधि, नमूना संकलन विधी लगायतको कुराहरुमा ध्यान दिनु जरुरी हुन्छ । यस अध्ययनमा अनुसन्धानको लागि निम्न विधिको उपयोग गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यस अनुसन्धानमा प्रश्नावली, अवलोकन तथा अर्न्तवार्ताबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने द्बितीय स्रोतबाट समेत तथ्याङ्क संकलन गरि प्राप्त तथ्याङ्कलाई कुल लागत, कुल आय, नाफा र लागतलाभ विश्लेषण गरिएको छ साथै तथ्याङ्कलाई आवश्यकताअनुसार तालिका, रेखाचित्र, तथा स्तम्भचित्रमा प्रस्तुत गरिएकाले यस अध्ययनको ढाँचा व्याख्यात्मक र विश्लेषणात्मक (Discriptive and Analytical) रहेको छ । यस अध्ययनका लागि प्रयोग गरिएका तथ्याङ्कहरुलाई संख्यात्मक तथा गुणात्मक स्वरुपमा प्रस्तुत गरिएको छ ।

### ३.२ तथ्याङ्कको स्रोत (Source of Data)

अनुसन्धानका प्राथमिक र द्बितीय स्रोतहरुमध्ये यस अध्ययनमा प्रमुख स्रोतको रुपमा प्राथामिक स्रोतको प्रयोग गरियो भने आवश्यकतानुसार द्बितीय स्रोतको पनि प्रयोग गरियो । उक्त तथ्याङ्कका स्रोतलाई निम्नानुसार उल्लेख गरिएको छ ।

#### ३.२.१ प्राथमिक स्रोत (Primary Source)

यो अध्ययनमा प्राथमिक तथ्याङ्कको स्रोतका रुपमा अध्ययन क्षेत्रअर्न्तगत काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ सल्यानथान स्थित रमेश पोल्ट्री फार्ममा संलग्न उद्यमी, उद्यमीका परिवार तथा कामदारहरुलाई लिइएको छ ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Source)

अध्ययन कार्यलाई प्रभावकारी बनाउन तथा पूर्णता दिनका लागि प्राथमिक तथ्याङ्क मात्र पर्याप्त नहुने भएकाले यहाँ द्वितीय तथ्याङ्ककहरुको पनि प्रयोग गरिएको छ । द्वितीय तथ्याङ्कका स्रोतहरुमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित अर्थ मन्त्रालय, कृषि विभाग, केन्द्रिय तथ्याङ्क विभाग, पत्रपत्रिकामा प्रकाशित रिपोर्टहरु, कीर्तिपपुर नगरपालिकाको कार्यलय आदिबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहयोग लिइएको छ ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनका लागि जनसंख्या र त्यसबाट छनोट गरिएको नमूना आकार तथा नमूना छनोट प्रक्रिया यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Popuation)

यस अनुसन्धानको क्षेत्र काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ मा ९ वटा कुखराफर्महरु रहेका छन् । ती सबै फर्म संख्यालाई नै यस अध्ययनको जनसंख्या मानिएको छ ।

### ३.३.२ नमूना आकार (Sample Size)

यस अध्ययनमा काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ मा रहेका ९ वटा पोल्ट्री फर्महरुमध्ये १ वटा अर्थात ११.११ प्रतिशत लाई यस अध्ययनको  नमूना आकारको रुपमा लिईएको छ ।

### ३.३.३ नमूना छनोट रणनीति (Sampling Strategy)

साधन, स्रोत र समयको सिमितताका कारण सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन गर्न कठिन भएकाले सम्पुर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमूना छनोट गरिएको छ । जसलाई यसप्रकार उल्लेख गरिएको छ ।

१. यस अध्ययनमा काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिकालाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । अन्य ठाउँको तुलनामा कीर्तिपुर नगरपालिकामा बढी मात्रामा कुखुरापालन व्यवसाय गरिने भएको र यस क्षेत्रमा कुखुरापालन व्यवसायका बारेमा यस अघि अनुसन्धान नगरिएको र अनुसन्धानकर्ता आफैं बस्ने स्थान भएको हुनाले

अध्ययनकर्तालाई तथ्याङ्क संकलन गर्न सहज र सजिलो रहेको हुँदा उक्त क्षेत्र छनोट गरिएको हो ।

२. कीर्तिपुर नगरपालिकाका १९ वटा वडाहरुमध्ये वडा नं ७ मा अन्य वडाको तुलनामा बढी कुखुरापालन व्यवसाय गरिने भएको कारणले वडा नं ७ लाई उद्देश्यमूलक र सुविधाजनक नमुनाको रुपमा छनोट गरिएको हो ।

३. कीर्तिपुर नगरपालिका वडा नं ७ मा जम्मा ९ वटा कुखुरा फर्महरुमध्ये रमेश पोल्ट्री फर्ममा अन्य फर्ममा भन्दा बढी संख्यामा कुखुरा पालिएको कारणले उद्देश्यमूलक नमूना विधिको माध्यमबाट यस फर्मलाई छनोट गरिएको हो ।

४. नमूनाको रुपमा छनोटमा परेको फर्मको व्यवसायीका परिवारमा ६ जना परिवारहरु रहेका छन् । ती ६ जनालाई संगणना विधि (Censes Method) का आधारमा नमूनामा छनोट गरिएको छ ।

५. नमूना छनोटमा परेको फर्ममा काम गर्ने कामदारहरु २ जना रहेका छन् । ती दुई जनालाई संगणना विधि (Censes Method) का आधारमा नमूनामा छनोट गरिएको छ ।

### ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction of the Study Area)

नेपालको मध्यमाञ्चल विकासक्षेत्र, बाग्मती अञ्चल, काठमाडौं जिल्लाको कीर्तिपुर नगरपालिका वडा नं ७ अध्ययन क्षेत्र चयन गरिएको हो ।

### ३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न र यसलाई पूर्णता दिनको लागि विभिन्न साधनहरु जस्तै : प्रश्नावली, अभिवृत्ति स्केल, अन्तर्वार्ता अनुसूची, रुजुसूची तथा रेटिङ स्केलमध्ये निम्न साधनहरु प्रयोग गरिएको छ :

#### ३.५.१ प्रश्नावली (Questionnaire)

प्रस्तुत शोधपत्रमा अन्य साधनहरु भन्दा बढी सूचना दिने साधनको रुपमा प्रश्नावलीलाई लिइएको थियो । अध्ययनलाई पूर्णता दिनका लागि संरचित तथा असंरचित दुवै प्रश्नावलीको प्रयोग गरिएको थियो । मुख्य उत्तरदाताको रुपमा काठमाँडौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नं ७ सल्यानथान स्थित रमेश पोल्ट्री फार्मका व्यवसायी, परिवार तथा श्रमिकहरु रहेका

थिए । जसमा व्यवसायीलाई, श्रमिकलाई र परिवारका सदस्यलाई सोधिने प्रश्नावली छुट्टाछुट्टै रुपमा तयार पारिएको थियो । जसलाई क्रमश : अनुसूचि १,२ र ३ मा राखिएको छ ।

### ३.५.२ अवलोकन सूचि (Observation List)

अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानकर्ता स्वयं नमूना छनोटमा परेको पोल्ट्री फार्म संचालन गरिएको स्थानमा गई व्यवसायीको पारिवारिक अवस्था, फर्मको वर्तमान अवस्था, सरसफाई र कुखुरापालनको तरिकाबारे अवलोकन सूचि निर्माण गरी अवलोकन गरिएको थियो । जुन अवलोकन सूचिलाई अनुसूचि ४ मा राखिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Disscussion Guide)

यस अध्ययन अनुसन्धानलाई प्रभावकारी रुपमा तथ्यामा आधारित भई पूर्णता प्रदान गर्न अनुसन्धानकर्ता र नमुन छनोटमा परेको पोल्ट्री फर्मका व्यवसायी, श्रमिक तथा व्यवसायीका परिवारहरुसँग कुखुरापालन व्यवसायको समस्याहरु र तिनका समाधानका उपायहरु पत्ता लगाउनका लागि छलफल निर्देशिका तयार गरि लक्षित समूह छलफल संचालन गरियो । जसको नमूना अनुसूचि ५ मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनोटपश्चात अध्ययनलाई पूर्णता दिनको लागि निम्नानुसारका तथ्याङ्क संकलन प्रविधिहरु प्रयोग गरिएको छ :

### ३.६.१ अर्न्तवार्ता (Interview)

अध्ययनमा आवश्यक प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि प्रविधिको रुपमा प्रत्यक्ष व्यक्तिगत अर्न्तवार्ता (Direct Personal Interview) विधिलाई प्रयोग गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली लिएर अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई त्यहाँका व्यवसायी तथा अन्य उत्तरदातासँग आम्ने साम्ने रुपमा बसी प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

यस अध्ययनको उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने तथ्याङ्क संकलनका लागि मिति २०७३/४/१० गतेका दिन नमूना छनोटमा परेको रमेश पोल्टि्र फर्ममा अनुसन्धानकर्ता स्वयं उपस्थिति भई अवलोकन सूचिका आधारमा व्यवसायीको पारिवारिक अवस्था, फर्मको वर्तमान अवस्था, सरसफाई र कुखुरापालनको तरिकाबारे अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यस अध्ययनलाई पुर्णता दिनका लागि आवश्यक तथ्याङ्क संकलनका गर्न मिति २०७३/४/११ गतेका दिन रमेश पोल्ट्री फर्ममा संलग्न व्यवसायीका परिवारका सदस्य तथा कामदारहरु मिलाएर ६ जनाको समूह गठन गरी एक जना सहयोगी साथीको साथमा कुखुरापालन व्यवसायका समस्या, तिनका समाधानका उपाय तथा सरोकारवालाहरुलाई सुझावका सम्बन्धमा करिब १ घण्टाजति अध्ययनकर्ताले लक्षित समूह छलफल निर्देशिकाका आधारमा लक्षित समूह छलफल संचालन गरिएको थियो । छलफल गर्दा खुला प्रश्नपत्र तयार गरिएको थियो । लक्षित समूह छलफल निर्देशिकालाई अनुसूचि ५ मा राखिएको छ ।

## ३.७ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण (Data Presentation and Analysis)

यस अध्ययनका क्रममा तथ्याङ्क संकलनका विभिन्न साधनहरु प्रश्नावली, अर्न्तवार्ता, अवलोकन तथा छलफलबाट प्राप्त भएका आवश्यक तथ्याङ्क, सूचना तथा जानकारीहरु संकलन गरी विश्लेषणात्मक तथा परिमाणात्मक विधिद्वारा व्यवस्थित रुपमा व्याख्या तथा विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ । साथै नतिजालाई विश्लेषण गर्न सरल र सहज हुने गरी आवश्यकताअनुसार तालिकीकरण तथा स्तम्भचित्रहरुमा प्रस्तुत गरिएको छ ।

## ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

अनुसन्धानात्मक कार्यअर्न्तगत तथ्याङ्क संकलन र रिपोर्ट लेखन कार्यमा निश्चित मूल्यगत र नीतिगत पक्षहरुको ख्याल गर्नुपर्ने भएकोले यस अध्ययनमा पनि सरोकारवाला व्यक्तिसँग अनुमति लिई उनीहरुलाई विश्वासमा लिई प्राप्त सूचनालाई गोपनियतामा राखि अध्ययन कार्यलाई अघि बढाइएको थियो ।

# अध्याय चार (CHAPTER FOUR)

## ४. तथ्याङकको विश्लेषण र प्रस्तुतिकरण (ALALYSIS AND INTERPRETATION OF DATA)

अध्ययाय तीनमा उल्लेख गरिएका तथ्याङ्क संकलनका विभिन्न विधिहरुको प्रयोग गरि तथ्यङ्क संकलन गरिसकेपछि प्राप्त विवरणलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ । साथै प्रारम्भिक रुपमा संकलित कोरा तथ्याङ्कबाट कुनै सूचना व्यक्त नहुने हुँदा तथ्याङ्कको विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्यायमा अध्ययनका मुख्य उद्देश्य पूरा गर्नका लागि प्राप्त तथ्याङ्कको आधारमा विभिन्न वुँदाहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ४.१ काठमाडौं जिल्लाको परिचय (Introution of Kathmandu District)

मध्यमाञ्चल विकासक्षेत्र अर्न्तगत बागमती अञ्चलका विभिन्न जिल्लाहरुमध्येको काठमाडौं एक हो । मन्दिरै मन्दिरको शहर र नेपालको राजधानीको रुपमा रहेको यस जिल्लाको पूर्व, उत्तर र पश्चिमतर्फ पहाडी क्षेत्र र दक्षिणमा समतल फाँट र टाराहरु मिली बनेको छ । चारैतिरबाट हरिया डाँडा तथा पहाडि श्रृंखलाहरुले घेरिएको उपत्यका तीन जिल्ला मध्येको यस काठमाडौं जिल्लामा चन्द्रागिरी, शिवपुरी तथा नागर्जुन गरी तीन उच्च पहाडी श्रृंखलाहरु छन् । क्षेत्रफलको दृष्टिकोणले नेपाल अधिराज्यका ७५ जिल्लाहरुमध्ये ७३ औं स्थानमा रहेतापनि जनसंख्याको दृष्टिकोणले भने सबैभन्दा ठूलो जिल्ला यहि हो (जि.वि.स.२०७०) ।

#### ४.१.१ भौगोलिक अवस्था (Geographical Situation)

भौगोलिक रुपमा पूर्व, उत्तर र पश्चिमतर्फ पहाडी क्षेत्र र दक्षिणभाग समतल फाँट र टारहारु मिलि बनेको यो काठमाडौं जिल्ला समुद्री सतहबाट १२६२ देखि २,७३२ मि. उचाईमा रहेको छ । पूर्वबाट पश्चिमतिर फैलदै दक्षिणतर्फ मोडिएको यो जिल्लाको आकार अंग्रेजी L जस्तो देखिन्छ । चारैतिरबाट हरिया डाँडा तथा पहाडि श्रृंखलाहरुले घेरिएको उपत्यकाका तीन जिल्लामध्येको यस काठमाडौं जिल्लाको पूर्वमा भक्तपुर, काभ्रेपलाञ्चोक जिल्लाहरु, पश्चिममा नुवाकोट, धादिङ जिल्लाहरु, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्लाहरु र दक्षिणमा ललितपुर र मकवानपुर जिल्लाहरु पर्दछन् । छिमेकी सात जिल्लाका माझमा रहेको यो जिल्ला २७°२७' देखि २०°४९' उत्तर अक्षांश र ८५°१०' देखि ८५°३२' पूर्व देशान्तरका बीचमा अवस्थित छ । यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि अर्थात

३९५०० वर्ग हेक्टर रहेको छ । देशको कुल क्षेत्रफलमध्ये काठमाडौं जिल्लाले ०.२७ प्रतिशत भाग ओगटेको छ (जि.वि.स. २०७०) ।

### ४.१.२ जनसाङ्ख्यिकीय विवरण (Demographic Description)

वि.स.२०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ छ । सबैभन्दा बढी जनसंख्या भएको काठमाडौं जिल्लाको कुल जनसंख्या १७,४४,२४० रहेकोमा पुरुषको संख्या ९,१३,००१ र महिलाको संख्या ८,३१,२३९ रहेको छ । काठमाडौं जिल्लाको जनघनत्व ४,४१६ वर्ग कि.मि. रहेको छ भने घरपरिवार संख्या ४,३६,३४४ रहेकोमा सरदर परिवार आकार ४ रहेको छ । काठमाडौं जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ४.९ प्रतिशत रहेको छ । साक्षरता दरलाई हेर्दा ८३.३ प्रतिशत रहेको पाइन्छ (जि.वि.स. २०७०) ।

### ४.१.३ प्रशासनिक विवरण (Administrative Description)

काठमाडौं जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजनलाई हेर्दा संसदीय निर्वाचन क्षेत्र १० वटा, इलाका क्षेत्र संख्या १५ वटा, महानगरपालिका १ वटा र नगरपालिका संख्या १० वटा रहेका छन् (www.DDC.Kathmandu).

### ४.१.४ हावापानी (Climate)

काठमाडौं जिल्लाको हावापानी सबै ठाउँमा एकैनास नभई उत्तरतिर भन्दा दक्षिणतिर आनुपातिक रुपले बढी तापक्रम हुने गरेको छ । हावापानीको हिसाबले हेर्ने हो भने यहाँ प्रायः समशितोष्ण भएतापनि भूतलीय स्वरुप अनुसार कहीं कहीं हिंउदमा हिंउ समेत पर्ने गर्दछ । हिन्द महासागरतिरबाट वहने दक्षिण-पश्चिम मनसुनी हावाले यस जिल्लामा वर्षा गराउंदछ । साधारणतयाः वर्षा ऋतुमा अधिकतम श्रावण महिनामा वर्षा हुने गरेको पाइन्छ । हिंउदमा समेत सामान्य वर्षा हुने गरेको पाइन्छ । यहाँको सापेक्षिक आद्रता ४० देखि ९० प्रतिशतसम्म पुग्ने गरेको पाइन्छ (जि.वि.स. २०७०) ।

## ४.२ कीर्तिपुर नगरपालिकाको परिचय (Introution of Kritipur Municipality)

नेपालका ७५ जिल्लाहरुमध्ये काठमाडौं जिल्लाभित्र पर्ने कीर्तिपुर नगरपालिका एक ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, सामाजिक तथा शैक्षिक महत्त्वका अतिरिक्त आफ्नो राजनीतिक एवं शैक्षिक महत्त्वसमेत सिद्ध गरिसकेको छ । तसर्थ यसको परिचय प्रस्तुत गर्नका निमित्त माथिको शीर्षकलाई तलको उपशीर्षकहरुमा बाँडेर हेर्नु आवश्यक हुन्छ ।

### ४.२.१ ऐतिहासिक विवरण (Historic Description)

कीर्तिपुर नेपालको एक ऐतिहासिक तथा सांस्कृतिक नगर हो । काठमाडौँ उपत्यका कुनै समयमा जलमग्न भएको अवस्थामा पनि यसका उच्चो भागहरुमा मानव वस्तिहरु रहेको र तीमध्ये कीर्तिपुर पनि एक हो । प्राचिन कालदेखि नै कीर्तिपुरमा मानव वस्ति रहेकोले गर्दा यहाँको संस्कृति तथा सांस्कृतिक सम्पदाहरु पनि प्राचिन नै मानिन्छन् । खासगरी वर्तमानको बाघभैरवको मन्दिर र उमामहेश्वरको मन्दिर आसपासमा पाईने विविध मूर्तिहरुका साथै चिलंचो विहार, जलविनायक मन्दिर, चोभार गल्छि, मञ्जुश्री गुफा, टौदह क्षेत्र आदि प्राचिन सांस्कृतिक सम्पदाहरु कीर्तिपुर नगर क्षेत्र भित्र पर्दछन् । यि सम्पदाहरु निकै प्राचीन भएकोले यस क्षेत्रमा बसोबास गर्ने जातिहरु हिन्दु र बौद्ध दुवै किसिमका भएको अनुमान हुन्छ । यहाँ पाइने सांस्कृतिक सम्पदाहरु नेवारी संस्कृतिसँग मिल्दोजुल्दो भएकोले कीर्तिपुरका मुख्य बासिन्दाहरु नेवार समुदाय नै भएको प्रष्ट हुन्छ भने अझै पनि नेवार जातिकै बाहुल्यता रहेको क्षेत्रको रुपमा कीर्तिपुरलाई लिने गरिनुले उक्त कुरालाई थप पुष्ट्याई गर्दछ (पासा, २०५०) ।

कीर्तिपुर क्षेत्रमा मनाइने प्रमुख  चडपर्वहरुमा इन्द्रायणी जात्रा, लाखे जात्रा, गणेश जात्रा ,कृष्ण जात्रा, बागभैरब जात्रा, गाईजात्रा, सातगाउँले जात्रा आदिनाथको एक महिने मेला, सिथिनख जात्रा आदि छन् । त्यसै गरी दशैं, तिहार, नागपञ्चमी, माघे सक्रान्ति लगायतका पर्वहरु पनि यस क्षेत्रमा मनाउने गरिन्छ । माथि उल्लेखित जात्रा तथा पर्वहरु लिच्छवि तथा मल्लकालीन विभिन्न राजाका समयदेखि मनाउन शुरु गरी आजपर्यन्त मनाउने गरिन्छ (पासा, २०५०) ।

मल्लकालीन समयका नेपाल मण्डलेश्वर उपाधिधारी राजा यक्ष मल्लको शासनकाल पछि उनका छोराहरु राय, रत्न र रण मल्लहरुले कान्तिपुर, भादगाउँ र पाटनलाई छुट्टाछुट्टै राज्य बनाई शासन गर्ने क्रममा कीर्तिपुर क्षेत्र त्यसबखत पाटन राज्य अर्न्तगत पर्दथ्यो । पछि वि.सं. १८१४ र १८२१ मा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार गर्ने क्रममा कीर्तिपुरमाथि आक्रमण गर्दा कीर्तिपुरे जनताले त्यसको डटेर सामना गरेका थिए । वि.सं.१८२२ चैत्र ३ मा गोरखालीहरुको करिब ६ महिनापछिको नाकाबन्दिले कीर्तिपुरले बाध्य भई हार खानु परेपछि कीर्तिपुर पहिले गोरखा र पछि विशाल नेपाल राज्यमा समाहित हुन पुगेको थियो (नेपाल, २०५५) ।

### ४.२.२ भौगोलिक स्थिती (Geographical Location)

काठमाडौँ उपत्यकाको दक्षिण-पश्चिम क्षेत्रमा उपत्यकादेखि करिव सात कि.मि. को दुरीमा अवस्थित कीर्तिपुर, काठमाडौँ महानगरपालिकाको प्रमुख नगरपालिकाहरुमध्येको एक हो । वि.स.२०५३ साल बैशाख १४ गते स्थापना भएको यस नगरपालिकामा तत्कालीन गा.वि.स. हरु चिठुविहार, पालिफल, विष्णुदेवी, बालकुमारी, चोभार, चम्पादेवी र बाहिरी गाउँलाई समेटेर निर्माण गरिएको र स्थापना कालदेखि नै कुल १९ वटा वडाहरुमा विभाजन गरिएको छ (कीर्तिपुर न.पा. २०७३) ।

भौगोलिक हिसाबले २७°१०' देखि २७°४२' उत्तरी अक्षांश तथा ८५°१०' देखि ८५°३३' पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाले १४.६७ वर्ग कि.मि. अर्थात् १८०१.३५ हेक्टर क्षेत्रफल ओगटेको छ । यस न.पा.को पूर्वी सिमाना ललितपुर उपमहानगरपालिकासँग बाग्मती नदीले छुट्याएको छ भने पश्चिममा चन्द्रागिरी नगरपालिका, उत्तरमा काठमाडौँ महानगरपालिका र चन्द्रगिरी नगरपालिका तथा दक्षिणी सिमाना दक्षिणकाली नगरपालिकासँग जोडिएको छ । समशितोष्ण हावापानी पाइने यस नगरपालिकामा बाग्मती, बल्खु र बोसन गरी तीनवटा नदी/खोला र एउटा टौदह पर्दछन् (कीर्तिपुर न.पा. २०७३) ।

### ४.२.३ जनसाङ्ख्यिकी अवस्था (Demographic Condition)

वि.सं. २०६८ सालको एघारौँ राष्ट्रिय जनगणना अनुसार कीर्तिपुर नगरपालिकाको कुल जनसङ्ख्या ६५,६०२ रहेको छ । यस न.पा. को कुल जनसङ्ख्यामध्ये पुरुषको जनसङ्ख्या ३६,४७६ अर्थात ५५.६०% र महिलाको जनसङ्ख्या २९,१२६ अर्थात ४४.४०% रहेको छ । यसरी नेपालको समग्र जनसङ्ख्यामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेता पनि यस न.पा. को हकमा भने त्यसको ठीक विपरित अर्थात पुरुषको जनसङ्ख्या ७,३५० ले बढी रहेको पाइन्छ । यस न.पा. मा १९,४४१ घरपरिवारको बसोबास रहेको छ भने औषत परिवार सदस्य सङ्ख्या ३.३८ जनाप्रति परिवार रहेको पाइन्छ । यस न.पा. को वार्षिक जनसङ्ख्या वृद्धिदर ४.८% रहेको छ, जुन नेपालको समग्र जनसङ्ख्या वृद्धिदर १.३५% भन्दा बढी हो । यसका अलवा डेराभाडा (बहाल) मा अस्थायी रुपमा बसोबास गर्नेहरुको सङ्ख्या पनि अत्याधिक रहेको पाइन्छ (कीर्तिपुर न.पा., २०७३) ।

### ४.२.४ सामाजिक विशेषताहरु (Social Features)

कीर्तिपुरमा प्राचिन आदिबासी जनजातिमूलका नेवार समुदाय रहेको पाईन्छ। यस न.पा. मा बसोबास गर्ने अन्य जातजातिहरुमा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ्ग, मगर, दमाई, कामी आदि रहेका छन् भने अन्य जातिको नगन्य सङ्ख्यामा बसोबास रहेको छ । कीर्तिपुर नगरपालिकाको जाती स्वरुपलाई तलको तालिकामा देखाईएको छ :-

**तालिका ४.१**

**कीर्तिपुरका प्रमुख जातजातीहरु-२०७३**

| क्र.सं. | जातजाती | जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| १ | नेवार | ६५.८३ |
| २ | क्षेत्री | २०.१४ |
| ३ | ब्राह्मण | ९.०२ |
| ४ | तामाङ | १.४२ |
| ५ | मगर | १.१० |
| ६ | अन्य | २.४९ |
| जम्मा | | १०० |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

माथिको तालिका ४.१ मा कीर्तिपुर नगरपालिकाको जातीगत विवरणलाई देखाईएको छ । जसअनुसार सबैभन्दा बढी जनसंख्या नेवार जातीको ६५.८३ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी क्षेत्री २०.१४, ब्राह्मण ९.०२, तामाङ १.४२, मगर १.१० र अन्य जाती २.४९ प्रतिशत रहेको देखिन्छ ।

कीर्तिपुर नगरपालिकामा मुख्य गरी नेवार जातीको बाहुल्यता भएकाले यहाँ बोलिने प्रमुख भाषा पनि नेपाल भाषा रहेको छ। नेपाल भाषा बाहेक नेपाली र तामाङ भाषा यस क्षेत्रमा बोलिने प्रमुख भाषा रहेका छन् । कीर्तिपुरमा बोलिने प्रमुख भाषाहरुलाई तल उल्लेख गरिएको छ :-

**तालिका ४.२**

**कीर्तिपुरमा बोलिने प्रमुख भाषाहरु-२०७३**

| क्र.सं. | प्रमुख भाषाहरु | जनसङ्ख्या |
|---|---|---|
| १ | नेपाल | ५९.३५ |
| २ | नेपाली | ३४.२२ |
| ३ | तामाङ | १.०२ |
| ४ | अन्य | ५.४१ |
| जम्मा | | १०० |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.२ लाई अध्ययन गर्दा कीर्तिपुर नगरपालिकामा बोलिने भाषाहरुमा सबैभन्दा बढी नेपाल भाषा ५९.३५ प्रतिशत, नेपाली ३४.२२, तामाङ १.०२ र अन्य भाषा ५.४१ प्रतिशतले बोल्ने गरेका छन् ।

### ४.२.५ धार्मिक तथा साँस्कृतिक अवस्था (Nature of Religious and Cultural)

कीर्तिपुर नगरपालिका नेपाल उपत्यकामा सबैभन्दा पहिला बस्ती बसेका क्षेत्रहरुमध्येको एक हो । यहाँका प्रमुख जातजातिहरुमा नेवार, ब्राह्मण, क्षेत्री, तामाङ्ग, मगर आदि रहेका छन् । विभिन्न धर्म मान्ने यी जातजातीहरुको आफ्नै किसिमको धार्मिक तथा आध्यात्मिक विश्वास, चालचलन र रीतिरिवाजहरु रहेका छन् । साँस्कृतिक रुपमा पनि यी विविध जातजातिहरुको आ आफ्नै जातिय तथा धार्मिक संस्कार अनुरुपका चाडपर्वहरु मनाउने परिपाटी रहेको छ । कीर्तिपुरको धार्मिक स्वरुपलाई तल उल्लेख गरिएको छ :-

**तालिका ४.३**

**कीर्तिपुरको नगरपालिकाको धार्मिक स्वरुप-२०७३**

| क.सं. | धर्म | जनसङ्ख्या |
|---|---|---|
| १ | हिन्दु | ७४.६७ |
| २ | बौद्ध | १७.९१ |
| ३ | क्रिश्चियन | ५.७८ |
| ४ | अन्य | १.६४ |
| जम्मा | | १०० |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.३ अनुसार कीर्तिपुरमा मुख्यतया हिन्दु धर्म मान्ने मानिसको बाहुल्यता रहेको पाइन्छ । जसअनुसार हिन्दु धर्म मान्ने ७४.६७ प्रतिशत, बौद्ध धर्म मान्ने १७.९१, क्रिश्चियन ५.७८ र अन्य धर्म मान्ने १.६४ प्रतिशत जनसंख्या रहेको छ ।

### ४.२.६ पूर्वाधारको अवस्था (Situation of Infrastructures)

कीर्तिपुर नगरपालिकाले नगरपालिका बन्नका लागि आवश्यक पर्ने सम्पूर्ण मापदण्डहरु पूरा गरेको तथा म.न.पा. र उ.म.पा. सँगै सिमाना जोडिएको उपत्यका भित्रै पर्ने एक नगरपालिका समेत भएको हुँदा यस नगरपालिकाको पूर्वाधारको विकास राम्ररी भएको पाइन्छ । कीर्तिपुर नगरपालिकाको पूर्वाधारको अवस्थालाई तलका विभिन्न उपशीर्षकहरुमा उल्लेख गरिएको छ :-

#### १. स्वास्थ्य (Health)

कीर्तिपुर नगरपालिकामा सरकारी स्तरको एउटा स्वास्थ्य केन्द्र तथा ८ वटा उप-स्वास्थ्य चौकीहरु रहेका छन् । त्यसै गरी निजी स्तरको एउटा अस्पताल र निजीस्तरका ३० वटा तथा सामुदायिक स्तरको एउटा क्लिनिक सञ्चालित रहेका छन् । यी स्वास्थ्य संस्थाहरुमा सबै गरी तालिम प्राप्त महिला स्वयंसेविकाहरुको सङ्ख्या ११३ जना रहेको पाइन्छ । यसरी हेर्दा कीर्तिपुरमा जनसङ्ख्याको हिसाबले स्वास्थ्य संस्थाहरु पर्याप्त नै रहेको मान्न सकिन्छ (कीर्तिपुर न.पा.,२०७३) ।

### २. पिउने पानी (Drinking Water)

समग्र काठमाडौँ उपत्यकामा खानेपानी समस्याको बारेमा बाराम्बार विभिन्न माध्यमहरुबाट समाचारहरु आइरहने र त्यो राष्ट्रिय बहसको विषय पनि हुने गरेको छ । यद्यपि उपत्यकाको पिउने पानी व्यवस्थापनको जिम्मा वि.स. २०६४ फागुन १ गतेबाट काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (KUKL) दिएपछि यहाँको पिउने पानीको केही मात्रामा भए पनि सहज आपूर्ति हुँदै आएको महशुस हुन्छ ।

कीर्तिपुर नगरपालिकाको हकमा यस क्षेत्रमा निजी प्रयोगका ४,३७० वटा धाराहरु तथा सार्वजनिक प्रयोगका १० वटा धाराहरु रहेका छन् । त्यसै गरी यहाँ २५,७०,००० लिटर क्षमताको ट्याङ्की पनि रहेको छ । यसरी यहाँको पिउने पानीको समस्या टर्दै आएको भएतापनि बेलाबखतमा कुनै-कुनै स्थानमा उत्पन्न हुने समस्यालाई ट्याङ्कर र जारको पानी खरिद गरी टार्ने गरेको पाइन्छ । यस नगरपालिकामा लुगाधुने, सरसफाइ गर्ने तथा सिंचाइ लगायतका कार्यमा आवश्यक पर्ने पानी इनार खनेर उपलब्ध हुने पानीबाट आपूर्ति गरिएको छ (कीर्तिपुर न.पा.,२०७३) ।

### ३. सरसफाई (Sanitation)

समयमै उचित किसिमले व्यवस्थापन गर्न नसकिएमा शहरीकरणसँगै बढ्ने जनसङ्ख्या र त्यसले उत्पन्न गर्ने फोहोरमैलाले शहरलाई नै प्रदुषित पार्नु अस्वभाविक होइन । कीर्तिपुर पनि घना बसोबास भएको एक शहर भएको हुँदा यहाँ दैनिकजस्तो १६ टन फोहोर उत्पादन हुने गरेको छ, र त्यसमध्ये ९ टनजति फोहोरलाई विभिन्न चारवटा संस्थाहरुले सङ्कलन गर्ने गरेका छन् । यस न.पा.का कुल घरधुरी १९,४४१ मध्ये १५०० घरधुरी सङ्ख्याले प्लाष्टिकजन्य फोहोर संकलन तथा १४७५ घरधुरीले घरबाट उत्पन्न हुने फोहोरलाई कम्पोष्ट मल बनाउने गरेको पाइन्छ (कीर्तिपुर न.पा.,२०७३) ।

### ४. विद्युत तथा सञ्चार (Electricity and Communication)

कीर्तिपुर न.पा. ले विद्युत तथा सञ्चार क्षेत्रमा उल्लेख्य प्रगति गरेको पाइन्छ । यस न.पा. को कुल क्षेत्रमध्ये ९९% क्षेत्र विद्युतीकरण भइसकेको छ भने बाँकी एक प्रतिशत क्षेत्रमा विद्युतीकरण हुन सकेको छैन । यस नगरपालिकाको सञ्चार सेवाको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ :-

**तालिका ४.४**

**कीर्तिपुर नगरपालिकाको संचार सेवाको अवस्था-२०७३**

| सञ्चार सेवा | सङ्ख्या |
|---|---|
| टेलिफोन सेवा | ७२५० |
| इलाका हुलाक | १ |
| साप्ताहिक पत्रिका | ४ |
| केवल नेटवर्क | २ |
| टेलिभिजन | १ |
| एफ.एम. | १ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.४ मा कीर्तिपुर नगरपालिकाको संचार सेवाहरुको अवस्थालाई देखाइएको छ । जस अनुसार टेलिफोन सेवा ७,२५०, इलाका हुलाक १ वटा, साप्ताहिक पत्रिका ४ वटा, केवल नेटवर्क २ वटा, टेलिभिजन १ वटा र १ वटा एफ.एम. रहेको पाइन्छ ।

**५. मनोरञ्जन तथा खेलकुद** (**Intertainment and Athelatic**)

कीर्तिपुर न.पा.मा मनोरञ्जन तथा खेलकुदका लागि प्रशस्त स्थानहरु निर्माण गरिएका छन् । यहाँको मनोरञ्जन र खेलकुदको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ :-

**तालिका ४.५**

**कीर्तिपुर नगरपालिकाको मनोरञ्जन तथा खेलकुद अवस्था-२०७३**

| मनोरञ्जन तथा खेलकुदस्थल | सङ्ख्या (वटा) |
|---|---|
| पार्क | ४ |
| अन्तर्राष्ट्रिय क्रिकेट खेलमैदान | १ |
| फुटबल कोर्ट | २ |
| बास्केटबल कोर्ट | ३ |
| भलिबल कोर्ट | ३ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.५ अनुसार कीर्तिपुर नगरपालिकामा पार्क ४ वटा, अन्तर्राष्ट्रिय क्रिकेट मैदान १ वटा, फुटबल कोर्ट २ वटा, बास्केटबल कोर्ट ३ वटा र भलिबल कोर्ट ३ वटा रहेका छन् । उल्लिखित बाहेक पनि यस क्षेत्रमा फुटबल, भलिबल, बास्केटबल, क्रिकेट, टेबलटेनिस, ब्याडमिन्टन लगायतका खेलहरु खेल्नका लागि अन्य क्षेत्रका विभिन्न विद्यालय, कलेज तथा क्लबहरुले पनि आ-आफ्नो क्षेत्रमा खेल मैदान निर्माण गरेका छन् ।

### ६. सुरक्षा (Security)

कीर्तिपुर न.पा. मा सुरक्षा व्यवस्था राम्रो रहेको पाइन्छ । यहाँ महानगरीय प्रहरी प्रभाग, कालिञ्चोक शसस्त्र प्रहरी गण, महानगरीय ट्राफिक प्रहरी प्रभाग र सामुदायिक प्रहरीका एक-एक वटा शाखाहरु रहेका छन् (कीर्तिपुर न.पा. २०७३) ।

### ७. विद्यालय तथा क्याम्पसको अवस्था (Situation of School and Campus)

शिक्षा नै विकासको मेरुदण्ड हो, सोही तथ्यलाई आधार मानि यस नगरपालिकामा पनि धेरै सरकारी तथा निजी विद्यालय तथा क्याम्पसहरु स्थापना गरेको पाइन्छ, जुन तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.६**

**कीर्तिपुर नगरपालिकाको शैक्षिक संस्थाको विवरण-२०७३**

| शिक्षण संघसंस्था | निजी | सरकारी | जम्मा |
|---|---|---|---|
| त्रिभुवन विश्वविद्यालय | ० | १ | १ |
| क्याम्पस | २ | ० | २ |
| उ.मा.वि. | ३ | ३ | ६ |
| मा.वि. | १८ | १० | २८ |
| प्रा.वि. | ४ | ६ | १० |
| महिला विद्यालय | १ | ० | १ |
| शिशु स्याहार केन्द्र | ० | ४ | ४ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.६ अनुसार कीर्तिपुर न.पा. मा त्रिभुवन विश्वविद्यालयका साथै सरकारी स्तरका प्रा.वि. ६ वटा, मा.वि. १० वटा, उच्च मा.वि. ३ वटा, शिशु स्याहार केन्द्र तथा निजी

स्तरमा प्रा.वि. ४ वटा, मा.वि. १८ वटा, उच्च मा.वि. ३ वटा र क्याम्पस २ वटा रहेको देखिन्छ ।

### ४.२.७ आर्थिक अवस्था (Socio –Economic Status)

कीर्तिपुर नगरपालिकाको आर्थिक अवस्थालाई अध्ययन गर्दा निम्न उपशीर्षकमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :-

### १. उद्योग, पेशा र व्यवसाय (Industries, Profession and Business)

कीर्तिपुर नगरपालिकाको प्रमुख व्यवसाय व्यापार हो । त्यसै गरी कृषि र घरभाडा पनि पेशा,व्यवसायकै रुपमा फस्टाएका छन् । यिनीहरुका अतिरिक्त निजी तथा सरकारी जागिर, बैंक तथा सहकारी, ट्युसन सेन्टरहरु, शिक्षण लगायतका अन्य थुप्रै पेशागत तथा व्यवसायिक संस्थाहरु सञ्चालित छन् (कीर्तिपुर न.पा.२०७३) ।

### २. भू-उपयोग (Land Holding)

कीर्तिपुर न.पा.को भूमि सबै ठाउँमा समान खालको छैन । यहाँको भू-भागलाई कृषि भूमि, वन क्षेत्र, आवास क्षेत्र, संघसंस्था क्षेत्र, उद्योग क्षेत्र र खोलानाला बगरले ओगटेको क्षेत्रको रुपमा विभाजन गरिएको छ । कीर्तिपुर नगरपालिकाको भू-उपयोगको अवस्थालाई तलको तालिकामा देखाइएको छ :-

**तालिका ४.७**

**कीर्तिपुर नगरपालिकाको भू-उपयोगको अवस्था-२०७३**

| क्र.सं. | भूमि/क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १ | कृषि भूमि | ६.६७५ |
| २ | वन क्षेत्र | २.४०६ |
| ३ | आवास क्षेत्र | १.०९८ |
| ४ | संघसंस्था क्षेत्र | ०.४६२ |
| ५ | उद्योग क्षेत्र | ०.११२९ |
| ६ | खोलानाला /बगर | १.२७५९ |
| जम्मा | | १४.६७ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.७ मा कीर्तिपुर नगरपालिकाको भू-उपयोगको अवस्थालाई देखाइएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १४.७६ वर्ग कि.मि रहेको छ । जसमध्ये कृषि भूमि ६.६७५ वर्ग कि.मि., वन क्षेत्र २.४०६, आवास क्षेत्र १.०९८, सङ्घसंस्था क्षेत्र ०.४६२, उद्योग क्षेत्र ०.११२९ र खोलानाला बगरले ओगटेको क्षेत्र १.२७५९ वर्ग कि.मि.रहेको छ ।

**३.वित्तीय संघसंस्था (Financial Organization)**

कीर्तिपुर नगरपालिकामा नेपालमा रहेका प्रमुख वित्तीय संस्थाहरुका शाखा र विभिन्न निजी बैङ्क तथा सहकारी संस्थाहरु रहेका छन् । कीर्तिपुर नगरपालिकामा रहेका वित्तीय संघसंस्थाको तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ :-

**तालिका ४.८**

**कीर्तिपुर नगरपालिकामा रहेका वित्तीय संघसंस्थाहरु-२०७३**

| क्र.सं. | वित्तीय सङ्घसंस्थाहरु | संख्या |
|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैंक | १ |
| २ | नेपाल बैंक लिमिटेड | १ |
| ३ | कृषि विकास बैंक | १ |
| ४ | एस डेभलपमेन्ट बैंक | १ |
| ५ | एभरेष्ट बैंक लिमिटेड | १ |
| ६ | एन.आई.सी. बैंक | १ |
| ७ | सिटिजन बैंक | १ |
| ८ | ग्लोबल बैंक | १ |
| ९ | सिभिल बैंक | १ |
| १० | सहकारी संस्था | ८६ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.८ मा नेपालमा भएका वाणिज्य बैंकहरुमध्ये विभिन्न ९ वटाको एकएक वटा शाखा कीर्तिपुरमा रहेको तथा ८६ वटा सहकारी संस्थाहरु रहेको कुरालाई देखाइएको छ ।

## ४.३ कुखुरापालन व्यवसायको वर्तमान अवस्था (Current Situation of Poultry Firm)

यस अध्ययनमा कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नको लागि काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ७ सल्यानथानमा अवस्थित रमेश पोल्ट्री फर्मलाई छनोट गरिएको हो । यो फर्म वि.सं. २०७० सालबाट शुरु गरिएको हो र यस फर्म सञ्चालन गर्नको लागि रु.५ लाख वार्षिक १४ प्रतिशत व्याजदर तिर्ने गरी ऋण लिएर २५०० वर्ग मि. क्षेत्रफल भएको खोर भाडामा लिई व्यवसाय शुरु गरिएको कुरा स्थलगत सर्वेक्षणमा पाइएको छ । यस फर्ममा २ जना स्थायी कामदार राखिएको छ र साथै आवश्यक परेका बेला अन्य दैनिक ज्यालादारी श्रमिक पनि लगाइने गरेको पाइयो । खोरको क्षमता अनुसार एक पटकमा २५०० कुखुरा पाल्ने गरेको पाइयो । साथै फर्ममा ब्रोइलर कुखुरा मात्र पाल्ने गरेको पाइयो । अध्ययनका क्रममा गरिएको स्थलगत सर्वेक्षण अनुसार उक्त फर्ममा चल्ला, दाना, औषधी, भ्याक्सिन र कुखुरा खरिद गर्नका लागि स्युचटार तथा कीर्तिपुरमा रहेको दाउन्ने ह्याचरीको शाखा बाट सेवा प्राप्त गर्ने गरेको पाइयो । जसका कारण कुखुरा विक्री गर्न बजारको समस्या नरहेको पाइएको छ । वरिपरि खुल्ला वातावरणमा रहेको फर्मको निर्माण बाँस तथा जालि तारको माध्यमबाट निर्माण गरिएको देखियो । फर्ममा रहेका दुई जना स्थायी कामदारले फर्ममा रहेका कुखुरालाई दाना, पानी, औषधी, भ्याक्सिन तथा सरसफाई गर्ने, तापक्रम सन्तुलन गराउने कार्य गर्ने गरेको देखियो । उक्त कार्य गर्नका लागि कुखुरा फर्म नजिकै कामदार बस्नका लागि सानो घर पनि बनाइएको छ ।

### ४.३.१ कुखुरापालन व्यवसायीको पारिवारिक विवरण (Daetails of Poultry Farmer's Family)

यस अध्ययन अन्तर्गत रमेश पोल्ट्री फर्मको कुखुरापालन व्यवसायीको समग्र अवस्था पत्ता लगाउनको लागि फर्मका व्यवसायीको परिवारको उमेरगत विवरण, लैङ्गिक विवरण, शैक्षिक विवरण, वैवाहिक स्थिति तथा उपशीर्षकहरुमा व्याख्या गरिएको छ । यस फर्ममा कुखुरापालन व्यवसायमा संलग्न भएका व्यवसायीको पारिवारिक सदस्यको विवरण पत्ता लगाउन स्थलगत सर्वेक्षण गरिएको थियो, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.९**

**कुखुरापालन व्यवसायीको पारिवारिक विवरण-२०७२**

| क्र.सं | उमेर समूह | संख्या | पुरुष | महिला | विवाहित | अविवाहित | निरक्षर | प्रा.वि | मा.वि. | उच्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०-१० | १ | १ | ० | ० | १ | ० | १ | ० | ० |
| २ | १०-२० | १ | ० | १ | ० | १ | ० | ० | ० | १ |
| ३ | २०-३० | १ | ० | १ | १ | ० | ० | ० | १ | ० |
| ४ | ३०-४० | १ | १ | ० | १ | ० | ० | ० | १ | ० |
| ५ | ४०-५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ५०-६० | २ | १ | १ | २ | ० | १ | १ | ० | ० |
| जम्मा | | ६ | ३ | ३ | ४ | २ | १ | २ | २ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.९ लाई अध्ययन गर्दा रमेश पोल्ट्री फर्मका व्यवसायीको परिवारमा ०-१० वर्षका १ जना, १०-२० वर्षका १ जना, २०-३० वर्षका १ जना, ३०-४० वर्षका १ जना, ५०-६० वर्षका २ जना सदस्य रहेको देखियो । उनीहरुमध्ये पुरुष ३ जना र महिला ३ जना रहेको पाइयो । त्यस्तै वैवाहिक अवस्थालाई अध्ययन गर्दा ४ जना विवाहित र २ जना अविवाहित रहेको पाइयो । उनीहरुको शिक्षाको अवस्थालाई अध्ययन गर्दा निरक्षर १ जना, प्रा.वि. सम्मको शिक्षा प्राप्त १ जना, प्रा.वि.अध्ययन गर्दै गरेको १ जना, मा.वि. सम्मको शिक्षा प्राप्त २ जना र उच्च मा.वि. अध्ययन गर्दै गरेको १ जना रहेको देखिन्छ ।

### ४.३.२ कुखुरा फर्मका कामदारको पारिवारिक विवरण (Daetails of Poultry Firm's Workers)

अध्ययन गरिएको रमेश पोल्ट्री फर्ममा स्थायी रुपमा काम गर्नका लागि २ जना कामदार राखिएका र ती कामदारहरु श्रीमान श्रीमति रहेको पाइयो । उनीहरु फर्मको नजिकै निर्माण गरिएको घरमा बस्ने गरेको पाइयो । फर्ममा कार्यरत स्थायी कामदारको उमेर, पारिवारिक स्थिति तथा शैक्षिक योग्यतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.१०**

**पोल्ट्री फर्ममा कार्यरत कामदारको पारिवारिक विवरण-२०७२**

| क.सं. | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | ४५ वर्ष | पुरुष | विवाहित | प्रा.वि. |
| २. | ३९ वर्ष | महिला | विवाहित | निरक्षर |
| ३. | १७ वर्ष | पुरुष | अविवाहित | उच्च मा.वि. |
| ४. | १४ वर्ष | महिला | अविवाहित | नि.मा.वि. |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१० मा रमेश पोल्ट्री फर्ममा कार्यरत स्थायी कामदारको पारिवारिक विवरणलाई देखाएको छ । जसमा २ जना स्थायी कामदार जसमा एकजना ४० वर्षको पुरुष र एकजना ३७ वर्षको महिला रहेको तथा दुवै विवाहित रहेको पाइयो । दुईजनामध्ये एकजना प्रा.वि. सम्मको अध्ययन गरेको तथा एक जना निरक्षर रहेको पाइयो । उनीहरुका एक जना छोरा १७ वर्षको र एक जना छोरी १४ वर्षकी पढ्दै गरेको पाइयो ।

### ४.३.३ उत्पादन प्रक्रिया (Process of Production)

यस अनुसन्धानका क्रममा गरिएको स्थलगत सर्वेक्षण २०७३ अनुसार नमूनामा परेको रमेश पोल्ट्री फर्मको उत्पादन प्रक्रिया यसप्रकार रहेको छ ।

**१. कुखुरा तयारी समय (Time for Chicken Production)**

यस अनुसन्धानका क्रममा गरिएको स्थलगत सर्वेक्षण २०७३ अनुसार कुखुराको एक चक्र वा एक लट तयार हुन ८ हप्ता लाग्ने र उक्त फर्ममा एक वर्षमा ५ चक्र वा ५ लट कुखुरा पाल्ने गरेको पाइयो ।

**२. मूल्य (Price of Chicken)**

कुखुराको मासुको मूल्यमा आएको परिवर्तनसँगै कुखुराको मूल्यमा पनि परिवर्तन आउने गरेको स्थलगत सर्वेक्षणबाट पत्ता लाग्यो । जसका आधारमा २०७१ सालमा कुखुराको औषत मूल्य रु.१९५ र २०७२ सालमा कुखुराको औषत मूल्य रु.२१५ रहेको पाइयो । यसैका आधारमा रमेश पोल्ट्री फर्मको आयको गणना गरिएको छ ।

### ३. मृत्युदर (Mortality Rate)

अध्ययनका क्रममा गरिएको स्थलगत सर्वेक्षण अनुसार एक लटमा औषत १० प्रतिशत कुखुरा मर्ने गरेको पाइयो ।

### ४. तौल (Weight)

सबै कुखुराको तौल बराबर नहुने हुनाले यस अध्ययनमा पनि स्थलगत सर्वेक्षणका आधारमा औषत तौल २.२ कि.ग्रा. मानेर गणना गरिएको छ ।

## ४.४ कुखुरापालन व्यवसायको लागत (Cost of Poultry Firm)

कुनै पनि वस्तु उत्पादन गर्दा लाग्ने सम्पूर्ण खर्चलाई लागत भनिन्छ । अर्थात उत्पादन कार्यमा उत्पादनका साधनहरु प्रयोग गरिएवापत तिर्नुपर्ने मूल्य वा रकम नै लागत हो । लागतले उत्पादन र लगानी बीच निर्णय गर्न सहयोग पुऱ्याएको हुन्छ । कुनै पनि वस्तु शुन्य लागतमा उत्पादन हुन सक्दैन भने अर्कोतर्फ उद्योग, फर्म, कलकारखाना, व्यवसाय आदिको लागत अति महत्त्वपूर्ण कुरा हो । जसले सम्पूर्ण व्यवसायको आर्थिक अवस्थाको यथेष्ट सूचना प्रदान गरेका कारण मूल्य निर्धारण गर्नमा सघाउ पुऱ्याउँदछ । यस अध्ययनमा पनि कुखुरापालन फर्मको स्थिर लागत र परिवर्तनशील लागतको व्याख्या गरिएको छ

### १. स्थिर लागत (Fixed Cost)

अल्पकालमा उत्पादन प्रक्रियामा स्थिर साधनहरु जस्तै भूमि, पूँजी आदिमा लाग्ने लागतलाई स्थिर लागत भनिन्छ । अल्पकालमा केहि साधनहरु पविर्तन गर्न नसकिने खालका हुन्छन्, यिनै साधनहरुलाई दिइने रकम नै स्थिर लागत हो । यस अध्ययनमा कुखुरापालन व्यवसायमा लाग्ने खोरभाडा, स्थायी कामदारलाई दिने मासिक तलब व्याज र करलाई स्थिर लागत मानिएको छ । यस पोल्ट्री फर्ममा गरिएको स्थिर लागतलाई निम्न शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

#### क) खोर भाडा (Rent of Coop)

यस अध्ययनमा नमूनाको रुपमा छनोट गरिएको रमेश पोल्ट्री फर्ममा गई गरिएको स्थलगत सर्वेक्षण अनुसार रमेश पोल्ट्री फर्मका व्यवसायीले वार्षिक रु.४०,००० तिर्ने गरी २,५०० कुखुरा अट्ने खोर भाडामा लिएको पाइयो ।

**ख) तलब (Salary)**

यस पोल्ट्री फर्ममा कार्यरत स्थायी कामदारको तलबलाई स्थिर लागतको रुपमा समावेश गरिएको छ । उक्त फर्ममा २ जना स्थायी कामदार रहेको पाइयो । प्रत्येक कामदारलाई २०७१ सालमा मासिक रु.११,००० र २०७२ सालमा एक जना कामदारलाई रु.१२,००० का दरले मासिक रुपमा तलब दिइएको रहेछ ।

**ग) व्याज (Interest)**

रमेश पोल्ट्री फर्म २०७० सालमा शुरु गर्ने बेलामा रु.५,००,००० बैंकबाट ऋण लिएको र वार्षिक रुपमा रु १ लाखका दरले घटाउदै आएको पाइयो । उक्त ऋणको वार्षिक व्याज १४ प्रतिशतका दरले तिर्ने गरेको पाइयो । जसलाई स्थिर लागतमा समावेश गरिएको छ ।

यस अध्ययनमा छनोट गरिएको फर्मको २०७१ र २०७२ सालको स्थिर लागतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.११**

**फर्मको स्थिर लागत विवरण**

| क्र.सं. | लागत शीर्षक | रकम रु.मा | | | |
|---|---|---|---|---|---|
| | | २०७१ साल | प्रतिशत | २०७२ साल | प्रतिशत |
| १ | खोर भाडा | ४०,००० | १.०४ | ४०,००० | १.०१ |
| २ | तलब (२ स्थायी कामदारको) | २,६४,००० | ६.८९ | २,८८,००० | ७.३१ |
| ३ | व्याज | ५६,००० | १.४६ | ४२,००० | १.०६ |
| जम्मा | | ३,६०,००० | ९.३९ | ३,७०,००० | ९.३८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.११ मा रमेश पोल्ट्री फर्मको २०७१ र २०७२ सालको स्थिर लागतलाई देखाइएको छ । जसअनुसार २०७१ सालको स्थिर लागत खोर भाडा वार्षिक रु.४०,००० (१.०४%), दुई जना स्थायी कामदारको तलब मासिक रु.११,००० का दरले वार्षिक रु.२,६४,०००(६.८९%) र सहकारीमा बुझाएको व्याज रु.५६,०००(१.४६%) रहेको छ । कुल स्थिर लागत रु.३,६०,००० कुल लागतको ९.३९% रहेको छ । त्यस्तै गरी २०७२ सालको स्थिर लागत खोर भाडा रु.४०,०००(१.०१%), स्थायी कामदारको तलब रु.२,८८,०००

(७.३१%) र बैङ्कको व्याज रु.४२,००० (१.०६%), गरी कुल स्थिर लागत रु.३,७०,००० कुल लागतको ९.३८% रहेको छ ।

**२. परिवर्तनशील लागत (Variable Cost)**

उत्पादनका परिवर्तनशील साधनहरु जस्तै कच्चा पदार्थ, ज्याला, ढुवानी, इन्धन तथा उर्जा खर्च आदिमा लागेको खर्चलाई परिवर्तनशील लागत भनिन्छ । परिवर्तनशील लागत भनेका ती हुन, जुन उत्पादन प्रक्रिया अघि बढाउँदै जादा वा उत्पादन वृद्धि गर्दै जाँदा परिवर्तन हुँदै जान्छन । यस अध्ययनमा छनोट गरिएको रमेश पोल्ट्री फर्मको परिवर्तनशील लागतमा चल्ला, दाना, औषधी, पानी, विद्युत महशुल, भुस आदिको खर्चलाई समावेश गरिएको छ । जुन निम्नानुसार रहेका छन् ।

**क) चल्ला खरिद (To Purchase Chicks)**

रमेश पोल्ट्री फर्ममा एक लटमा २,५०० वटा कुखुराका चल्ला पाल्ने गरेको पाइयो । चल्ला खरिद गर्दा लाग्ने लागतलाई परिवर्तनशील लागत मानिएको छ । एक वर्षमा ५ पटक चल्ला किन्ने गरेको स्थलगत सर्वेक्षणमा पाइयो ।

**ख) औषधी (Medicine)**

कुखुराका चल्ला अत्यन्तै संवेदनशील हुने हुनाले तिनीहरुलाई हुर्काउन अलि बढी हेरचाह र उपयुक्त तापक्रम, हावापानी, गुणस्तरीय दाना आवश्यक पर्दछ । यसका साथै भिटामिन तथा भ्याक्सिन पनि समय समयमा दिइराख्नुपर्दछ । यस फर्ममा औषधी तथा भ्याक्सिनमा लाग्ने लागतलाई परिवर्तनशिल लागतमा समावेश गरि अध्ययन गरिएको छ ।

**ग) दाना (Feed)**

कुखुरापालन व्यवसायमा बढी प्रतिफल प्राप्त गर्नका लागि गुणस्तरीय चल्लाका साथै गुणस्तरीय दानाको पनि आवश्यकता पर्दछ । अनुसन्धानमा छनोट गरिएको रमेश पोल्ट्री फर्ममा एक लटमा २,५०० कुखुरा पाल्दा औषत रुपमा २०० बोरा दाना आवश्यक पर्ने देखियो । जसका लागि लाग्ने लागतलाई परिवर्तनशील लागतमा समावेश गरिएको छ ।

**घ) धानको भुस (Husk of Rice)**

कुखुरापालन व्यवसायका लागि आवश्यक पर्ने अर्को चिज भनेको धानको भुस हो । कुखुरालाई अलि सुख्खा, ओबानो ठाउँको आवश्यकता पर्दछ । कुखुराको मल बढी गन्ध आउने र ओसिलो खालको हुनाले यसलाई सुख्खा राख्न तथा पछि खेतीका लागि मलको रुपमा प्रयोग गर्नका लागि धानको भुसको आवश्यकता पर्दछ । अनुसन्धान गरिएको रमेश

पोल्ट्री फर्मका लागि प्रतिलट औषत १५० बोरा धानको भुसको आवश्यकता पर्ने गरेको पाइयो । जसको लागत मूल्यलाई परिवर्तनशील लागत मा समावेश गरी तालिकामा प्रस्तुत गरिएको छ ।

**ङ) पानी (Water)**

कुनै पनि जीवजन्तु वा पशुपन्छीका लागि पानी अपरिहार्य कुरा हो, त्यस्तै गरी कुखुरापालन व्यवसाय संचालन गर्दा पनि आवश्यक पानीको व्यवस्था गर्नुपर्ने देखिन्छ । कुखुरालाई खानाका लागि तथा सरसफाइका लागि पनि पानीको आवश्यकता पर्दछ । अध्ययन गरिएको पोल्ट्री फर्ममा पनि आवश्यक पर्ने पानी ट्याङ्करबाट किन्ने गरेको पाइयो । स्थलगत सर्वेक्षण अनुसार एक लट कुखुराका लागि ४ ट्याङ्कर (७,००० लि.को) पानी आवश्यक पर्ने गरेको पाइयो ।

**च) काठको भुस (Wooden Powder)**

ब्रोइलर कुखुराका निकै संवेदनशील प्राणी हो, यो गाउँघरमा पालिने लोकल कुखुराजस्तो जाडो तथा गर्मीमा सजिलै समायोजन हुन सक्दैन । तसर्थ यसलाई आवश्यक तापक्रममा पनि निकै ध्यान दिनुपर्ने र जाडोयाममा यसलाई आवश्यक ताप प्रदान गर्न काठको भुस बालेर खोर तातो बनाउने गरेको पाइयो र वार्षिक २ लट कुखुरा जाडो मौसममा पर्ने गरी पालिदो रहेछ । अध्ययन गरिएको रमेश पोल्ट्री फर्ममा २ लट कुखुरालाई तातो प्रदान गर्नका लागि प्रतिलट ४० बोरा काठको भुस खरिद गर्ने गरेको पाइयो ।

**छ) विद्युत (Electricity)**

ब्रोइलर कुखुराका लागि आवश्यक तापक्रम सन्तुलन गराइराख्नुपर्दछ । यो जात थोरै चिसोमा पनि समायोजन हुन नसकि मर्ने गर्दछ । जसले गर्दा यसलाई आवश्यक ताप प्रदान गर्न ताप दिने बत्तिहरु बालिराख्नुपर्ने हुन्छ । जसकारण विद्युत महशुल पनि बढी आउने गर्दछ । नमूना फर्ममा गरिएको सर्वेक्षण अनुसार एक लट कुखुरा तयार पार्दासम्म ४० युनिट विद्युतको आवश्यक पर्ने देखियो ।

**ज) अन्य (Others)**

माथि उल्लेख गरेभन्दा बाहेक कुखुरापालन व्यवसायका लागि अन्य कुराहरुको पनि लागत लाग्ने गर्दछ । बेलाबेलामा स-साना सामग्रीहरु आवश्यक पर्दछन, त्यस्ता सामग्रीहरुको मूल्यलाई अन्य भनी समावेश गरिएको छ । यसअर्न्तगत दाना, पानी राख्ने भाँडा, मल उठाउने भाँडा, खोरमा काम गर्दा लगाउने कपडा आदि पर्दछन् । अनुसन्धान गरिएको रमेश

पोल्ट्री फर्मको २०७१ र २०७२ सालको परिवर्तनशील लागतलाई तलको तालिकाहरुद्धारा प्रष्ट पारिएको छ । जसमा चल्लालाई प्रतिगोटा, दानालाई प्रतिबोरा, औषधी प्रतिलट, पानी प्रति ट्याङ्कर (७,००० लि.), भुस प्रतिबोरा, विद्युत प्रतियुनिट एकाइमा राखिएको छ :-

**तालिका ४.१२**

**फर्मको परिवर्तनशील लागत विवरण-२०७१**

| शीर्षक | प्रतिएकाइ दर रु.मा | प्रतिलट परिमाण | प्रतिलट लागत रु.मा | वार्षिक लागत रु.मा | प्रतिशत |
|---|---|---|---|---|---|
| चल्ला | ४७ | २५०० | १,१७,५०० | ११,७,५००×५=५,८७,५०० | १५.३१ |
| दाना | २,४९० | २०० | ४,९८,००० | ४,९८,०००×५=२४,९०,००० | ६४.९० |
| औषधी | - | - | ४५,००० | ४५,०००×५=२,२५,००० | ५.८६ |
| धानको भुस | १४० | १५० | २१,००० | २१,०००×५=१,०५,००० | २.७३ |
| पानी | १,७०० | ४ | ६,८०० | ६,८००×५=३४,००० | ०.८९ |
| काठको भुस | २९० | ४० | ११,६०० | ११,६००×२=२३,२०० | ०.६० |
| विद्युत | १२ | ४० | ४८० | ४८०×५=२,४०० | ०.०६ |
| अन्य | - | - | २,००० | २,०००×५=१०,००० | ०.२६ |
| जम्मा | | | ७,०२,३८० | ३४,७७,१०० | ९०.६१ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१२ लाई अध्ययन गर्दा रमेश पोल्ट्री फर्मको २०७१ सालको परिवर्तनशील लागत विवरणलाई उल्लेख गरिएको छ । जसअनुसार फर्ममा कुखुराका चल्ला प्रतिलट २५०० वटा पालिने गरिएको छ । प्रतिचल्ला औषत मूल्य रु ४७ ले एकलटमा २५०० चल्लाको रु.१,१७,५०० पर्दछ । एक वर्षमा ५ लट चल्ला किन्दा रु.५,८७,५००(१५.३१%) वार्षिक रुपमा चल्लाको पर्दछ । तालिकालाई हेर्दा २५०० कुखुरालाई बेच्ने बेलासम्म २०० बोरा दाना आवश्यक पर्दोरहेछ । दानाको औषत मूल्य प्रतिबोरा रु.२,४९० का दरले २०० बोराको रु.४,९८,००० पर्दोरहेछ अर्थात प्रतिलट दानाको लागत रु.४,९८,००० पर्दोरहेछ र वार्षिक रुपमा ५ लटका लागि दानामा रु.२४,९०,०००(६४.९०%) खर्च हुने रहेछ । त्यस्तै गरी

२५०० कुखुराको औषधी, भ्याक्सिन मा प्रतिलट औषत लागत रु.४५,००० का दरले वार्षिक रुपमा रु.२,२५,०००(५.८६%) लागत लाग्दो रहेछ । धानको भुस प्रतिलट १५० बोरा आवश्यक पर्दोरहेछ जसको प्रतिबोरा रु.१४० का दरले एकलटमा रु.२१,००० र वार्षिक रु.१,०५,०००(२.७३%) लागत धानको भुसका लागि लाग्दो रहेछ । तालिका अनुसार २५०० कुखुराका लागि प्रतिलट ४ ट्याङ्कर पानी चाहिदो रहेछ, प्रति ट्याङ्कर रु.१,७०० का दरले प्रतिलट रु.६,८०० पानीमा खर्च हुँदो रहेछ । वार्षिक रुपमा रु.३४,००० (०.८९%) पानीको लागत लाग्दो रहेछ । त्यस्तै जाडो मौसममा कुखुरालाई न्यानो बनाउनका लागि काठको भुस बाल्नुपर्नेरहेछ, वर्षमा २ लट जाडो मौसममा पर्दोरहेछ । एक लटमा ४० बोरा काठको भुस चाहिँदो रहेछ जसको प्रतिबोरा मूल्य रु.२९० का दरले प्रतिलट रु.११,६०० लाग्दोरहेछ र वार्षिक दुई लटका लागि रु.२३,२००(०.६०%) लाग्ने रहेछ । फर्मको विद्युत महशुल प्रतिलट ४८० का दरले वार्षिक रुपमा रु.२,४००(०.०६%) लाग्ने गरेको पाइयो । यसबाहेक अन्यका लागि प्रतिलट रु.२,००० का दरले वार्षिक रु.१०,०००(०.२६%) लागेको पाइयो । यि सबै लागतहरुलाई जोड्दा वार्षिक परिवर्तनशील लागत रु.३४,७७,१०० कुल लागतको (९०.६१%) लाग्ने गरेको पाइयो ।

कुनै पनि वस्तुको मूल्य अपरिवर्तनशील हुँदैन, किनकी उक्त वस्तु उत्पादन गर्दा लाग्ने लागत सधैं स्थिर प्रकारको हुँदैन । फर्मको २०७२ सालको वार्षिक लागतलाई अध्ययन गर्दा २०७१ सालको भन्दा मूल्य वृद्धिका कारणले परिवर्तनशील लागत पनि वृद्धि भएको पाइएको छ । जसले गर्दा फर्मको कुल लागतमा समेत परिवर्तन भएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

## तालिका ४.१३

## फर्मको परिवर्तनशील लागत विवरण-२०७२

| शीर्षक | प्रतिएकाइ दर रु.मा | प्रतिलट परिमाण | प्रतिलट लागत रु.मा | वार्षिक लागत रु.मा | प्रतिशत |
|---|---|---|---|---|---|
| चल्ला | ५० | २५०० | १,२५,००० | १,२५,०००×५=६,२५,००० | १५.८५ |
| दाना | २,५१५ | २०० | ५,०३,००० | ५,०३,०००×५=२५,१५,००० | ६३.७७ |
| औषधी | - | - | ५०,००० | ५०,०००×५=२,५०,००० | ६.३३ |
| धानको भुस | १४८ | १५० | २२,२०० | २२,२००×५=१,११,००० | २.८२ |
| पानी | १८०० | ४ | ७,२०० | ७,२००×५=३६,००० | ०.९२ |
| काठको भुस | ३०० | ४० | १२,००० | १२,०००×२=२४,००० | ०.६० |
| विद्युत | १५ | ४० | ६०० | ६००×५=३,००० | ०.०८ |
| अन्य | - | - | २,००० | २,०००×५=१०,००० | ०.२५ |
| जम्मा | | | ७,२२,००० | ३५,७४,००० | ९०.६२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१३ लाई अध्ययन गर्दा रमेश पोल्ट्री फर्मको २०७२ सालको परिवर्तनशील लागत विवरणलाई उल्लेख गरिएको छ। प्रतिचल्ला औषत मूल्य रु.५० का दरले एकलटमा २५०० चल्लाको रु.१,२५,००० पर्दछ । एक वर्षमा ५ लट चल्ला किन्दा रु.६,२५,०००(१५.८५%) वार्षिक रुपमा चल्लाको पर्दछ । तालिकालाई हेर्दा २५०० कुखुरालाई बेच्ने बेलासम्म २०० बोरा दाना आवश्यक पर्दो रहेछ । दानाको औषत मूल्य प्रतिबोरा रु.२,५१५ का दरले २०० बोराको रु.५,०३,००० पर्दो रहेछ अर्थात प्रतिलट दानाको लागत रु.५,०३,००० पर्दोरहेछ र वार्षिक रुपमा ५ लटका लागि दानामा रु.२५,१५,०००(६३.७७%) खर्च हुने रहेछ। त्यस्तै गरी २५०० कुखुराको औषधी, भ्याक्सिन मा प्रतिलट औषत लागत रु.५०,००० का दरले वार्षिक रुपमा रु.२,५०,०००(६.३३%) लागत लाग्दो रहेछ । धानको भुस प्रतिलट १५० बोरा आवश्यक पर्दोरहेछ जसको प्रतिबोरा रु.१४८ का दरले एकलटमा रु.२२,२०० र वार्षिक रु.१,११,०००(२.८२%) लागत धानको भुसका लागि लाग्दो रहेछ। तालिका अनुसार २५०० कुखुराका लागि प्रतिलट ४ ट्याङ्कर पानी चाहिदो रहेछ, प्रति ट्याङ्कर रु.१,८०० का दरले

प्रतिलट रु.७,२०० पानीमा खर्च हुने गरेको पाइयो । वार्षिक रुपमा रु.३६,०००(०.९२%) पानीको लागत लाग्दो रहेछ । त्यस्तै जाडो मौसममा कुखुरालाई न्यानो बनाउनका लागि काठको भुस बाल्नुपर्ने रहेछ, वर्षमा २ लट जाडो मौसममा पर्ने र एक लटमा ४० बोरा काठको भुस चाहिँदो रहेछ जसको प्रतिबोरा मूल्य रु.३०० का दरले प्रतिलट रु.१२,००० लाग्दोरहेछ र वार्षिक दुई लटका लागि रु.२४,०००(०.६०%) लाग्ने रहेछ । फर्मको विद्युत महशुल प्रतिलट ६०० का दरले वार्षिक रुपमा रु.३,०००(०.०८%) लाग्ने गरेको पाइयो । यसबाहेक अन्यका लागि प्रतिलट रु.२,००० का दरले वार्षिक रु.१०,०००(०.२५%) लागेको पाइयो । यि सबै लागतहरुलाई जोड्दा २०७२ सालको वार्षिक परिवर्तनशील लागत रु.३५,७४,००० कुल लागतको (९०.६२%) लाग्ने गरेको पाइयो ।

**३. कुल लागत (Total Cost)**

कुल स्थिर लागत र कुल परिवर्तनशील लागतको योग नै कुल लागत हो । तसर्थ कुल लागत र कुल स्थिर लागत शुरुमा बराबर हुन्छन् । यस अध्ययनमा पनि रमेश पोल्ट्री फर्मको २०७१ साल र २०७२ सालमा लागेको कूल स्थिर लागत र कुल परिवर्तनशील लागतलाई जोडेर छुट्टाछुट्टै कुल लागत निकालिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.१४**

**फर्मको कुल लागत विवरण**

| लागत शीर्षक | लागत रु. मा | | | |
|---|---|---|---|---|
| | २०७१ साल | प्रतिशत | २०७२ साल | प्रतिशत |
| कुल स्थिर लागत | ३,६०,००० | ९.३९ | ३,७०,००० | ९.३८ |
| कुल परिवर्तनशील लागत | ३४,७७,१०० | ९०.६१ | ३५,७४,००० | ९०.६२ |
| कुल लागत | ३८,३७,१०० | १०० | ३९,४४,००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१४ मा रमेश पोल्ट्री फर्मको दुई वर्षको कुल लागतलाई देखाइएको छ । जसअर्न्तगत २०७१ सालको कुल स्थिर लागत रु.३,६०,००० कुल लागतको ९.३९ प्रतिशत कुल परिवर्तनशील लागत रु.३४,७७,१०० कुल लागतको ९०.६१ प्रतिशत रहेको पाइयो र कुल लागत रु.३८,३७,१०० रहेको देखियो । त्यस्तै गरी २०७२ सालको कुल स्थिर लागत

रु.३,७०,००० कुल लागतको ९.३८ प्रतिशत कुल परिवर्तनशील लागत रु.३५,७४,००० कुल लागतको ९०.६२ प्रतिशत र कुल लागत रु.३९,४४,००० रहेको देखियो ।

### ४.५ कुखुरापालन व्यवसायको आय (Revenue of Poultry Firm)

कुनै पनि व्यवसाय सञ्चालन गर्नुको प्रमुख लक्ष्य भनेको नाफामा वृद्धि गर्नु हो । नफामा वृद्धि गर्नको लागि उत्पादन लागतमा कमी ल्याउनु पर्ने हुन्छ । उत्पादित वस्तुलाई बजारमा बिक्री गरेर प्राप्त हुने मौद्रिक गणना वा स्वरुप नै आम्दानी हो । वस्तुको परिमाण बजार मूल्यामा बिक्री गरी प्राप्त गर्ने कुल मौद्रिक परिमाणलाई आय भनिन्छ, अर्थात वस्तुको विक्री परिमाणलाई उक्त वस्तुको मूल्यले गुणन गर्दा आउने परिमाण नै आय हो । यस अध्ययनमा पनि कुखुराजन्य उत्पादनलाई विक्री गरेर प्राप्त हुने रकमलाई आम्दानी भनेर व्याख्या गरिएको छ । यस अध्ययनमा फर्ममा पालिएका सम्पूर्ण कुखुराको बिक्री गरेर प्राप्त आम्दानी र कुखुराको मल विक्री गरेर प्राप्त आम्दानीलाई जोडेर कुल आम्दानी निकालेर व्याख्या गरिएको छ । यस अध्ययनमा छनोट गरिएको रमेश पोल्ट्री फर्मको दुई वर्ष (२०७१ र २०७२ साल) को आम्दानीलाई  छुट्टाछुट्टै रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४.१५**

**फर्मको वार्षिक आय-२०७१**

| आय शीर्षक | दर (रु.मा) | परिमाण | औसत तौल | प्रतिलट आय | वार्षिक आय | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कुखुरा विक्री | १९५ प्रति के.जि. | २२५० | २.२ के.जि. | ९,६५,२५० | ४८,२६,२५० | ९८.५४ |
| मल विक्री | ११० प्रति बोरा | १३० | | १४,३०० | ७१,५०० | १.४६ |
| कुल आय | | | | ९,७९,५५० | ४८,९७,७५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.१५ मा रमेश पोल्ट्री फर्मको २०७१ सालको वार्षिक आयलाई देखाइएको छ । जसअन्तर्गत २५०० कुखुरामध्ये १० प्रतिशत कुखुरा मर्ने गर्दछन भन्ने मान्यताअनुसार २,२५० कुखुराको औसत २.२ के.जि.का दरले रु.१९५ प्रति के.जि.मा विक्री गर्दा प्रतिलट रु.९,६५,२५० र वार्षिक रु.८,२६,२५० कुल वार्षिक आयको ९८.५४ आय प्राप्त भएको पाइयो । साथै मलको प्रतिबोरा रु.११० का दरले प्रतिलट १३० बोराको रु.१४,३०० र वार्षिक रु.७१,५०० कुल आयको १.४६ प्रतिशत आम्दानी प्राप्त भएको देखियो । कुखुरा र मल विक्रीबाट वार्षिक कुल आम्दानी रु.४८,९७,७५० हुने गरेको देखियो ।

**तालिका ४.१६**

**फर्मको वार्षिक आय-२०७२**

| आय शीर्षक | दर (रु.मा) | परिमाण | औसत तौल | प्रतिलट आय | प्रतिवर्ष आय | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कुखुरा विक्री | २१५ प्रति के.जि. | २२५० | २.२ के.जि. | १०,६४,२५० | ५३,२१,२५० | ९८.५ |
| मल विक्री | १२० प्रति बोरा | १३० | | १५,६०० | ७८,००० | १.५ |
| जम्मा | | | | १०,७९,८५० | ५३,९९,२५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१६ मा फर्मको २०७२ सालको वार्षिक आयलाई देखाइएको छ । जसअन्तर्गत २५०० कुखुरामध्ये १० प्रतिशत कुखुरा मर्ने गर्दछन भन्ने मान्यताअनुसार २२५० कुखुराको औसत २.२ के.जि.का दरले रु.२१५ प्रति के.जि.मा विक्री गर्दा प्रतिलट रु.१०,६४,२५० र वार्षिक रु.५३,२१,२५० कुल आयको ९८.५ प्रतिशत आय प्राप्त हुन्छ । साथै मलको प्रतिबोरा रु.१२० का दरले प्रतिलट १३० बोराको रु.१५,६०० र वार्षिक रु.७८,००० कुल आयको १.५ प्रतिशत आम्दानी प्राप्त हुन्छ । कुखुरा र मल विक्रीबाट वार्षिक कुल आम्दानी रु.५३,९९,२५० हुने गरेको देखियो । २०७१ सालको भन्दा लागत बढी भएजस्तै कुखुराको तथा मलको मूल्य वृद्धिका कारणले वार्षिक आयमा पनि वृद्धि भएको देखिन्छ । २०७१ सालको भन्दा वार्षिक आयमा रु.५,०१,५०० अर्थात १०.२४% ले वृद्धि भएको पाइयो ।

### ४.६ कुखुरापालन व्यवसायको लाभ (Profit of Poultry Firm)

यस अध्ययन कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण अर्न्तगत रमेश पोल्ट्री फर्म पनि नाफाको अभिप्रायले सञ्चालनमा आएको कुरा सर्वेक्षणको क्रममा पत्ता लाग्यो । कुनै पनि फर्मले वस्तु विक्रीबाट प्राप्त गरेको कुल आम्दानीबाट वस्तु उत्पादन गर्दा लागेको कुल लागतको अन्तर लाई नाफा भनिन्छ । यस अध्ययनमा पनि कुखुरा फर्मले उत्पादन गरेको कुखुरा र मल विक्रीबाट प्राप्त आम्दानीको कुल योगलाई कुल आय तथा कुखुरा विक्री गर्नेबेलासम्म गरिएको खर्चलाई कुल लागत भनि व्याख्या गरिएको छ । नाफालाई व्याख्या गर्ने विभिन्न अवधारणाहरु भए पनि यहाँ कुल नाफालाई मात्र व्याख्या गरिएको छ । यस अध्ययनमा कुल नाफा निकाल्नका लागि कुल आय-कुल लागत गरिएको छ । स्थलगत सर्वेक्षणका क्रममा संकलन गरिएको फर्मको लागत र आम्दानीका आधारमा फर्मको कुल नाफालाई निम्नानुसार पत्ता लगाइएको छ :-

**तालिका ४.१७**

**फर्मको वार्षिक नाफा**

| फर्मको नाफा रु. मा | | |
|---|---|---|
| शीर्षक | वर्ष | |
| | २०७१ | २०७२ |
| कुल आय | ४८,९७,७५० | ५३,९९,२५० |
| कुल लागत | ३८,३७,१०० | ३९,४४,००० |
| कुल नाफा | १०,६०,६५० | १४,५५,२५० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१७ मा फर्मको लागत र आम्दानीको आधारमा फर्मको नाफाको गणना गरिएको छ । स्थलगत सर्वेक्षणका आधारमा फर्मको २०७१ सालको कुल आय रु.४८,९७,७५० वार्षिक कुल लागत रु.३८,३७,१०० रहेको र वार्षिक नाफा रु.१०,६०,६५० प्राप्त भएको पाइयो । त्यस्तै गरी २०७२ सालको वार्षिक आम्दानी रु.५३,९९,२५० र वार्षिक लागत रु.३९,४४,००० रहेको पाइयो । यसका आधारमा फर्मको २०७२ सालको वार्षिक नाफा रु.१४,५५,२५० रहेको पाइयो ।

**४.७ कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण (Cost Benefit Analysis of Poultry firm)**

यस अनुसन्धानको मुख्य उद्देश्य कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु भएकोले यस अध्ययनमा नमूनाको रुपमा छनोट गरिएको पोल्ट्री फर्ममा लगानी गरिएको पूँजीको दुई वर्षको सीमान्त क्षमता छुट्टाछुट्टै रुपमा पत्ता लगाई दुई वर्षको औषत पूँजीको सीमान्त क्षमता पत्ता लगाई व्यवसायीले लिईएको ऋणको वार्षिक व्याजदरसँग तुलना गरेर लागत लाभ विश्लेषण गरिएको छ । जसबाट आएको नतिजालाई निम्न नियमका आधारमा कुखुरापालन व्यवसायमा लगानी गर्दा लाभ हुन्छ वा हुँदैन भन्ने कुराको निर्णय गरिएको छ ।

१) यदि MEC > r, लगानी गर्न उपयुक्त छ ।

२) यदि MEC < r, लगानी गर्दा घाटा छ ।

३) यदि MEC = r, लगानी गर्दा नाफा घाटा केही पनि हुँदैन ।

स्रोत : पौडेल, (२०७१)

### ४.७.१ पोल्ट्री फर्मको लागत पूँजीको सीमान्त क्षमता (Marginal Efficiency of Capital of Poultry Firm)

विशेष गरी निजी क्षेत्रमा लगानी गर्ने उद्यमीहरु पूँजीको सीमान्त क्षमतालाई विशेष महत्त्व दिने गर्दछन् । यसलाई प्रतिफलको आन्तरिक दर पनि भन्ने गरिन्छ । पूँजीको सीमान्त क्षमता पूँजीगत सम्पत्तिबाट प्राप्त हुने नाफासँग सम्बन्धित हुन्छ । अर्थात पूँजीको सीमान्त क्षमताले थप अतिरिक्त पूँजी प्रयोग गर्दा त्यसको सम्पूर्ण लागत कट्टा गरिसकेपछि बाँकी रहन आउने लाभलाई दर्शाएको हुन्छ । यस अध्ययनमा रमेश पोल्ट्री फर्ममा गरिएको वार्षिक लगानीका आधारमा निम्न रुपमा पूँजीको सीमान्त क्षमता पत्ता लगाइएको छ । रमेश पोल्ट्री फर्मको वार्षिक कुल लागत, कुल आय र कुल नाफा हामीले पत्ता लगाइसकेका छौं । यहाँ त्यसैका आधारमा पूँजीको सीमान्त क्षमता पत्ता लगाइएको छ । यहाँ पूँजीको सीमान्त क्षमतालाई दुईवटा विधिबाट पत्ता लगाइएको छ ।

२०७१ सालको कुल लागत = रु.३८,३७,१००

२०७१ सालको कुल आय = रु.४८,९७,७५०

२०७१ सालको कुल नाफा = रु.१०,६०,६५०

वार्षिक व्याजदर = १४%

$$\text{पूँजीको सीमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}} = \frac{\text{रु.१०,६०,६५०}}{\text{रु.३८,३७,१००}}$$

२०७१ सालको पूँजीको सीमान्त क्षमता = ०.२७६४२ = २७.६४२%

२०७२ सालको कुल लागत = रु.३९,४४,०००

२०७२ सालको कुल आय = रु.५३,९९,२५०

२०७२ सालको कुल नाफा = रु.१४,५५,२५०

वार्षिक व्याजदर = १४%

$$\text{पूँजीको सीमान्त क्षमता} = \frac{\text{कुल नाफा}}{\text{कुल लागत}} = \frac{\text{रु.१४,५५,२५०}}{\text{रु.३९,४४,०००}}$$

२०७२ सालको पूँजीको सीमान्त क्षमता = ०.३६८९८ = ३६.८९८%

पूँजीको सीमान्त क्षमतालाई अर्को तरिकाबाट पनि पत्ता लगाईएको छ । पूँजीको सीमान्त क्षमतालाई पूँजीगत सम्पत्तिको अनुमानित आय र पूर्ती मूल्य बीचको अनुपात पनि भनिन्छ । पूँजीगत सम्पत्तिको पूर्ति मूल्य भन्नाले उक्त पूँजी खरिद गर्दा वा उत्पादन गर्दा लाग्ने लागतलाई जनाउँछ । किन्सका अनुसार पूँजीको सीमान्त क्षमता पूँजीगत सम्पत्तिको अनुमानित वार्षिक कार्यकालको भावि आम्दानी तथा त्यसको पूर्ति मूल्य बराबर हुँदै जाने कटौती दरसँग सम्बन्धित रहन्छ । जसलाई निम्न सुत्रबाट देखाउन सकिन्छ ।

$$MEC = \frac{R}{1+r} = C \quad ....................\ (i)$$

Where,

MEC = Marginal Efficiency of Capital (पूँजीको सीमान्त क्षमता)

R = Annual Revenue (वार्षिक आय)

r = Rate of Discount (बट्टादर)

C = Cost of Firm (फर्मको लागत)

समीकरण (i) मा दिइएको बट्टादर (r) ले प्राप्त हुने वार्षिक प्रतिफलदर (R) लाई वर्तमान मूल्यमा गणना गरी फर्मको लागतसँग बराबर बनाउने कार्य गर्दछ । त्यसैले, बट्टादर (r) मूल्य (Value) नै पूँजीको सीमान्त क्षमता MEC हो । बट्टादरको गणना यसरी गर्न सकिन्छ ।

$$R = \frac{R}{c} - 1 \quad ....................\ (ii)$$

२०७१ सालको लागत पूँजीको सीमान्त क्षमता (MEC) = r = $\frac{\text{रु.१०,६०,६५०}}{\text{रु.३८,३७,१००}}$ - १

= ०.२७६४२

= २७.६४२%

२०७२ सालको लागत पूँजीको सीमान्त क्षमता (MEC) = r = $\frac{\text{रु.५३,९९,२५०}}{\text{रु.३९,४४,०००}}$ - १

= ०.३६८९८ = ३६.८९८%

माथिको नतिजालाई विश्लेषण गर्दा २०७१ सालमा रमेश पोल्ट्री फर्ममा गरिएको कुल लगानी रु.३८,३७,१०० को सीमान्त क्षमता वार्षिक २७.६४२% रहेको देखियो । यो प्रतिशत व्यवसायीले ऋण लिँदा तिरेको वार्षिक १४% भन्दा १३.६४% ले बढी देखीन्छ । तसर्थ यो नतिजाबाट यो भन्न सकिन्छ कि २०७१ सालमा व्यवसायीले कुखुरापालन व्यवसायमा गरेको लगानीबाट प्राप्त प्रतिफलदर उच्च रहेको देखिन्छ । त्यस्तै गरी २०७२ सालमा व्यवसायीले गरेको लगानी रु.३९,४४,००० को सीमान्त क्षमता वार्षिक ३६.८९८% रहेको देखियो । यो

दर प्रचलित व्याजदरभन्दा २२.८ प्रतिशतले बढी हो । यसरी कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्ने क्रममा नमुनामा परेको रमेश पोल्ट्री फर्मको स्थलगत सर्वेक्षणबाट लिइएको तथ्याङ्कबाट कुखुरापालन व्यवसायमा गरेको पूँजीको सीमान्त क्षमता प्रचलित व्याजदरभन्दा उच्च रहेको पाईएको छ । जसबाट कुखुरापालन व्यवसायमा लगानी गर्नु लाभदायक देखिन्छ ।

### ४.७.२ पोल्ट्री फर्ममको लागत पूँजीको औषत सीमान्त क्षमता (Average Marginal Efficiency of Capital of Poultry Firm)

यस अनुसन्धानमा कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्ने क्रममा नमुनाको रुपमा छनोट गरिएको रमेश पोल्ट्री फर्मको वार्षिक रुपमा लगानी गरेको पूँजीको सीमान्त क्षमता पत्ता लगाईएको छ । दुई वर्षको तथ्याङ्क संकलन गरी गरिएको अध्ययनमा उक्त पोल्ट्री फर्मको दुई वर्षको औषत सीमान्त पूँजीगत क्षमता कति रहेछ भनि पत्ता लगाई त्यसलाइ पनि प्रचलित व्याजदरसँग तुलना गरिएको छ । जसबाट कुखुरापालन व्यवसायमा लगानी गर्दा कस्तो परिणाम आउँछ भनि पत्ता लगाईएको छ ।

२०७१ सालको लागत पूँजीको सीमान्त उत्पादन क्षमता = ०.२७६४२

२०७२ सालको लागत पूँजीको सीमान्त उत्पादन क्षमता = ०.३६८९८

वार्षिक व्याजदर = १४%

लागत पूँजीको औषत सीमान्त उत्पादन क्षमता $= \frac{०.२७६४२ + ०.३६८९८}{२}$

= ०.३२२७ = ३२.२७%

यस अध्ययनमा कुखुरापालन व्यवसायमा लगानी गर्दा लागत अनुसार लाभ प्राप्त हुन्छ वा हुँदैन भनि अध्ययन गर्नका लागि काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. ७ स्थित रमेश पोल्ट्री फर्मलाई नमूनाको रुपमा छनोट गरी उक्त फर्मको दुई वर्षमा लगानी गरिएको पूँजीको औषत सीमान्त क्षमता पत्ता लगाइएको छ । जसअनुसार पूँजीको औषत सीमान्त क्षमता ३२.२७% रहेको पाइयो । यो दर व्यवसायीले ऋण लिएबापत तिर्ने व्याजदरको तुलनामा १८.२७% ले बढी हो । यस बाट हामी के भन्न सक्छौं भने वर्तमान समयमा कुखुरापालन व्यवसायमा लगानी गर्नु निकै लाभप्रद रहेको छ । अर्थात कुखुरापालन व्यवसायमा गरेको पूँजीगत लगानीको प्रतिफलदर प्रचलित व्याजदर भन्दा निकै उच्च

रहेकोले यस व्यवसायमा लगानी गर्नु वर्तमान समयमा निकै फाइदाजनक रहेको यस अध्ययनबाट देखिन्छ ।

### ४.८ कुखुरापालन व्यवसायबाट प्राप्त आम्दानीको क्षेत्रगत लगानी (Sectorial Investement of the Income Obtained from Poultry Firm)

यस अध्ययनमा कुखुरापालन व्यवसायबाट प्राप्त आम्दानीलाई कुन-कुन क्षेत्रमा लगानी वा खर्च गरिएको छ र कुखुरापालन व्यवसायले शिक्षा क्षेत्रमा कस्तो प्रभाव पारेको छ ? भनि अध्ययन गर्नका लागि कुखुरापालन व्यवसायी र कामदारले प्राप्त गरेको आम्दानीको वार्षिक रुपमा २०७१ र २०७२ सालको क्षेत्रगत लगानीलाई तुलना गरी अध्ययन गरिएको छ ।

#### ४.८.१. व्यवसायीले गरेको क्षेत्रगत लगानी (Sectorial Investement of the Poultry Farmer's)

यस अध्ययनमा छनोट गरिएको रमेश पोल्ट्री फर्मबाट व्यवसायीले प्राप्त गरेको वार्षिक आयलाई कुन कुन क्षेत्रमा कति कति लगानी गरेका छन भनि गरिएको अध्ययनमा २०७१ र २०७२ सालको वार्षिक रुपमा क्षेत्रगत लगानी यसप्रकार पाइयो ।

**तालिका ४.१८**

**कुखुरापालन व्यवसायीको वार्षिक आम्दानीको क्षेत्रगत लगानी-२०७१**


| क्र.सं. | खर्च गरिएको क्षेत्र | रकम रु. मा | प्रतिशत |
|---|---|---|---|
| १. | व्यवसायमा लागेको लागत | ३८,३७,१०० | ७८.३४% |
| २. | ऋण तिर्न | १,००,००० | २.०४% |
| ३. | त्यहि व्यवसायमा थप लगानी | ३,००,००० | ६.१३% |
| ४. | उपभोग | ३,००,००० | ६.१३% |
| ५. | शिक्षा | २,००,००० | ४.०८% |
| ६. | स्वास्थ्य | ४०,००० | ०.८२% |
| ७. | अन्य | २५,००० | ०.५१% |
| ८. | वैङ्क व्यालेन्स | ९५,६५० | १.९५% |
| कुल आय | | ४८,९७,७५० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१८ अनुसार रमेश पोल्ट्री फर्मको २०७१ साल को वार्षिक आम्दानीको सबैभन्दा बढी भाग त्यही व्यवसायमा लागेको लागतमा रहेको छ । २०७१ सालमा व्यवसायीले रु.३८,३७,१०० कुल आम्दानीको ७८.३४% त्यही व्यवसाया संचालन गर्नका लागि खर्च गरिएको पाइयो । त्यस्तै गरी फर्मको वार्षिक आयबाट रु.१,००,०००(२.०४%) ऋण तिर्न, रु.३,००,०००(६.१३%) त्यहि व्यवसायमा पुन: लगानी गरेको पाइयो । व्यवसायीले आफ्नो ६ जनाको परिवारका लागि वार्षिक उपभोगमा रु.३,००,०००(६.१३%) खर्च गरेको देखियो । व्यवसायीका २ जना परिवारका सदस्यहरु विद्यालय पढ्दै गरेको पाइयो, ती मध्ये एक जना प्रा.वि. र एक जना उच्च मा. वि. अध्ययनरत पाइयो । २ जनाको शिक्षाका लागि २०७१ सालमा रु.२,००,००० कुल आयको ४.०८% लगानी गरेको देखियो । स्वास्थ्य क्षेत्रमा रु ४०,०००(०.८२%) र अन्य क्षेत्रमा रु.२५,०००(०.५१%) खर्च भएको पाइयो । यी सबै खर्च तथा लगानी गरेर व्यवसायीको वार्षिक बचत वैङ्क व्यालेन्स रु.९५,६५० अर्थात कुल वार्षिक आयको १.९५% रहेको पाइयो । जसलाई तलको स्तम्भचित्रमा देखाईएको छ ।

**स्तम्भचित्र ४.१**

**कुखुरापालनव्यवसायबाट प्राप्त आम्दानीको क्षेत्रगत लगानी-२०७१**




स्रोत: तालिका ४.१८

स्तम्भचित्र ४.१ मा रमेश पोल्ट्री फर्मको २०७१ सालको वार्षिक कुल आयबाट विभिन्न क्षेत्रमा गरिएको लगानी लाई तालिका ४.१८ का आधारमा देखाइएको छ । जसअनुसार सबैभन्दा बढी त्यहि व्यवसायको वार्षिक लागत ७८.३४ प्रतिशत र सबैभन्दा कम अन्य

विविध क्षेत्रमा ०.५१ प्रतिशत खर्च गरेको देखियो । समयको परिवर्तनसँगै दैनिक रुपमा वस्तु तथा सेवाको मूल्यमा पनि परिवर्तन आइरहेको हुन्छ । अर्थात सामान्यतया दिनप्रतिदिन समग्र वस्तु तथा सेवाको मूल्य वृद्धि भइरहेको हुन्छ । रमेश पोल्ट्री फर्मको २०७१ र २०७२ सालको लागत तथा आयमा पनि वृद्धि भएको प्रष्ट भइसकेको छ । यसरी फर्मको आयमा परिवर्तन हुँदा व्यवसायीले गर्ने लगानीमा विशेष गरी शैक्षिक क्षेत्रमा गरिने लगानीमा के कस्तो परिवर्तन आयो भनेर पत्ता लगाउनका यस अनुसन्धानमा व्यवसायीको २ वर्षको लगनी तथा खर्चलाई तुलना गर्न खोजिएको छ । जसलाई तलको तालिका र स्तम्भचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**कुखुरापालन व्यवसायबाट प्राप्त आम्दानीको क्षेत्रगत लगानी-२०७२**

| क.सं. | खर्च गरिएको क्षेत्र | रकम रु. मा | प्रतिशत |
|---|---|---|---|
| १. | व्यवसायमा लागेको लागत | ३९,४४,००० | ७३.०५% |
| २. | ऋण तिर्न | १,००,००० | १.८५% |
| ३. | त्यहि व्यवसायमा लगानी | ४,००,००० | ७.४१% |
| ४. | उपभोग | ३,७२,००० | ६.८९% |
| ५. | शिक्षा | ३,५०,००० | ६.४८% |
| ६. | स्वास्थ्य | ६०,००० | १.११% |
| ७. | अन्य | ३५,००० | ०.६५% |
| ८. | वैङ्क व्यालेन्स | १,३८,२५० | २.५६% |
| जम्मा | | ५३,९९,२५० | १००% |


स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१९ अनुसार रमेश पोल्ट्री फर्मको २०७२ साल को वार्षिक कुल आयबाट विविध क्षेत्रमा गरिएको लगानी तथा खर्चलाई देखाईको छ । २०७१ सालको आयभन्दा २०७२ सालको आय बढेको र लागत र खर्च पनि बढेको कुरा तालिका बाट स्पष्ट हुन्छ । २०७२ सालमा सबैभन्दा बढी रकम खर्च फर्मको वार्षिक लागतमा रु.३९,४४,००० कुल आयको ७३.०५% भएको पाइयो । त्यसै गरी ऋण तिर्न रु.१,००,०००(१.८५%), त्यही क्षेत्रमा थप

लगानी गर्नमा रु.४,००,०००(७.४१०%), उपभोगमा वार्षिक रु.३,७२,०००(६.८९%), गरेको पाइयो । शिक्षा क्षेत्रमा रु.३,५०,०००(६.४८%), स्वास्थ्य क्षेत्रमा रु.६०,०००(१.११%), अन्य क्षेत्रमा रु.३५,०००(०.६५%) र वैङ्क व्यालेन्स रु.१,३८,२५०(२.५६%) खर्च गरेको देखिन्छ । माथिको तालिकालाई तलको स्तम्भचित्रमा पनि देखाईएको छ ।

**स्तम्भचित्र नं. ४.२**

**कुखुरापालन व्यवसायबाट प्राप्त आम्दानीको क्षेत्रगत लगानी-२०७२**



स्रोत : तालिका ४.१९

माथिको स्तम्भचित्र २ मा तालिका ४.१९ का आधारमा रमेश पोल्ट्री फर्मको २०७२ सालको वार्षिक कुल आयको क्षेत्रगत लगानीलाई देखाइएको छ । जसअनुसार २०७२ सालमा प्राप्त भएको कुल आम्दानीको सबैभन्दा बढी भाग फर्मको वार्षिक लागतमा कुल आयको ७३.०५ प्रतिशत खर्च भएको देखिन्छ । त्यस्तै गरी सबैभन्दा कम अन्य शीर्षकमा ०.६५ प्रतिशत खर्च भएको देखिन्छ ।

### ४.८.२ कामदारले गरेको क्षेत्रगत लगानी (Sectorial Investement of the Poultry Firm's Workers)

यस अनुसन्धानमा नमूना छनौटमा परेको रमेश पोल्ट्री फर्ममा कार्यरत २ जना स्थायी कामदारको वार्षिक आम्दानीबाट उनीहरुले शिक्षामा गरेको वार्षिक लगानी पत्ता लगाउन कुन कुन क्षेत्रमा कति कति लागानी र खर्च गरेका छन भनि अध्ययन गरिएको छ । उक्त फर्ममा कार्यरत २ जना कामदार एउटै घरका श्रीमान श्रीमती रहेको स्थलगत सर्वेक्षण बाट

पत्ता लागेको छ । प्रत्येक कामदारलाई व्यवसायीले २०७१ सालमा मासिक रु.११,००० का दरले र २०७२ सालमा मासिक रु.१२,००० का दरले तलब दिने गरेको पाइयो । यसरी उनीहरुको वार्षिक आम्दानी भन्नु नै व्यवसायीले स्थायी कामदारलाई भुक्तान गरेको रकम हो । त्यसैले उनीहरुको वार्षिक आम्दानी २०७१ सालको रु.२,६४,००० र २०७२ सालको रु.२,८८,००० हुन आउँछ । उनीहरुको वार्षिक लगानी र खर्चलाई तलको तालिका र वृत्तचित्रद्वारा प्रष्ट पारिएको छ :

**तालिका ४.२०**

**कामदारले प्राप्त गरेको तलबको वार्षिक लगानी तथा खर्च-२०७१**


| क्र.सं. | खर्च गरिएको क्षेत्र | रकम रु. मा | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | १,८०,००० | ६८.१८% |
| २. | शिक्षा | ३५,००० | १३.२५% |
| ३. | स्वास्थ्य | १०,००० | ३.७९% |
| ४. | अन्य | १०,००० | ३.७९% |
| ५. | बचत | २९,००० | १०.९९% |
| जम्मा | | २,६४,००० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.२० मा रमेश पोल्ट्री फर्ममा रहेका स्थायी कामदारहरुले प्राप्त आम्दानीको २०७१ सालको वार्षिक क्षेत्रगत लगानी तथा खर्चलाई देखाइएको छ । जस अनुसार उनीहरुको वार्षिक आम्दानी रु.२,६४,००० हुने र त्यसबाट उपभोगमा वार्षिक रु.१,८०,००० कुल आयको ६८.१८%, शिक्षामा रु.३५,०००(१३.२५%), स्वास्थ्यमा वार्षिक रु १०,०००(३.७९%), अन्यमा रु.१०,०००(३.७९%) खर्च भएको देखिन्छ । यसबाहेक २०७१ सालमा वार्षिक बचत रु.२९,००० कुल आयको १०.९९% भएको देखिन्छ । यसलाई तलको वृत्तचित्रबाट पनि प्रष्ट्याउन सकिन्छ ।

**वृत्तचित्र ४.१**

**कुखुरापालन व्यवसायका कामदारको वार्षिक लगानी तथा खर्चका क्षेत्रहरु-२०७१**




स्रोत : तालिका ४.२०

माथिको वृत्तचित्र ४.१ मा रमेश पोल्ट्री फर्ममा कार्यरत स्थायी कामदारको २०७१ सालको वार्षिक लगानी तथा खर्चलाई देखाइएको छ। जसलाई अध्ययन गर्दा कामदारको आम्दानीको सबैभन्दा बढी भाग उपभोगमा खर्च भएको पाइन्छ, र शिक्षामा वार्षिक आम्दानीको १३.२५% लगानी गर्ने गरेको देखिन्छ।

अध्ययन गरिएको पोल्ट्री फर्मको कामदारको २०७२ साल रु.१,००० का दरले मासिक तलब बढेको स्थतलगत सर्वेक्षमा पाइयो। दैनिक रुपमा बढ्दै गइरहेको महङ्गीको कारण उनीहरुको खर्च तथा लगानीमा आएको परिवर्तनका साथै शिक्षा क्षेत्रमा गरिएको लगानीमा के कस्तो परिवर्तन आएको छ भनि अध्ययन गर्नका लागि तथ्याङ्कलाई तलको तालिका तथा वृत्तचित्रमा प्रस्तुत गरिएको छ :-

**तालिका ४.२१**

**कामदारले प्राप्त गरेको तलबको वार्षिक लगानी तथा खर्च-२०७२**


| क्र.सं. | खर्च गरिएको क्षेत्र | रकम रु. मा | प्रतिशत |
|---|---|---|---|
| १. | उपभोग | २,०४,००० | ७०.८३% |
| २. | शिक्षा | ५०,००० | १७.३७% |
| ३. | स्वास्थ्य | १०,००० | ३.४७% |
| ४. | अन्य | १०,००० | ३.४७% |
| ५. | बचत | १४,००० | ४.८६% |
| जम्मा | | २,८८,००० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२१ मा रमेश पोल्ट्री फर्मका स्थायी कामदारको वार्षिक आयबाट गरिएको क्षेत्रगत लगानी २०७२ लाई प्रस्तुत गरिएको छ । जसअनुसार उपभोगमा सबैभन्दा बढी रु.२,०४,००० कुल वार्षिक आयको ७०.८३% खर्च गरिएको देखियो । त्यसै गरी शिक्षामा रु.५०,०००(१७.३७%), स्वास्थ्यमा रु.१०,०००(३.४७%) र अन्यमा रु.१०,०००(३.४७%) लगानी गरेको पाइयो । सबै खर्च कटाएर वार्षिक बचत रु.१४,००० कुल आयको ४.८६% भएको पाइयो । यसलाई तलको वृत्तचित्रद्धारा थप प्रस्ट्याउन सकिन्छ ।

### वृत्तचित्र ४.२

### कुखुरापालन व्यवसायका कामदारको वार्षिक लगानी तथा खर्चका क्षेत्रहरु-२०७२




स्रोत : तालिका ४.२१

वृत्तचित्र २ मा रमेश पोल्ट्री फर्मका स्थायी कामदारको २०७२ सालको वार्षिक आयबाट प्राप्त आम्दानीबाट विविध क्षेत्रमा गरिएको लगानीलाई प्रस्तुत गरिएको छ । जसअनुसार सबैभन्दा बढी उपभपोगमा रु.२,०४,००० कुल आम्दानीको ७०.८३% भाग खर्च गरेको देखिन्छ । शिक्षामा २०७२ सालमा रु.५०,००० कुल आयको १७.३७% भाग खर्च गरेको पाइयो ।

## ४.९ कुखुरापालन व्यवसायको शैक्षिक प्रभाव (Impact of Poultry Business in Educational Sector)

कुखुरापालन व्यवसायबाट शिक्षा क्षेत्रमा कस्तो प्रभाव पर्‍यो भनेर अध्ययन गर्नका लागि यस अनुसन्धानमा कुखुरापालन व्यवसायी र कुखुरापालन व्यवसायमा आबद्ध स्थायी कामदारहरुले आफ्नो वार्षिक आम्दानीबाट शिक्षा क्षेत्रमा गरेको लगानीलाई आधार मानिएको छ । जसका लागि उनीहरुको २ वर्ष २०७१ र २०७२ सालको आम्दानीमा भएको परिवर्तनसँगै शिक्षा क्षेत्रमा गरिएको लगानीमा कस्तो परिवर्तन आएको छ भनि तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ । जसलाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

**तालिका ४.२२**

**कुखुरापालन व्यवसायीले वार्षिक आयबाट शिक्षामा गरेको लगानी २०७१/२०७२**

| वर्ष | वार्षिक कुल आम्दानी | आम्दानीमा भएको वृद्धिदर | शिक्षामा गरेको कुल लगानी | शिक्षामा गरेकोलगानीको प्रतिशत | शिक्षाको लागानीमा भएको वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| २०७१ | ४८,९७,७५० | ................ | २,००,००० | ४.०८ | ................. |
| २०७२ | ५३,९९,२५० | १०.२४ | ३,५०,००० | ६.४८ | २.४० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.२२ मा कुखुरापालन व्यवसायीको २०७१ र २०७२ सालमा आम्दानीमा भएको वृद्धि र शिक्षामा गरिएको लगानीमा भएको वृद्धिलाई देखाइएको छ। तालिका अनुसार २०७१ सालभन्दा २०७२ सालमा व्यवसायीको आम्दानीमा १०.२४ प्रतिशत वृद्धि भएको छ र शिक्षामा गरिएको लगानीमा पनि २.४० प्रतिशतले वृद्धि भएको देखिएको छ। यसबाट कुखुरापालन व्यवसायले शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ भन्न सकिन्छ। अब कुखुरापालन व्यवसायमा संलग्न कामदारहरुले आफ्नो वार्षिक आयबाट शिक्षामा गरेको दुई वर्षको लगानी लाई तलको तालिकाबाट प्रष्ट पारिएको छ।

**तालिका ४.२३**

**कुखुरापालन व्यवसायमा संलग्न कामदारले वार्षिक आयबाट शिक्षामा गरेको लगानी २०७१/२०७२**

| वर्ष | वार्षिक कुल आम्दानी | आम्दानीमा भएको वृद्धिदर | शिक्षामा गरेको कुल लगानी | शिक्षामा गरेको लगानीको प्रतिशत | शिक्षाको लागानीमा भएको वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| २०७१ | २,६४,००० | ................. | ३५,००० | १३.२५ | ................. |
| २०७२ | २,८८,००० | ९.०९ | ५०,००० | १७.३७ | ४.१२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२३ मा कुखुरापालन व्यवसायमा कार्यरत कामदारहरुले आफ्नो वर्षिक आम्दानीबाट शिक्षामा गरेको लगानीको तुलनात्मक अध्ययन गरिएको छ। कामदारको आम्दानी २०७१ सालको तुलनामा २०७२ सालमा ९.०९ प्रतिशतले वृद्धि भएको छ भने शिक्षामा गरिएको लगानीमा पनि ४.१२ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस तालिकाबाट कुखुरापालन व्यवसायले शिक्षामा सकारात्मक प्रभाव पारेको कुरा प्रष्ट हुन्छ।

### ४.१० व्यवसायी तथा कामदारको परिवारका अध्ययनरत सदस्यको विवरण (Details of Studying Members)

यस रमेश पोल्ट्री फर्मका व्यवसायी तथा कामदारका परिवारका अध्ययनरत सदस्यहरुको विवरण तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**व्यवसायीका परिवारका अध्ययनरत सदस्यको विवरण-२०७१/२०७२**

| क्र.सं | लिङ्ग | अध्ययनरत कक्षा | | विद्यालयको प्रकार |
|---|---|---|---|---|
| | | २०७१ साल | २०७२ साल | |
| १. | छोरी | १० | ११ | निजी |
| २. | छोरा | ३ | ४ | निजी |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.२४ लाई अध्ययन गर्दा रमेश पोल्ट्री फर्मका व्यवसायीको परिवारका २ जना सदस्य विद्यालय पढ्दै गरेको पाइयो । जस अर्न्तगत छोरी २०७१ सालमा कक्षा १० र २०७२ सालमा कक्षा ११ मा पढ्दै गरेको पाइयो भने छोराले २०७१ सालमा कक्षा ३ र २०७२ सालमा कक्षा ४ मा पढ्दै गरेको पाइयो । साथै फर्मका व्यवसायीका छोराछोरी दुवैलाई निजी विद्यालयमा पढाएको पाइयो ।

**तालिका ४.२५**

**कामदारका परिवारका अध्ययनरत सदस्यको विवरण-२०७१/२०७२**

| क्र.सं | लिङ्ग | अध्ययनरत कक्षा | | विद्यालयको प्रकार |
|---|---|---|---|---|
| | | २०७१ साल | २०७२ साल | |
| १. | पुरुष | १० | ११ | सरकारी |
| २. | महिला | ७ | ८ | सरकारी |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.२५ लाई अध्ययन गर्दा रमेश पोल्ट्री फर्ममा कार्यरत कामदारका परिवारका २ जना सदस्य विद्यालय पढ्दै गरेको पाइयो । जस अर्न्तगत छोरा २०७१ सालमा कक्षा १० र २०७२ सालमा कक्षा ११ मा र छोरीले २०७१ सालमा कक्षा ७ र २०७२ सालमा कक्षा ८ मा पढ्दै गरेको पाइयो । साथै फर्मका व्यवसायीका छोराछोरी दुवैलाई सरकारी विद्यालयमा पढाएको पाइयो ।

### ४.११ कुखुरापालन व्यवसायमा देखिएका समस्या (Problem of Poultry Firm)

कुनै पनि लगानीका क्षेत्रहरु तथा व्यवसायमा सबै राम्रा पक्षमात्र वा सकारात्मक पक्षमात्र रहेका हुँदैनन् । त्यसभित्र केही नराम्रा पक्षहरु पनि रहेका हुन्छन वा केही समस्याहरु पनि विद्यमान रहेका हुन्छन । यस्ता नराम्रा पक्ष तथा समस्याहरुलाई समयमा नै पहिचान गरि समस्याका उपायहरु पत्ता लगाउन सकेमा त्यस्ता कार्यले योजनावद्ध रुपमा अघि बढ्न तथा व्यवसायबाट बढी नाफा प्राप्त गर्न सहयोग गर्दछ । यस अध्ययनका क्रममा गरिएको स्थलगत अध्ययन अनुसार कुखुरापालन व्यवसायका समस्याहरु निम्नानुसार रहेको पाइयो ।

**१. तालिमको अभाव (Lack of Training)**

कुखुरापालन व्यवसायका लागि व्यवसायीहरुलाई आवश्यक तालिम तथा विविध जानकारी सजिलै प्राप्त नहुने समस्याले यस व्यवसाय गर्न ईच्छुक व्यक्तिलाइ अप्ठ्यारो हुने गरेको पाइयो । साथै बेला बेलामा देखापर्ने विविध रोग तथा महामारी सम्बन्धि जानकारी नहुँदा कुखुरापालन व्यवसायी मारमा परेको पाइयो ।

**२. ऋणको समस्या (Problem of Loan)**

कुखुरापालन व्यवसाय गर्न चाहने व्यवसायीलाई लगानीका लागि आवश्यक ऋण सहज र सरल तरिकाले नपाउनु यस व्यवसायको अर्को प्रमुख समस्या रहेको छ । यस कारणले व्यवसायीले लगानीका लागि चर्को व्याजदरमा व्यक्तिगत ऋण लिनुपर्ने र संस्थागत ऋण लिन पनि झन्झटिलो रहेको पाइयो ।

**३. समयमा चल्ला नपाउने समस्या (Lack of Chick In Time)**

यस सम्बन्धमा सम्बन्धित उत्तरदातासँग गरिएको अर्न्तवार्ताअनुसार कुखुरा विक्रि भैसकेपछि कहिलेकाहीँ समयमै चल्ला नपाउने समस्या आउने गरेको जसका कारण कामदार तथा व्यवसायी बेरोजगार रहनुपर्ने स्थिति आउने गर्दछ ।

**४. रोगको समस्या (Problem of Diseases)**

व्यवसायीसँग गरिएको छलफल अनुसार आफूले पनि कुखुरापालन व्यवसाय गर्नुपूर्व कुनै तालिम/परामर्श नलिएको र सरकारले पनि कुनै व्यवस्था नगरेको हुँदा सामान्य रोग पहिचान गर्न नसक्दा कुखुराहरु मर्ने गरेको र कहिलेकाहीँ वर्ड फ्लू जस्तो महामारी रोगका कारणले सबै कुखुरा मर्ने गरेको बताए ।

**५. विद्युतको समस्या (Problem of Electricity)**

व्यवसायीले दिएको जानकारी अनुसार कुखुराका चल्लालाई २४ सै घण्टा ताप तथा उज्यालोको आवश्यकता पर्दछ तर लोडसेडिङको समस्याले चल्ला मर्ने गरेको तथा अन्य वैकल्पिक उपाय अपनाउन पनि बढि खर्चिलो हुने गरेको बताए ।

**६. अस्थिर मूल्य (Unstable Price of Chicken)**

पोल्ट्री फर्मको लागत लाभलाई प्रभाव पार्ने अर्को तत्व कुखुराको अस्थिर मूल्य हो । नेपालमा कुखुराको मूल्यका कार्टेलिङको (Carteling) महत्पूर्ण भूमिका रहेको छ । आफ्नो उत्पादन तयार भएको बेला ठूला उद्योगीले उच्च मूल्य निर्धारण गर्दछन, यस्तो अवस्थामा साना र मध्यमस्तरका उद्यमीको पनि आम्दानी वृद्धि हुन्छ । तर अर्कोतिर भारतबाट ठूलो मात्रामा कुखरा आयात गरी पूर्ति गर्दा कुखुराको मूल्य घट्न गई मध्यम तथा साना व्यवसायिको आम्दानीमा कमी आउने गर्दछ । तसर्थ कुखुराको अस्थिर मूल्यले व्यवसायीको लाभलाई प्रभाव पार्दछ ।

**४.५.१२ अध्ययनको सारांश (Summary of the Study)**

प्रस्तुत अध्ययनमा काठमाडौँ जिल्लाको कीर्तिपुर न.पा.मा संचालित कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नका लागि विभिन्न विवरणहरुका आधारमा तथ्याङ्क संकलन गरी सुक्ष्म र गहन अध्ययन गरिएको थियो । कुखुरापालन व्यवसायको वर्तमान अवस्थाको पहिचान गर्नु, कुखुरापालन व्यवसायबाट प्राप्त हुने लाभको पहिचान गर्नु, कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु र कुखुरापालन व्यवसायले पारिवारिक शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु यस अध्ययनका उद्देश्यहरु रहेका थिए । उद्देश्य पूरा गर्नका लागि कीर्तिपुर नगरपालिका वडा नं ७ मा रहेका ९ वटा पोल्ट्री फर्महरुमध्ये १ वटा अर्थात ११.११ प्रतिशत बाट रमेश पोल्ट्री फर्मलाई नमूनाको रुपमा छनोट गरी कुखुरापालन व्यवसायको अवस्था, लागत, आय, लाभ र उक्त व्यवसायबाट प्राप्त आयको क्षेत्रगत लगानीका बारेमा विविध शीर्षकहरु निर्माण गरी तथ्याङ्क संकलन गरिएको थियो । यसरी प्राप्त गरिएको प्राथमिक र द्वितीय तथ्याङ्कका आधारमा विवरणको विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको थियो ।

प्राथमिक तथ्याङ्क संकलन गर्नका लागि नमूनाको रुपमा छनोट गरिएको फर्मका व्यवसायी, व्यवसायीका परिवार र फर्ममा कार्यरत कामदारहरुलाई विविध प्रश्नावली, अवलोकन फाराम, छलफल निर्देशिकाको माध्यमबाट अर्न्तवार्ता, स्थलगत अवलोकन र लक्षित समूह

छलफल संचालन गरिएको थियो भने द्धितीय तथ्याङ्क संकलन गर्न जि.वि.स. को कार्यलय, अर्थमन्त्रालय, पशु सेवा विभाग, नगरपालिका कार्यलय, विद्धानहरुका लेख रचना, पत्रपत्रिका र अन्य सरकारी तथा गैह्रसरकारी संस्थाबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कको सहायताको आधारमा गरिएको थियो । यसरी संकलन गरिएका तथ्याङ्कहरुलाई तालिका, स्तम्भचित्र र पाइचार्टमा प्रस्तुत गरिएको छ । यसरी विविध विवरणको माध्यमबाट संकलन गरिएको तथ्याङ्कलाई विश्लेषण गरी निकालिएको नतिजाको सारंशलाई तल बुँदागत रुपमा देखाइएको छ ।

- यस अध्ययनको नमूनाको रुपमा छनोटमा परेको रमेश पोल्ट्री फर्म वि.सं. २०७१ सालबाट शुरु गरिएको र शुरुवातमा सहकारी संस्थाबाट रु.५,००,००० बार्षिक १४ प्रतिशत व्याजदरमा ऋण लिएर २,५०० कुखुरा अट्ने २,५०० वर्ग मि.को खोरको वार्षिक रु.४०,००० तिर्ने गरी भाडामा लिएर व्यवसायको शुरु गरिएको पाइयो ।
- यस फर्मका व्यवसायी र कामदारको पारिवारिक विवरणलाई अध्ययन गर्दा व्यवसायीका परिवारमा ६ जना सदस्य रहेका जसमा ३ जना पुरुष र ३ जना महिला र कामदारको परिवारमा ४ जना सदस्य जसमा २ जना पुरुष र २ जना महिला रहेको पाइयो ।
- यस फर्मका व्यवसायीका परिवारमा १ जना निरक्षर, १ जना प्रा.वि.सम्म, २ जना मा.वि.सम्मको अध्ययन गरेको र १ जना प्रा.वि. र १ जना उच्च मा.वि. पढ्दै गरेको पाइयो । त्यस्तै गरी कामदारको परिवारमा १ जना निरक्षर, १ जना प्रा.वि. सम्मको अध्ययन गरेको पाइयो भने १ जना उच्च मा.वि. र १ जना नि.मा.वि. तहमा पढ्दै गरेको पाइयो ।
- फर्ममा आवश्यक चल्ला, दाना, औषधी, भ्याक्सिन र आवश्यक सामग्री दाउन्ने ह्याचरीबाट ल्याइदिने र कुखुराको खपत पनि उक्त ह्याचरीले नै गरिदिने गरेको पाइयो ।
- स्थलगत सर्वेक्षणबाट फर्ममा १ लट कुखुरा उत्पादन हुन ७-८ हप्ता लाग्ने र १ वर्षमा ५ लट कुखुरा पाल्ने गरेको र कुखुराको मृत्युदर औषत १० प्रतिशत हुने गरेको पाइयो । कुखुराको औषत मूल्य २०७१ सालमा रु १९५ र २०७२ सालमा रु २१५ रहेको र कुखुराको औषत तौल २.२ के.जी. हुने गरिएको पाइयो ।

- अध्ययनको नमूनाको रुपमा छनोटमा परेको रमेश पोल्ट्री फर्मको वार्षिक लागत २०७१ सालमा खोर भाडा रु.४०,०००, २ जना स्थायी कामदारको मासिक रु.११,००० का दरले वार्षिक रु.२,६४,००० र ब्याज रु.५६,००० गरी कुल स्थिर लागत रु.३,६०,००० कुल लागतको ९.३९ प्रतिशत लागेको पाइयो ।
- त्यस्तै गरी फर्ममा प्रतिलट २,५०० कुखुराका चल्ला किन्दा प्रतिचल्ला औषत रु ४७ का दरले प्रतिलट रु.१,१७,५०० र वार्षिक रु.५,८७,५००, दाना प्रतिलट २०० बोराको आवश्यकता पर्दोरहेछ, प्रतिबोरा रु.२,४९० का दरले एक लटमा रु.४,९८,००० र वार्षिक रु.२४,९०,०००, औषधीको प्रतिलट रु.४५,००० का दरले वार्षिक रु.२,२५,०००, धानको भुस प्रतिलट १५० बोराको रु १४० का दरले प्रतिलट रु.२१,००० वार्षिक रु.१,०५,०००, पानीको प्रतिलट ४ ट्याङ्कर (७,००० लि.) प्रतिट्याङ्कर रु.१,७०० का दरले एक वर्षमा रु.६,८००, काठको भुस प्रतिलट ४० बोरा रु.२९० का दरले २ लटको रु.२३,२००, विद्युत महशुल प्रतिलट ४० युनिटको रु.१२ का दरले वार्षिक रु.२,४०० र अन्य लागत प्रतिलट रु.२,००० का दरले वार्षिक रु.१०,००० गरी कुल परिवर्तनशील लागत रु.३४,७७,१०० कुल लागतको ९०.६१ प्रतिशत लागेको पाइयो ।
- कुल स्थिर लागत र कुल परिवर्तनशील लागत गरी २०७१ सालको कुल लागत रु.३८,३७,१०० लागेको पाइयो ।
- २०७२ सालको लागतलाई हेर्दा खोर भाडा रु.४०,०००, स्थायी कामदारको तलब मासिक रु.१२,००० का दरले वार्षिक रु.२,८८,००० र ब्याज रु.४२,००० गरी कुल स्थिर लागत रु.३,७०,००० कुल लागतको ९.३७ प्रतिशत लागेको पाइयो ।
- यसै गरी चल्लाको प्रतिचल्ला रु ५० का दरले प्रतिलट रु.१,२५,००० वार्षिक रु.६,२५,०००, दानाको प्रतिबोरा रु.२,५१५ का दरले प्रतिलट रु.५,०३,००० वार्षिक रु.२५,१५,०००, औषधी प्रतिलट रु.५०,००० का दरले वार्षिक रु.२,५०,०००, धानको भुस प्रतिबोरा १४८ का दरले वार्षिक रु.१,११,०००, पानीको प्रति ट्याङ्कर रु.१,८०० का दरले वार्षिक रु.३६,०००, काठको भुस रु.३०० प्रतिबोराका दरले २ लटको रु.२४,०००, विद्युत प्रतियुनिट रु.१५ का दरले प्रतिलट ४० युनिटको रु.६०० वार्षिक रु.३,००० र अन्य रु.२,००० प्रतिलटका दरले वर्षिक रु.१०,०००

गरी कुल परिवर्तनशील लागत रु.३५,७४,००० कुल लागतको ९०.६३ प्रतिशत लागेको पाइयो ।

- कुल स्थिर लागत रु.३,७०,००० र कुल परिवर्तनशील लागत रु.३५,७४,००० गरी २०७२ सालको कुल लागत रु.३९,४४,००० लागेको पाइयो ।
- फर्मको २०७१ सालको आय कुखुराको औषत मूल्य रु.१९५ र औषत तौल २.२ के.जी.का दरले प्रतिलट २,२५० कुखुरा विक्रीको प्रतिलट आय रु.९,६५,२५० वार्षिक रु.४८,२६,२५० कुल आयको ९८.५४ प्रतिशत र मल विक्रीबाट प्रतिलट रु.१४,३०० वार्षिक रु.७१,५०० कुल आयको १.४६ प्रतिशत गरी २०७१ सालको कुल आय रु.४८,९७,७५० रहेको पाइयो ।
- फर्मको २०७२ सालको आयलाई अध्ययन गर्दा कुखुराको औषत मूल्य रु.२१५ का दरले प्रतिलट रु.१०,६४,२५० कुल आयको ९८.५ प्रतिशत र मलको प्रतिबोरा रु १२० का दरले प्रतिलट रु.१५,६०० वर्षिक रु.७८,००० कुल आयको १.५ प्रतिशत गरी २०७२ सालको कुल आय रु.५३,९९,२५० रहेको पाइयो ।
- फर्मले प्राप्त गरेको लाभलाई अध्ययन गर्दा २०७१ सालको कुल आय रु.४८,९७,७५०, कुल लागत रु.३८,३७,१०० र कुल नाफा रु.१०,६०,६५० रहेको त्यसै गरी २०७२ सालको कुल आय रु.५३,९९,२५०, कुल लागत रु.३९,४४,००० र कुल नाफा रु.१४,५५,२५० रहेको पाइयो ।
- यस अध्ययनमा कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नका लागि नमूना छनोटमा परेको रमेश पोल्ट्री फर्ममा लगानी गरिएको पूँजीको सीमान्त क्षमता पत्ता लगाई व्यवसायीले ऋण लिँदा तिर्ने गरेको व्याजदरसँग तुलना गरिएको छ । जसअर्न्तगत २०७१ सालमा लगानी गरिएको पूँजीको सीमान्त क्षमता २७.६४ प्रतिशत र २०७२ सालमा लगानीको सीमान्त क्षमता ३६.८९ प्रतिशत रहेको पाइयो ।
- दुई वर्षको लागत पूँजीको औषत सीमान्त क्षमता पत्ता लगाउँदा ३२.२७ प्रतिशत रहेको पाइयो । जुन व्यवसायीले तिर्ने गरेको व्याजदर १४ प्रतिशतको तुलनामा १८.२७ प्रतिशतले बढी रहेको पाइयो । यसबाट वर्तमान समयमा कुखुरापालन व्यवसायमा लगानी गर्नु निकै फाइदाजनक रहेको पाइयो ।

- यस अध्ययनमा कुखुरापालन व्यवसायको शैक्षिक प्रभाव पत्ता लगाउनका लागि रमेश पोल्ट्री फर्मका व्यवसायी तथा कामदारले प्राप्त गरेको आम्दानीबाट शिक्षामा गरेको लगानी र उनीहरुको आम्दानीमा परिवर्तन हुँदा शिक्षा क्षेत्रमा गरिएको लगानीमा कस्तो परिवर्तन आएको छ भनेर २०७१ साल र २०७२ सालको शैक्षिक लगानीलाई तुलनात्मक अध्ययन गरिएको थियो । जसअर्न्तगत व्यवसायीले २०७१ सालमा शिक्षामा आफ्नो कुल आम्दानीको ४.०८ प्रतिशत र २०७२ सालमा कुल आम्दानीको ६.४८ प्रतिशत लगानी गरेको पाइयो । २०७१ सालमा भन्दा २०७२ सालमा व्यवसायीको आम्दानीमा १०.२४ प्रतिशतले वृद्धि भएको र शिक्षामा गरिएको लगानीमा पनि २.४० प्रतिशतले वृद्धि भएको पाइयो ।
- त्यस्तै गरी फर्मका कामदारले २०७१ सालमा आफ्नो कुल आयको १३.२५ प्रतिशत र २०७२ सालमा कुल आयको १७.३७ प्रतिशत शिक्षामा लगानी गरेको पाइयो । २०७१ मा भन्दा २०७२ सालमा कामदारको आम्दानीमा ९.०९ प्रतिशतले वृद्धि हुँदा शिक्षामा गरिएको लगानीमा ४.१२ ले वृद्धि भएको पाइयो । यसले कुखुरापालन व्यवसायले शिक्षामा सकारात्मक प्रभाव पारेको पाइयो ।
- कुखुरापालन व्यवसाय वर्तमान समयको एक लोकप्रिय र नाफामूलक व्यवसाय भएको छ । तर यस व्यवसायमा पनि विविध समस्या विद्यमान रहेको पाइयो । यस अध्ययनका क्रममा कुखुरापालन व्यवसाय गर्दा व्यवसायीलाई तालिमको अभाव, व्यवसाय संचालन गर्न आवश्यक ऋणको अभाव, समयमा चल्ला नपाउने समस्या, विविध रोगको समस्या, लोडसेडिङको समस्या तथा अस्थिर प्रकारको मूल्यजस्ता समस्या रहेको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

## ५ निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण अर्न्तगत यस अध्ययनमा काठमाडौं जिल्ला कीर्तिपुर न.पा. वडा नं ७ स्थित रमेश पोल्ट्री फर्मको लागत लाभ विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न विषयवस्तुहरुको उठान तथा तथ्यपरक सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाईएका निष्कर्ष र आवश्यक सुझावहरु समावेश गरिएको छ ।

### ५.१ निष्कर्ष (Conclusion)

नेपालमा रोजगारीका अन्य अवसरहरु कम भइरहेको वर्तमान सन्दर्भमा कुखुरापालन व्यवसाय मानिसको जीवन निर्वाहको आधार हुन पुगेकाले यसले व्यवसायी तथा कामदारको पारिवारिक, आर्थिक र शैक्षिक क्षेत्रमा साथै सामाजिक विकासमा पनि सकारात्मक प्रभाव पारेको देखिन्छ । कम लगानीमा धेरै नाफा प्राप्त गर्न सकिने भएकाले यो व्यवसायप्रति हाल सबैको चासो पर्न थालेको पाइन्छ । कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण अन्तर्गत यस अध्ययनमा काठमाडौं जिल्लाको कीर्तिपुर न.पा. वडा नं ७ मा रहेको रमेश पोल्ट्री फर्मका व्यवसायी, व्यवसायीका परिवार तथा उक्त फर्ममा कार्यरत कामदारहरुको जवाफबाट प्राप्त प्राथमिक सूचना र अन्य स्रोतबाट प्राप्त द्धितीय तथ्याङ्कहरुको अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्षमा पुगियो ।

- यस रमेश पोल्ट्री फर्म २०७० सालमा रु.५,००,००० वार्षिक १४% व्याजदरमा ऋण लिई २,५०० कुखुरा अट्ने खोर भाडामा लिई शुरु गरिएको पाइयो ।
- यस पोल्ट्री फर्मका व्यवसायीका परिवारमा ६ जना सदस्य, फर्ममा स्थायी रुपमा काम गर्ने २ जना कामदारहरु एउटै परिवारका र कामदारको परिवारमा ४ जना सदस्यहरु रहेको पाइयो ।
- यस फर्ममा आवश्यक चल्ला, दाना, औषधी लगायत आवश्यक सामग्री तथा तयारी कुखुराको खपत पनि दाउन्ने ह्याचरीले गरिदिएकाले बजारको समस्या नरहेको पाइयो ।

- यस फर्मको २०७१ सालको कुल स्थिर लागत रु.३,६०,००० कुल लागतको ९.३९ प्रतिशत, कुल परिवर्तनशील लागत रु.३४,७७,१०० कुल लागतको ९०.६१ प्रतिशत र कुल लागत रु.३८,३७,१०० रहेको पाइयो ।
- फर्मको २०७२ सालको कुल स्थिर लागत रु.३,७०,००० कुल लागतको ९.३८ प्रतिशत, कुल परिवर्तनशील लागत रु.३५,७४,००० कुल लागतको ९०.६२ प्रतिशत र कुल लागत रु.३९,४४,००० लागेको पाइयो ।
- फर्मको आय २०७१ सालमा कुखुरा विक्रीबाट रु.४८,२६,२५० कुल आयको ९८.५४ प्रतिशत र मलबाट रु.७१,५०० कुल आयको १.४६ प्रतिशत गरि कुल आय रु.४८,९७,७५० रहेको पाइयो ।
- त्यस्तै गरी २०७२ सालको कुल आय कुखुरा विक्रीबाट रु.५३,२१,२५० कुल आयको ९८.५ प्रतिशत, मलबाट रु.७८,००० कुल आयको १.५ प्रतिशत गरि कुल आय रु.५३,९९,२५० रहेको पाइयो ।
- यस रमेश पोल्ट्री फर्मको वार्षिक नाफा २०७१ सालको रु.१०,६०,६५० र २०७२ सालको रु.१४,५५,२५० रहेको पाइयो । २०७१ सालभन्दा २०७२ सालमा फर्मको कुल नाफामा रु.३,९४,६०० ले वृद्धि भएको पाइयो ।
- रमेश पोल्ट्री फर्ममा लगानी गरिएको पूँजीको सीमान्त क्षमतालाई अध्ययन गर्दा २०७१ सालमा लगानी गरिएको पूँजीको सीमान्त क्षमता २७.६४ प्रतिशत र २०७२ सालको पूँजीको सीमान्त क्षमता ३६.८९ प्रतिशत रहेको पाइयो र दुई वर्षमा लगानी गरिएको पूँजीको औषत सीमान्त क्षमता ३२.२७ प्रतिशत रहेको पाइयो ।
- व्यवसायी तथा कामदारले शिक्षामा गरेको लगानीलाई अध्ययन गर्दा व्यवसायीले २०७१ सालमा कुल आयको ४.०८ प्रतिशत, र २०७२ सालमा ६.४८ प्रतिशत र कामदारले २०७१ सालमा कुल वार्षिक आयको १३.२५ प्रतिशत र २०७२ सालमा १७.३७ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गरेको पाइयो ।
- कुखुरापालन व्यवसायबाट शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई अध्ययन गर्दा व्यवसायीको वार्षिक आम्दानीमा १०.२४ प्रतिशतले वृद्धि हुँदा शिक्षामा २.४० प्रतिशतले वृद्धि भएको पाइयो । त्यस्तै कामदारको आम्दानीमा वार्षिक ९.०९

प्रतिशतले वृद्धि हुँदा शिक्षा क्षेत्रमा गरेको लगानीमा ४.१२ प्रतिशतले वृद्धि भएको पाइयो ।

- कुखुरापालन व्यवसायमा तालिमको अभाव, आवश्यक ऋणको अभाव, समयमा चल्ला नपाउने समस्या, विभिन्न रोगको समस्या, लोडसेडिङको समस्या विद्यमान रहेको पाइयो ।
- समग्रमा यस अध्ययन पश्चात कुखुरापालन व्यवसायमा गरिएको लगानीबाट उच्च प्रतिफल प्राप्त गरेको पाइयो र यस व्यवसायबाट प्राप्त आम्दानीले शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पारेको पाइयो ।

### ५.२ सुझावहरु (Recommendations)

वर्तमान समयमा नेपालमा कुखुरापालन व्यवसाय दिन प्रतिदिन फस्टाई रहेको छ । यस व्यवसायबाट आगामी दिनमा मध्यमस्तरका श्रमशक्तिले रोजगारी प्राप्त गर्ने राम्रो अवसरको विकास हुने देखिन्छ । यसरी रोजगारीको एउटा भरपर्दो माध्यम बन्न सक्ने कुखुरापालन व्यवसायलाई अझ सरल, सुलभ र अझ भरपर्दो बनाउनु अति आवश्यक देखिन्छ । यस व्यवसायलाई थप मर्यादित, व्यवस्थित र उत्तम रुपमा विकास गर्न के गर्नुपर्दछ र कुखुरापालन व्यवसाय संचालन गर्दा झेल्नुपरेका समस्याहरु र ती समस्याका समाधानका उपायहरुका बारेमा केहि सुझावहरु पत्ता लगाउने प्रयास गरिएको छ । जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिसम्बन्धि सुझावहरु (Policy Related Recommendations)

कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्ने क्रममा गरिएको रमेश पोल्ट्री फर्मको लागत लाभ विश्लेषण गरिएको छ । पोल्ट्री फर्मको लाभलाई वृद्धि गराउनका लागि नीतिगत रुपमा सुधार गर्नका लागि निम्न सुझावहरु पेश गरिएको छ :-

१) सरकारले कुखुरापालन व्यवसायीलाई प्रोत्सहान गर्नका लागि कर छुट, विभिन्न किसिमका अनुदानहरु लगायतका अन्य सुविधाहरुको व्यवस्था गर्नुपर्दछ ।

२) कुखुरापालन व्यवसाय शुरु गर्दा व्यवसायीलाई रोग तथा महामारीका बारेमा जानकारी तथा आवश्यक तालिमको अभाव भएकाले सरकारले उद्योग व्यवसायका छाता संस्थाहरु मार्फत कुखुरापालन व्यवसायसँग सम्बन्धित सम्पूर्ण पक्षको Basic र Advance तालिम प्रदान गर्ने व्यवस्था गर्नुपर्दछ ।

३) व्यवसाय शुरु गर्ने क्रममा आवश्यक लगानीका लागि ऋण सुविधाको समस्या देखिएकाले सहज र सहुलियत दरमा संगठित स्रोतबाट ऋणको व्यवस्था गर्नुपर्दछ ।

४) देशको विभिन्न हावापानीमा उत्पादन गर्न सकिने कुखुराका जातको अनुसन्धान र विकास (Research and Development) गरी परामर्श (Counselling) दिनका लागि सरकारले अनुसन्धान, विकास र परामर्श केन्द्र (Research,Development and Counselling Unit) को स्थापना गर्नुपर्दछ ।

५) समयसमयमा कुखुरापालन व्यवसायलाई आवश्यक पर्ने गुणस्तरीय चल्ला, दाना तथा भ्याक्सिनको अभाव हुने गरेकाले सरकारीस्तरबाट स्वदेशमा नै चल्ला, दाना उत्पादन गर्ने ह्याचरी, फिड इण्डष्ट्रि तथा भ्याक्सिन उत्पादन गर्ने प्रयोगशाला (Lab) को स्थापना गर्नुपर्दछ ।

६) मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउनका लागि कुखुरापालन व्यवसायमा देखिएका समस्याको पहिचान र तत्काल समाधान गर्नका लागि पशुविभाग अर्न्तगत विज्ञहरुको घुम्ति टोली (Mobile Team) पठाउने व्यवस्था गर्नुपर्दछ ।

७) कुखुराको मूल्य केही ठूला व्यवसायी तथा अर्न्तराष्ट्रिय आयतमा निर्भर रहने गरेकाले कुखुरापालन व्यवसायीको आम्दानीलाई सु-निश्चित गर्नका लागि उचित मूल्य निर्धारण गर्नका लागि निजी तथा साझेदारी रुपमा मूल्य संयन्त्रको निर्माण गर्नुपर्दछ ।

८) देशमा रहेको चर्को लोडसेडिङको समस्याले गर्दा कुखुराको मृत्युदरमा वृद्धि भएको देखिन्छ । कुखुरापालन व्यवसायका लागि निरन्तर विद्युतको आवश्यकता पर्ने हुनाले लोडसेडिङको समस्यालाई न्यून गर्नका लागि सरकारी तवरबाट विद्युत क्षेत्रको लगानीमा वृद्धि गरी विद्युत उत्पादन बढाउनुपर्ने देखिन्छ ।

**५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations)**

कुखुरापालन व्यवसाय वर्तमान समयको फस्टाउँदो र बढी लाभदायक व्यवसायको रुपमा रहेको छ । यस व्यवसायको प्रयोगात्मक पक्षमा सुधार गर्न सकेको खण्डमा अझ बढी लाभ प्राप्त हुने देखिन्छ । यस व्यवसायको प्रयोगात्मक पक्षसँग सम्बन्धित सुझावहरु निम्नअनुसार रहेका छन् :-

१) कुखुरापालन व्यवसाय संचालन गर्ने व्यक्तिले आफ्नो उद्योग/व्यवसाय अनिवार्य रुपमा दर्ता गरी कुखुरा व्यवसायी संघको सदस्यता लिएर मात्र व्यवसाय संचालन गर्नुपर्दछ । जसले व्यवसायिका विविध समस्या समाधान गर्न सहयोग गर्दछ ।

२) कुखुरापालन व्यवसायीले आवश्यक जानकारी तथा तालिमबिना नै व्यवसाय शुरु गर्ने गरेकाले उचित लाभ लिन नसकेकाले आवश्यक तालिम लिएर मात्र व्यवसाय शुरु गर्नुपर्दछ ।

३) व्यवसायीले व्यवसायका लागि आवश्यक पर्ने लगानीका लागि व्यक्तिगत तथा चर्को व्याजदरमा ऋण लिने गरेकाले व्यक्तिगत ऋणभन्दा संस्थागत ऋण लिनुपर्दछ ।

४) व्यवसायीहरुले उच्च लाभ प्राप्त गर्नका लागि उन्नत जातका चल्ला र गुणस्तरीय दानको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५) कहिलेकाहीँ कुखुरामा विभिन्न किसिमका महामारी फैलिएर कुखुरा मर्ने हुनाले व्यवसायीले रोग तथा महामारीको बारेमा आवश्यक जानकारी तथा नियन्त्रणका उपायहरुका बारेमा अभ्यस्त भई सोहीअनुरुप कार्य गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ **आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Rearch Related Recommendations)**

कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नका लागि कीर्तिपुर नगरपालिका वडा नं. ७ स्थित रमेश पोल्ट्री फर्मबाट आवश्यक तथ्याङ्क संकलन गरि उक्त फर्मको लागत लाभ विश्लेषण गरियो । यस अध्ययन एउटा फर्मसँग मात्र सम्बन्धित रहेको छ । कुखुरापालन व्यवसायसँग सम्बन्धि अध्ययन गर्न चाहने अन्य अनुसन्धानकर्ताले निम्न बुँदाहरुलाई आधार बनाउन सक्ने देखिन्छ ।

१) कुखुरापालन व्यवसायले स्थानीय जनताको सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव बारेमा अनुसन्धान गर्न सकिनेछ ।

२) कुखुरापालन व्यवसायले पारिवारिक तथा राष्ट्रिय अर्थतन्त्रमा गरेको योगदानका बारेमा अध्ययन गर्न सकिनेछ ।

३) कुखुरापालन व्यवसायले सिर्जना गरेको बजारीकरण र रोजगारको अवस्थाका बारेमा अध्ययन गर्न सकिनेछ ।

# सन्दर्भ सामग्री (References)


अर्थमन्त्रालय (२०७२), *आर्थिक सर्वेक्षण* २०७२/२०७३, काठमाडौं : अर्थमन्त्रालय, नेपाल सरकार ।

अर्याल, डोर बहादुर (१९९९), *थानकोट क्षेत्रको ब्रोइलर फर्मको लागत लाभ विश्लेषण* एक अध्ययन, मानविकी संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.,कीर्तिपुर ।

कार्की, निराजन विक्रम (२०१०), *दुग्ध किसानहरुका लागि दुग्ध उत्पादनको लागत* एक अध्ययन, मानविकी संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि.,कीर्तिपुर ।

कायस्थ, किशोरप्रसाद (२०६८), *कुखुरा पालन पुस्तिका,* ललितपुर : कृषि तथा सहकारी मन्त्रालय पशु सेवा विभाग ।

कीर्तिपुर नगरपालिका (२०७३), *वार्षिक नगर विकास योजना ,* कीर्तिपुर : नगरपालिका ।

घिमिरे, वी.पी. र कार्की, एस.वी. (२०६८), *ग्रामीण विकास र सहकारी व्यवस्थापन,* काठमाडौं : एसिया पब्लिकेसन्स् प्रा.लि.।

जिल्ला विकास समिति (२०७०), *काठमाडौं जिल्लाको संक्षिप्त चिनारी,* काठमाडौं : जिल्ला विकास समिति ।

जिल्ला विकास समिति (२०१६), www.DDC.kathmandu.

जोशी, श्याम (२०६१), *सुक्ष्म एवं समष्टि अर्थशास्त्र विश्लेषण,* काठमाडौं : तलेजु प्रकाशन ।

दाहाल, महेशराज र पौडेल, मीनराज (२०७०), *आर्थिक विश्लेषण,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

दाहाल, महेशराज र पौडेल, मीनराज (२०७०), *नेपालको अर्थशास्त्र र परिमाणात्मक पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

नेपाल, ज्ञानमणी (२०५५), *नेपालनिरुपण,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

निरौला, निकास (२०७१), *कुखुरा पालन व्यवसायको लगानी, आय र नाफानोक्सान* एक अध्ययन, शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

पासा, बासु (२०५०), *कीर्तिपुर,* काठमाडौं : अक्सफोर्ड बुक्स प्रा.लि. ।

पौडेल, मीनराज (२०७१), *बृहत अर्थशास्त्र,* काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

पौडेल, मीनराज र नेपाल प्रांशु (२०७१), *व्यावसायिक अर्थशास्त्र,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

भट्ट, सिद्धराज, दाहाल श्याम र अधिकारी विष्णु कुमारी (२०६९), *विकास तथा योजना अर्थशास्त्र,* कीर्तिपुर, काठमाडौं : क्वेष्ट पब्लिकेशन ।

राष्ट्रिय योजना आयोग (२०७१), *तेह्रौं योजना,* काठमाडौं : राष्ट्रिय योजना आयोग , नेपाल सरकार ।

लुइटेल, चक्रपणि (२०७०), *विकास अर्थशास्त्र तथा नेपालको अर्थतन्त्र,* काठमाडौं : प्रधान बुक्स हाउस ।

शर्मा, वंशी (२०७०),*वर्डफ्लू रोगबारे जानकारी,* ललितपुर : कृषि सूचना तथा सञ्चार केन्द्र ।

शिवाकोटी, ध्रुवराज र पौडेल, मीनराज (२०६७), *आर्थिक विश्लेषण,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि.।

शिवाकोटी, ध्रुवराज र श्रेष्ठ, प्रकाश (२०७०), *ग्रामीण अर्थशास्त्र,* काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि.।

Due, John.F. (1968), *Government Finance and Economics of Public Section* , Irwin Dorsely Ltd.

Gautam, G.P.9 (1991), *Cost benefit Analysis of Improved Cow Farming in Pokhara Municiplity*, Unpublished dissertation of M.A. Submitted to Centrel Department of Economics, T.U.

Hamal, K.B. (1976), *Cost Analysis of Tobacco Production in Mahottari*, Unpublished dissertation of M.A. Submitted to Centrel Department of Economics, T.U.

Mulmi, Kamal Das (1981), *Poultry farming in Nepal*: a case study of Joshi Poultry firm and Khumaltar Poultry firm, Kathmandu.

Neupane, D. and Pradhan, S.M. (2068), *study of Production and Marketing System of Egg, Meat and Value Added Product of Commercial Poultry in Chitwan and Kathmandu Valley,* Lalitpur : Nepal Agriculture Research Council.

Pradhan, Shrestha and Poudel (2068), Lalitpur : *Nepal Agriculture Research Council*.

Sapkota, Bimala (2002), S0cio – Economic Aspect of Poultry Farming: a Case Study of Broiler Farming in Chitwan.

# अनुसूची (Appendices) - १

## व्यवसायीलाई सोधिने प्रश्नावली

उद्यमीको नाम थर :...............................लिङ्ग : ..................    उमेर :..............

नगरपालिका :.............................    वडा नं. ............. जिल्ला : .....................

उमेर : ........

**पारिवारिक विवरण :**

| क.सं. | नाम | उमेर | लिङ्ग | शिक्षा |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

१. तपाँईले कुखुरापालन व्यवसाय गर्नुभन्दा अगाडि के पेशा गर्नुहुन्थ्यो ?

क. खेती    ख. व्यापार

ग. जागिर    घ.अन्य

२. उक्त व्यवसाय/पेशाबाट मासिक कति आम्दानी गर्नुहुन्थ्यो ?

क.५-१० हजार    ख.१०-२० हजार

ग.२०-३० हजार    ग. अन्य भए कति............हजार

३. तपाँईले किन कुखुरापालन व्यवसाय नै संचालन गर्नुभयो ?

.........................................................................................

४. तपाँईले कुखुरापालन व्यवसाय प्रारम्भ गर्नुभएको कति वर्ष भयो ?

..........................................................................................

५. तपाँईले कुखुरापालन प्रारम्भ गर्दा कति लागतबाट शुरु गर्नुभएको हो ?

..................................................................................

६. तपाइँले कुखुरापालन प्रारम्भ गर्दा लगानीको स्रोत कसरी कहाँबाट जुटाउनभयो ?

..........................................................................................

७. ऋणको वार्षिक व्याजदर कति छ ?

....................................................................................................

८. तपाइँले कुखुरापालन प्रारम्भ गर्दा कति वटा कुखुराबाट शुरु गर्नुभएको हो ?

....................................................................................................

१०. हाल तपाइँको फर्ममा कति वटा कुखुरा छन् ?

..........................................................................................

११. तपाइँले कुन कुन जातका कुखुरा पाल्नुभएको छ ?

क) लोकल ख) ब्रोइलर

ग) गिरीराज घ) अन्य

१२. जग्गा आफ्नै हो कि भाडामा लिनुभएको हो ?

................................................................................

१३. कति कुखुरा अट्ने खोर निर्माण गर्नुभएको छ ?

................................................................................

१४. खोर निर्माण गर्दा कति खर्च लगाउनुभएको थियो ?

................................................................................

१५. तपाईको फर्ममा कति जना कामदार रहेका छन ?

.......................................................................................

१६. कामदारलाई कति कति तलब दिनुहुन्छ ?

...............................................................................

१७. कुखुरापालन लागि के के कच्चापदार्थको आवश्यकता पर्छ ?

.......................................................................................

१८. कुखुरा लागि आवश्यक दाना कहाँबाट ल्याउनुहुन्छ ?

.......................................................................................

१९. मासिक दानामा कति खर्च हुन्छ ?

.............................................................................................

२०. औषधी तथा खोपमा यो वर्ष कति खर्च भयो ?

............................................................................

२१. हाल कुखुरा मूल्य प्रति के.जी कति रुपैया रहेको छ ?

..............................................................................................

२२. २०७२ सालमा कति रकमको कुखुरा बेच्नुभयो ?

...................................................................................................

२३. तपाइँले कुनै प्रकारको कर तिर्नुहुन्छ कि तिर्नुहुदैन ? तिर्नुहुन्छ भने कति तिर्नुहुन्छ ?

.................................................................................................

२४. २०७२ सालमा कति रकमको मल बेच्नुभयो ?

...................................................................................................

२५. फर्मबाट प्राप्त आयलाई के के मा खर्च गर्नुहुन्छ ?

......................................................................................................

२६. कुखुरापालन व्यवसायका मुख्य मुख्य समस्याहरु के के छन् ?

........................................................................................................

२७. कुखुरापालन गर्न चाहने नयाँ व्यक्तिलाई के सल्लाह दिनुहुन्छ ?

.......................................................................................................

२८. कुखुरापालन व्यवसायबाट प्राप्त आम्दानीलाई मूख्य के-के मा कति खर्च गर्नुहुन्छ

| क्र.सं. | शीर्षक | रु.हजारमा |
|---|---|---|
| १. | खाना | |
| २. | लत्ताकपडा | |
| ३. | स्वास्थ्य | |
| ४. | शिक्षा | |
| ५. | भौतिक सुविधा | |
| ६. | अन्य | |

२९. औषत कुखुरा कति के.जी. सम्मको हुन्छ ?

क) १-२ के.जी. ख) २-३ के.जी.

ग) ३-४ के.जी. ग) ४-५ के.जी

३०. तपाइँका छोराछोरी कस्तो स्कुलमा पढाउनुभएको छ ?

क) सरकारी ख) निजी

३१. तपाईका छोराछोरीको पढाइका लागि वार्षिक कति कति शुल्क तिर्नुहुन्छ ?

| क.स. | कक्षा | वार्षिक शुल्क रु.हजारमा |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

३२. कुखुरापालन व्यवसायमा आइपर्ने समस्या समाधान गर्नका लागि सरकार वा सम्बन्धित निकायले कस्तो खालको नीति ल्याउनुपर्ने देख्नुहुन्छ ?

.............................................................................................................

३३. यो व्यवसायमा अझ के सुधार गर्न चहानुभएको छ ? जसबाट भविष्यमा अझ बढी नाफा प्राप्त गर्न सकियोस ।

.............................................................................................................

३४. कुखुरापालन व्यवसायले तपाँइको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

.............................................................................................................

३५. कुखुरापालन व्यवसाय गर्दा ध्यान दिनुपर्ने कुराहरु के के हुन ?

- ..................................................................
- ..................................................................
- ..................................................................
- ..................................................................
- ..................................................................

## अनुसूचि (Appendices) - २

## कामदारलाई सोधिने प्रश्नावली

१. तपाइँले यो फर्ममा काम गरेको कति वर्ष भयो ?

.............................................................................

२. मासिक कति तलब लिनुहुन्छ ?

.............................................................................

३. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

.............................................................................

४. तपाइँको अनुभवमा कुखुरापालन व्यवसायबाट कस्तो फाइदा हुने देख्नुहून्छ ?

.............................................................................

५. कुखुरापालन गर्दा कस्ता कस्ता समस्याहरु आइपर्ने रहेछन ?

.............................................................................

६. तपाइको विचारमा यस्ता समस्याहरु समाधान गर्नका लागि सरकार वा सम्बन्धित निकायले के कस्ता नीति ल्याउनुपर्दछ ?

.............................................................................

### कामदारको पारिवारिक विवरण तालिका

| क्र.सं. | उमेर | लिङ्ग | वैवाहिक स्थिति | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

# अनुसूचि (Appendices) - ३

## व्यवसायीका परिवारलाई सोधिने प्रश्नावली

१. तपाईँहरुले कुखुरापालन व्यवसाय शुरु गर्नुभन्दा अगाडी के पेशा/व्यवसाय गर्नुहुन्थ्यो ?

..........................................................................................................

२. कुखुरापालन व्यवसाय शुरु गर्नुभएको कति वर्ष भयो ?

..........................................................................................................

३. कुखुरापालन व्यवसायबाट कस्तो प्रतिफल प्राप्त गर्नुभएको छ ?

(क) राम्रो (ख) ठिकै (ग) घाटा

४. तपाईँको परिवारमा कुखुरापालन व्यवसायले कस्तो प्रभाव पारेको छ ?

(क) राम्रो (ख) ठिकै (ग) नराम्रो

५. कुखुरापालन व्यवसायले परिवारको कुन-कुन क्षेत्रमा प्रभाव पारेको छ ?

(क) उपभोग (ख) शिक्षा (ग) स्वास्थ्य (घ) सबै क्षेत्र

६. कुखुरापालन गर्दा कस्ता कस्ता समस्याहरु आइपर्ने रहेछन ?

..........................................................................................................

७. तपाइको विचारमा यस्ता समस्याहरु समाधान गर्नका लागि सरकार वा सम्बन्धित निकायले के कस्ता नीति ल्याउनुपर्दछ ?

## अनुसूचि (Appendices) - ४

### अवलोकन सूचि

१. व्यवसायको वर्तमान अवस्था

२. व्यवसायिको पारिवारिक अवस्था

३. कामदारको अवस्था

४. फर्मको स्थिती

५. फर्मको सरसफाई

६. व्यवसाय संचालन गर्ने तरिका

## अनुसूचि (Appendices) - ५

## लक्षित समूह छलफल निर्देशिका

१) लक्षित समूह छलफल संचालन गर्नुभन्दा पहिले ६-१० जनाकासम्मको समूह निर्माण गर्नुपर्दछ ।

२) समूह निर्माण गर्दा एउटै पृष्ठभूमि भएका व्यक्तिहरुको समूह बनाउनुपर्दछ ।

३) लक्षित समूह छलफलको लागि बनाइएका प्रश्नहरु खुल्ला रुपमा समावेश हुनुपर्दछ ।

४) लक्षित समूह छलफलको लागि स्थान निर्माण गर्नुपर्दछ ।

५) छलफलमा एकजना मोडरेटर र एक जना नोट टेकर को आवश्यकता पर्दछ ।

६) छलफमा आएका प्रश्न तथा उत्तरलाई टिपोट गर्नुपर्दछ ।

७) टिपोट गरिएका संकलित तथ्याङ्कलाई व्याख्या विश्लेषण गर्नुपर्दछ ।

**लक्षित समूह छलफलका लागि तयार गरिएको प्रश्नावली**

१) कुखुरापालन व्यवसायमा आइपर्ने समस्याहरु के के हुन?

२) कुखुरापालन व्यवसायमा सरकार वा सम्बन्धित पक्षले के के गर्नुपर्ने देख्नुहुन्छ ?

३) यो व्यवसायमा अझ सुधार गर्नुपर्ने पक्षहरु के के छन ?

४) कुखुरापालन व्यवसायमा देखापर्ने मुख्य रोगहरु के के हुन ?

# अनुसूचि (Appendices) - ६

Total Cost = TFC+TVC

Where,

TC = Total Cost

TFC = Total Fix Cost

TVC = Total Variable Cost

$$LAC = \frac{LTC}{Q}$$

$$LMC = \frac{\Delta LTC}{\Delta Q}$$

Where,

LMC = Longrun Marginal Cost

$\Delta LTC$ = Change in Longrun Total Cost

$\Delta Q$ = Change in Unit of Production

ATC = SAVC + SAFC

ATC = SAVC + SAFC